












**प्रकाशक**

## शितगंगा नगरपालिका
## ठाडा, अर्घाखाँची

# हाम्रो शितगंगा
# स्थानीय पाठ्यक्रम
## २०८०
## (कक्षा १-८)






हाम्रो शितगंगा (आधारभूत तहको स्थानीय पाठ्यक्रम)
**प्रकाशक :** शितगंगा नगरपालिका, अर्घाखाँची
**संस्करण:** पहिलो (२०८०)
**सर्वाधिकार :** शितगंगा नगरपालिका

# हाम्रो भनाइ

आजको २१ औं शताब्दीमा विद्यार्थीहरूले विश्व परिवेशमा भएका विषयवस्तुहरूको जानकारीसँगै स्थानीय परिवेशका बारेमा पनि जानकार हुन आवश्यक हुन्छ । स्थानीय परिवेश, रहनसहन, प्राकृतिक, धार्मिक तथा सांस्कृतिक स्रोतसाधनहरूको पहिचान गरी त्यसको महत्वलाई नबुझि शिक्षाको उद्देश्य पूरा हुन सक्दैन् र तिनीहरूको दिगो संरक्षण पनि हुन सक्दैन् । त्यसकारण यस शितगंगा नगरपालिकाले स्थानीय आवश्यकताका विषयवस्तुहरूलाई समेटेर स्थानीय विषयको पाठ्यक्रम **हाम्रो शितगंगा कक्षा १-८, २०८०** निर्माण गरी प्रकाशनसँगै नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण विद्यालयहरूमा लागू गर्न लागेकोमा मलाई अत्यन्तै खुसी लागेको छ ।

यस नगरपालिकामा विभिन्न महत्त्वपूर्ण शैक्षिक, धार्मिक, सांस्कृतिक केन्द्रहरू रहेको बहुजातीय, बहुभाषिक संस्कृति भएको, यस्तो पहिचानलाई औपचारिक विद्यालय शिक्षामा समावेश गरिएकाले यो पाठ्यक्रम महत्त्वपूर्ण रहेको छ । यसका लागि स्थानीय स्तरमा व्यक्ति, समुदाय र सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गरी स्थानीय सम्पदाको महत्त्वलाई शिक्षाको मूलधारमा ल्याउन गरिएको प्रयास उदाहरणीय रहेको छ । यस पाठ्यक्रमले आधारभूत तहमा (कक्षा १-८) अध्ययनरत विद्यार्थीलगायत स्थानीय समुदायलाई समेत आफ्नो प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा भाषिक सम्पदाहरूको संरक्षण र सम्वर्धन गर्दै भविष्यमा आइपर्न सक्ने प्रकोप र विपद्का असरहरू न्यूनीकरण गर्नसमेत अभिप्रेरित गर्नेछ भन्ने मैले विश्वास राखेको छु । स्थानीय पेसा, प्रविधि तथा सम्पदाको आवश्यकता र महत्त्वलाई बुझेर यस पाठ्यक्रमको लेखन तथा सम्पादनमा संयोजन गर्नुहुने नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखा, प्रधानाध्यापक, विषयगत शिक्षकहरू तथा सरोकारवालाहरूलाई धन्यवाद ज्ञापन गर्दछु । पाठ्यक्रमको ढाँचा निर्माण गरी मूर्त रूप दिन सहयोग पुऱ्याउने त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक डा.शालिकराम पौड्याललाई हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यसैगरी नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडाध्यक्षहरू, स्थानीय शिक्षाविद्, शिक्षाप्रेमी सम्पूर्ण महानुभावहरूले आआफ्नो क्षेत्रबाट पुऱ्याउनुभएको सहयोगप्रति आभार प्रकट गर्दछु । यस पाठ्यक्रम निर्माणको सुरुवाती चरणबाट अन्त्यसम्म सहभागी भई गहन अध्ययन गरी सुझाव दिनुभएकोमा विषयविज्ञहरूप्रति पनि कृतज्ञताज्ञापन गर्दछु ।

अन्त्यमा, यसमा कुनै कमीकमजोरी भएमा विज्ञ विद्वत्वर्गको सुझावसहित आगामी दिनमा संशोधन गरिँदै लगिने छ । साथै यो पाठ्यक्रम यस नगरपालिकाका सम्पूर्ण विद्यालयहरूले प्रभावकारी रूपमा कार्यान्वयन गर्ने कुरामा म विश्वस्त छु ।

....................
नगरप्रमुख
शितगंगा नगरपालिका, अर्घाखाँची

# विषयसूची

## पहिलो खण्ड
## प्रारम्भिक


१.१ स्थानीय पाठ्यक्रमको सन्दर्भ र अवधारणा
१.२ स्थानीय पाठ्यक्रमको अभ्यास
१.३ स्थानीय पाठ्यक्रमको औचित्य
१.४ स्थानीय पाठ्यक्रमको ढाँचा र सक्षमता
१.५ निर्माण विधि एवम् प्रक्रिया


## दोस्रो खण्ड
## आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रम


२.१ परिचय
२.२ विषयवस्तुको क्षेत्र र क्रम तथा विस्तृतीकरण
२.३ शिक्षण सिकाइ सहजीकरण
२.४ विद्यार्थी मूल्याङ्कन


## तेस्रो खण्ड
## कार्यान्वयन


३.१ समय निर्धारण
३.२ पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया
३.३ पाठ्यक्रम परिमार्जन
३.४ अनुसूची

# पहिलो खण्ड
# प्रारम्भिक

## १.१ स्थानीय पाठ्यक्रमको सन्दर्भ र अवधारणा

पाठ्यक्रमको विकास ज्ञान तथा प्रविधिको विकास र विस्तार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भहरू, समसामयिक समाजका आवश्यकता, स्थानीय परिवेश तथा व्यक्तिका आवश्यकता समेतको सापेक्षतामा गरिन्छ । पाठ्यक्रम विकासमा भौगोलिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक आदि पक्षले समेत प्रभाव पारेको हुन्छ । पाठ्यक्रममा विषय तथा विषयवस्तुको छनोट गर्दा विशेष गरेर अन्तर्राष्ट्रिय रूपमा व्यापकता पाएको विषय र राष्ट्रिय आवश्यकताका विषयलाई मुख्य विषयको रूपमा लिइएको हुन्छ । राष्ट्रिय आवश्यकतालाई सान्दर्भिक रूपमा समावेश गर्न देशभित्रका फरक फरक स्थानका फरक फरक विशिष्टता तथा आवश्यकतालाई सम्बोधन गर्नुपर्दछ । यसका लागि राष्ट्रियस्तरमा निर्माण हुने पाठ्यक्रम मात्र पर्याप्त हुन नसक्ने भएकाले स्थानीय विषयका रूपमा पाठ्यक्रम ढाँचाभित्र निश्चित स्थान दिइएको हुन्छ ।

नेपालको भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक र धार्मिक विविधताले गर्दा केन्द्र तहबाट निर्माण गरिने पाठ्यक्रमले समग्र राष्ट्रको प्रतिनिधित्व गर्न नसक्ने अवस्था सिर्जना हुन्छ । देश विकासका विभिन्न पक्षमा सबै नागरिकका स्वामित्व र सहभागिता आवश्यक हुन्छ । शिक्षा क्षेत्रका सन्तुलित र समुचित विकासका लागि स्थानीय रुचि र आवश्यकतालाई सम्बोधन गर्न स्थानीय सरोकारवालाको प्रत्यक्ष सहभागिता आवश्यक हुन्छ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको मर्मअनुसार स्थानीय आवश्यकतालाई समेट्नका लागि स्थानीय पाठ्यक्रमका विकास र कार्यान्वयन आवश्यक छ । यसका लागि स्थानीय सरोकारवालालाई संलग्न गराइ सिकाइ सहजीकरण प्रक्रियामा स्थानीय स्रोत र विज्ञतालाई उपयोग गर्नुपर्दछ । नेपालमा विद्यालय शिक्षाका लागि तयार गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ र २०७१ ले शैक्षिक क्षेत्रमा देखापर्ने शैक्षिक मुद्दा र चुनौतीलाई सम्बोधन गर्न स्थानीय आवश्यकतामा आधारित शिक्षालाई विशेष जोड दिएका थिए । राष्ट्रिय पाठ्यक्रम तथा मूल्याङ्कन परिषद्ले सिफारिस गरेको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा पनि स्थानीय पाठ्यक्रमलाई महत्त्वपूर्ण स्थान दिनुपर्ने उल्लेख छ । स्थानीय पाठ्यक्रमका विकास तथा निर्माण प्रकिया र त्यसको प्रभावकारी कार्यान्वयनमा विद्यालय तथा स्थानीय तहलाई सहयोग पुऱ्याउने उद्देश्यले पाठ्यक्रम विकास केन्द्रको आधारमा स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ । यो स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा चासो राख्ने स्थानीय तहका जनप्रतिनिधि, प्रधानाध्यापक, शिक्षाविद्, शिक्षा अधिकृत, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारीलगायत स्थानीय पाठ्यक्रमसम्बद्ध सबैका लागि उपयोगी हुने विश्वास गरिएको छ । स्थानीय पाठ्यक्रमका उद्देश्य निम्नलिखित रहेका छन् :

(क) सबै सरोकारवालाहरूलाई स्थानीय पाठ्यक्रमको अवधारणा, सिद्धान्त र औचित्यसहित यसको आवश्यकता पहिचान गर्न सहयोग गर्नु ,

(ख) स्थानीय पाठ्यक्रमसम्बन्धी नीति तथा अभ्यासको समीक्षा गरी विद्यालय तहका लागि भावी योजना निर्माण र कार्यान्वयनका लागि सहजीकरण गर्नु ,

(ग) स्थानीय तहमा स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास, छनोट तथा कार्यान्वयनमा सहजीकरण गर्न ,

(घ) पाठ्यक्रम तथा पाठ्यपुस्तकसम्बन्धी नीतिगत व्यवस्थाको कार्यान्वयनमा सहयोग गर्नु ।

## १.२ स्थानीय पाठ्यक्रमको अभ्यास

नेपालमा स्थानीय पाठ्यक्रमका सम्बन्धमा ऐतिहासिक पृष्ठभूमि हेर्ने हो भने अनौपचारिक रूपमा परम्परादेखि चलनचल्तीमा रहेको पारिवारिक शिक्षासम्म पुग्न सकिन्छ । यसमा परिवारका ज्येष्ठ सदस्यले आफूभन्दा कनिष्ठ सदस्यलाई पेसागत ज्ञान र सिप दिने, पारिवारिक मूल्य मान्यता र चालचलन सिकाउने चलन थियो । गुरुकुल, गुम्बा, मदरसा, मुन्धुम जस्ता धार्मिक शिक्षामा गुरुले चेलालाई सिकाउने विषयवस्तु र सिकाइ प्रक्रियालाई समेत स्थानीय पाठ्यक्रमका रूपमा लिन सकिन्छ । औपचारिक शिक्षा सुरु भइसकेपछि नेपालमा राष्ट्रिय पाठ्यक्रमको

अवधारणाका प्रारम्भ भए पनि स्थानीय ठाउँमा पाइने शैक्षिक सामग्री, स्रोत साधन आदिका आधारमा देशभित्र पनि विविध प्रकारका विषयवस्तु र शिक्षण प्रक्रिया धेरै पछिसम्म अभ्यासमा रहेका देखिन्छन् । यसलाई पनि पाठ्यक्रमका स्थानीयकरणका रूपमा लिन सकिन्छ । वि.सं. २०२८ मा देशभरि शिक्षा पद्धतिलाई एकरूपता कायम गर्न राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु गरियो । यसले देशभरि एकै प्रकारको पाठ्यक्रम लागु गर्नुपर्ने आवश्यकता महसुस गरेपछि शिक्षामा अत्यधिक केन्द्रीकरण सुरु भएको आभास दिन्छ । यद्यपि यसप्रकारको केन्द्रीय पाठ्यक्रम भए पनि विभिन्न ऐच्छिक विषय राख्न पाउने प्रावधान, शिक्षण प्रक्रियाका क्रममा स्थानीय विषयवस्तुको उदाहरण दिन सकिने अवस्था आदिले स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने जमर्को गरेको देखिन्छ ।

नेपालमा औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरेअनुरूप साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङ्कको स्थानीय विषय वा मातृभाषा अध्ययन/अध्यापन गर्ने व्यवस्था गरेको थियो । उक्त प्रावधानको प्रभावकारी कार्यान्वयन हुन सकेन । पाठ्यक्रम विकास केन्द्रले नै विकास गरेका केही मातृभाषाका नमुना पाठ्यक्रम तथा पाठ्यपुस्तक सीमित विद्यालयले पठनपाठनमा ल्याए भने धेरै विद्यालयले अङ्ग्रेजी, अतिरिक्त गणित, कम्प्युटर जस्ता विषय अध्यापन गरेको पाइन्छ । प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ मा परिमार्जन भई स्थानीय पाठ्यक्रमलाई समेत विशेष महत्त्व दिँदै यसलाई कही व्यापक बनाउने कार्य भयो । परिमार्जित पाठ्यक्रममा मातृभाषा र स्थानीय विषयलाई निरन्तरता दिँदै पाठ्यभार वृद्धि गरी साप्ताहिक पाठ्यभार चार बनाइयो भने सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षामा २०/२० प्रतिशत भार स्थानीय अंशको रूपमा समावेश गर्ने व्यवस्था गरियो । स्थानीय पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउन सहयोग पुऱ्याउने उद्देश्यले स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका, २०६० समेत विकास गरियो । स्थानीय पाठ्यक्रमलाई माथिल्लो तहसम्म विस्तार गर्न उपयुक्त हुन्छ वा हुँदैन भन्ने कुरा निर्क्योल गर्न क्षेत्रीय प्रतिनिधित्व हुने गरी विभिन्न जिल्लामा अध्ययनसमेत गरियो । उक्त अध्ययन र विभिन्न क्षेत्रबाट प्राप्त सुझावको आधारमा आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९ मा साप्ताहिक ५ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषय समावेश गरिएको छ । कक्षा १-८ कै स्थानीय विषयलाई कार्यान्वयन गर्न सहयोग पुऱ्याउने गरी स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन स्रोत सामग्रीसमेत विकास गरिएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूपले आधारभूत तह (कक्षा १ देखि ३) मा मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप समावेश गरी पाठ्यघण्टा पाँच र वार्षिक कार्यघन्टा १६० कायम गरेको छ । यसैअनुरूप तयार गरिएको आधारभूत तह (कक्षा १ देखि ३) का एकीकृत पाठ्यक्रम २०७५ मा पाँच पाठ्यघण्टाको मातृभाषिक सिप/स्थानीय विषयवस्तुका लागि स्थानीय तहले नै पाठ्यक्रम विकास तथा छनोट गरी कार्यान्वयन गर्नुपर्ने उल्लेख गरिएको छ । त्यसैगरी राष्ट्रिय पाठ्यक्रम प्रारूपमा आधारभूत तहकै कक्षा ४-८ मा मातृभाषा वा अन्य कुनै स्थानीय विषयवस्तु पाठ्यघण्टा चार र कार्यघन्टा १२८ तोकिएको छ ।

पाठ्यक्रम संरचनामा स्थानीय पाठ्यक्रमका व्यवस्था भएपछि यसको प्रभावकारी कार्यान्वयनका लागि पाठ्यक्रम विकास केन्द्रले विभिन्न कार्यक्रममार्फत प्राविधिक तथा अन्य सहयोगसमेत प्रदान गर्द आएको छ । सम्बन्धित भाषिक समुदायको सहभागितामा मातृभाषाका नमुना पाठ्यसामग्री विकास गरिएको छ ।

राष्ट्रिय पाठ्यक्रमबाट मात्र विविधतायुक्त समाजका सबै आवश्यकता पूरा नहुने हुँदा विविध क्षेत्रको आवश्यकता पूरा गर्ने सैद्धान्तिक अवधारणाको आधारमा पनि स्थानीय पाठ्यक्रमको आवश्यकता महसुस गरी यसका प्रावधान राखिएको पाइन्छ । यसका लागि स्थानीय विषयवस्तु, स्थानीय स्रोत साधन, जनशक्ति आदिको उपयोग हुने भएकाले स्थानीय पाठ्यक्रमको आवश्यकता ठानिएको छ । यसले सबै क्षेत्रको विकासका लागि स्थानीय स्तरमा क्षमता विकास गर्ने पक्षलाई समेत जोड दिइन्छ । स्थानीय पाठ्यक्रमको प्रावधानले स्थानीय स्तरमा नै पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने क्षमता विकास गर्न सहयोग पुऱ्याउँछ भन्ने मान्यता स्थापित गर्न खोजको देखिन्छ । स्थानीय पाठ्यक्रम हुनका लागि मुख्य रूपमा निम्नलिखित तीन पक्षहरूलाई समावेश गरिएको छ :

**(क) स्थानीय आवश्यकता**

स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकता समेट्नुपर्दछ । स्थानीय समुदायको आवश्यकतालाई पहिचान गरी विकास गरिएको पाठ्यक्रमलाई मात्र स्थानीय पाठ्यक्रम भन्न सकिन्छ । यसका लागि पाठ्यक्रम विकास गर्ने क्रममा स्थानीय समुदायमा रहेका व्यक्तिका आवश्यकता सही तरिकाले पहिचान गर्न सक्नुपर्दछ । स्थानीय पाठ्यक्रम निर्माणका क्रममा सुझाव सङ्कलन गर्नका लागि स्थानीय जनप्रतिनिधि, विभिन्न क्षेत्रका स्थानीय विज्ञ, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, अभिभावक आदिसँग स्थानीय तहका वडा, बस्तीहरू समावेश गरी समूहगत तथा व्यक्तिगत छलफल, अन्तरक्रिया, प्रश्नोत्तर तथा निश्चित समूह केन्द्रित छलफल (**Local Group Discussion**) गरिएको छ ।

**(ख) स्थानीय विषयवस्तु**

स्थानीय पाठ्यक्रमको अर्को आधारभूत पक्ष भनेको स्थानीय विषयवस्तु हो । स्थानीय पाठ्यक्रम हो होइन भनेर जाँच्ने कसी भनेको स्थानीय विषयवस्तु हो । स्थानीय पाठ्यक्रम हुनका लागि जुन समुदायका लागि पाठ्यक्रम बनाइएको हो, त्यस समुदायमा आधारित स्थानीय ज्ञान, सिप, प्रविधि हुनु जरुरी छ । त्यसैले यस पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, ऐतिहासिक विषयवस्तु, स्थानीय सिपजस्ता विषयवस्तु समावेश गर्ने प्रयास गरिएको छ ।

**(ग) स्थानीय सहभागिता र विज्ञता**

स्थानीय पाठ्यक्रम विकासमा स्थानीयका सहभागितालाई पाठ्यक्रम विकास तथा परिमार्जनमा सुझाव दिने कार्यमा, पाठ्यक्रम लेखनमा विशेषज्ञको रूपमा, विभिन्न स्रोत साधन र सूचना उपलब्ध गराउने सूचना सम्प्रेषकका रूपमा विज्ञताको उपयोग गरिएको छ । यसैगरी पाठ्यक्रम कार्यान्वयन गराउने क्रममा कक्षाकोठाभित्र तथा बाहिर विद्यार्थीलाई विभिन्न क्रियाकलाप गराउन शिक्षकका रूपमा, स्रोत व्यक्तिका रूपमा, विद्यालय तथा शिक्षकलाई सल्लाह प्रदान गर्ने सल्लाहकारका रूपमा, विभिन्न सहयाग प्रदान गर्ने सहयोगीका रूपमा पनि सहभागिता बढाउन सकिन्छ । निम्नलिखित मान्यताका आधारमा यो स्थानीय पाठ्यक्रम तयार गरिएको छ :

- स्थानीय आवश्यकताका विषयवस्तु,
- स्थानीय विषयवस्तुमा आधारित,
- पाठ्यक्रम स्थानीय तहबाटै विकास गरिएको,
- स्थानीय भौतिक र मानवीय स्रोतको उपयोग,
- पाठ्यक्रमप्रति सरोकारवालाको अपनत्व,
- पाठ्यक्रम विकास र कार्यान्वयनमा पहुँच तथा प्रभावकारिता अभिवृद्धि,
- विद्यालय र समुदायको सम्बन्ध सुदृढ,
- न्यून मूल्यका स्थानीय सामग्रीका प्रयोग,
- सरोकारवालाको सक्रिय सहभागिता ।

स्थानीय पाठ्यक्रमले परम्परागत ज्ञान, सिप र प्रविधि तथा स्थानीय ज्ञानको उजागर गरेको छ । यसले स्थानीय ज्ञानको खोजी गर्दै नवीनतम् ज्ञान एवं सिपका विकासमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । स्थानीय मूल्य, मान्यता, रीतिरिवाज, संस्कार, संस्कृति, पेसा, व्यवसाय र प्रविधिको संरक्षण र संवर्द्धनमा सहयोग पुऱ्याउनुका साथै तिनको हस्तान्तरणमा यसले योगदान पुऱ्याउनेछ । स्थानीय पाठ्यक्रमले समुदाय र विद्यालयको सम्बन्ध सुधार हुने र अभिभावकले समेत पाठ्यक्रम कार्यान्वयनमा चासो राख्ने तथा पाठ्यक्रम कार्यान्वयनदेखि अनुगमन मूल्याङ्कनसम्मका कार्यमा स्थानीय सरोकारवालाको सक्रिय सहभागिता अभिवृद्धि हुने छ ।

## १.३ स्थानीय पाठ्यक्रमको औचित्य

स्थानीय स्तरका व्यवसाय, पेसा एवं रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्नु, नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण, संवर्द्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्नु, समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको

विकास गर्नु शिक्षाको राष्ट्रिय उद्देश्य हो । केन्द्रीय तहमा निर्माण गरिने पाठ्यक्रमबाट मात्र सोअनुरूपको उद्देश्य पूरा गर्न सम्भव नहुन सक्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश र सन्दर्भको अध्ययनबाट स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने स्थानीय पाठ्यक्रमको प्रावधान आवश्यक भइसकेको तथ्य विभिन्न अध्ययन तथा प्रतिवेदनहरूले औंल्याएका छन् । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहाय बमोजिमका बुँदाहरूमार्फत स्पष्ट पारिएको छ :

- पाठ्यक्रमका माध्यमबाट स्थानीय तहका आवश्यकतालाई सम्बोधन गरी सिकाइलाई व्यावहारिक र प्रभावकारी तुल्याउनु,
- एक स्थान/क्षेत्र/व्यक्तिको ज्ञानलाई अर्को स्थान/क्षेत्र/व्यक्तिमा अनुकरण गरी अनुभव साटासाट गरी उत्पादनमूलक ज्ञान, सिप, प्रविधिको विस्तार गर्नु,
- स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्द्धन गर्नु,
- स्थानीय कलाकौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरूपको व्यवहार गर्न सक्ने तुल्याउनु,
- स्थानीय आवश्यकतालाई सम्बोधन गर्न सक्ने भएकाले स्थानीय सरोकारवालालाई जिम्मवारी बोध गराउनु,
- भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक विविधतालाई सम्बोधन गर्नु,
- स्वावलम्बी एवं आत्मनिभर हुने ढङ्गको शिक्षा प्रदान गरी रोजगारउन्मुख नागरिक तयार गर्नु,
- आयआर्जन, श्रमप्रति सम्मान, कामप्रति लगाव बढाउन सहयोग पुऱ्याउनु,
- स्थानीय स्रोत र साधनको अधिकतम परिचालनबाट कम खर्चमा शिक्षा दिनु,
- स्थानीय विषयवस्तु समावेश गर्नुपर्ने आवश्यकतालाई सम्बोधन गर्ने,
- आधुनिक र बालमैत्री वातावरणमा सिकारुले व्यावहारिक ज्ञान लिने अवसर सिर्जना गर्नु,
- स्थानीय ज्ञान, सिप र प्रविधिलाई विश्वव्यापीकरण गर्नु,
- विश्वप्यापी ज्ञान, सिप र प्रविधिलाई स्थानीयकरण गर्नु,
- स्थानीय तहमा लुकेर बसेका ज्ञान, सिप र प्रविधिलाई उजागर गर्नु,
- परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई जगेर्ना गर्न र विकास गर्न सहयोग पुऱ्याउनु ।

राष्ट्रिय पाठ्यक्रम निर्माणमा सबै सरोकारवालाको संलग्नताको सम्भावना रहँदैन । त्यसमा स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सिप पूर्ण रूपले समेटिने सम्भावना पनि हुँदैन । अतः स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहका ज्ञान, सिप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्ने ज्ञान र सिपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यावहारिक र दक्ष जनशक्ति तयार गर्नुपर्छ । यसका लागि स्थानीय आवश्यकताका विषय/क्षेत्रलाई समावेश गरी सरोकारवालामा पाठ्यक्रमप्रति अपनत्वको भावना विकास गराउने उद्देश्यका साथ यो पाठ्यक्रम तयार गरिएको छ ।

नेपालमा सङ्घीय व्यवस्थाका माध्यमबाट आम जनसमुदायलाई नीति निर्माणमा अधिकाधिक सहभागी गराउने, उक्त नीतिनियमको कार्यान्वयन गराउने र त्यसको प्रतिफलसमेत जनसमुदायले नै उपभोग गर्न पाउने व्यवस्थालाई महत्त्व दिइएको छ । स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोतसामग्रीको संरक्षण, संवर्द्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्न र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिक तयार गर्दै शिक्षालाई स्थानीय परिवेशअनुरूप व्यवहारसँग जोड्ने मार्गचित्र तयार गर्नु यसको औचित्य रहेको छ ।

## १.४ स्थानीय पाठ्यक्रमको ढाँचा र सक्षमता

प्रस्तुत पाठ्यक्रममा मूलतः स्थानीय आवश्यकता, स्थानीय सहभागिता, स्थानीय विषयवस्तु र स्थानीय विज्ञतालाई समेटिएको छ । स्थानीय पाठ्यक्रम भनेको पनि राष्ट्रिय पाठ्यक्रमका एक अंश भएकाले यसको ढाँचा र स्वरूप सामान्यतया राष्ट्रिय पाठ्यक्रमको रूपमै राखिएको छ । जुनसुकै पाठ्यक्रममा पनि पाठ्यक्रमका मुख्य सिद्धान्तलाई अवलम्बन गरिएको हुनुपर्दछ । तसर्थ स्थानीय पाठ्यक्रममा पनि पाठ्यक्रममा रहनुपर्ने उद्देश्य, विषयवस्तु, कक्षागत सिकाइ उपलब्धि, शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कनको अंश रहनुपर्दछ । स्थानीय पाठ्यक्रममा यी तत्त्वहरू समावेश गरी उल्लेख गरिएको छ ।

पाठ्यक्रम निर्माण गर्ने पहिलो खुड्किलो नै तहगत सक्षमता/उद्देश्य निर्माण गर्नु हो । राष्ट्रिय पाठ्यक्रमको उद्देश्यसँग मेल खाने गरी स्थानीय पाठ्यक्रमको विषयगत र तहगत उद्देश्य निर्धारण गर्नुपर्छ । तहगत उद्देश्य साधारण उद्देश्य नै हो । तसर्थ यहाँ आधारभूत तहका सक्षमताहरू निम्नअनुसार रहेका छन् :

**आधारभूत तहका तहगत सक्षमता**

१) आफ्नो स्थानीय तहको भौगोलिक अवस्थिति बताउन ।
२) स्थानीय स्तरमा प्रचलित धार्मिक सांस्कृतिक चाडपर्व एवं परम्पराको जानकारी लिन ।
३) स्थानीय तहमा प्रचलित परम्परागत व्यावसायिक सिप, प्रविधि र त्यसको प्रवर्द्धन गर्न ।
४) स्वस्थ जीवनशैलीको अभ्यास र विकास गर्न ।
५) स्थानीय स्तरको मूल्य मान्यता तथा विगत र वर्तमान बोध गर्न ।
६) ऐतिहासिक, धार्मिक एवं पर्यटकीय स्थान विशेषको पहिचान र तिनको प्रवर्द्धन गर्न ।
७) प्राकृतिक तथा मानवजन्य विपत्तिहरूको पहिचान, न्यूनीकरण र सुरक्षाका उपाय पहिचान गर्न ।
८) स्थानीय तहका सामाजिक, राजनीतिक व्यक्तित्व एवं सङ्घसंस्थाहरूका बारेमा जानकारी लिन ।

**सक्षमता**

**कक्षा १**

१) आफ्नो परिचय, आफू बस्ने समुदायको नाम तथा आफू बस्ने वडा नम्बर बताउन ।
२) आफ्नो परिवारका सदस्यहरूप्रति शिष्ट व्यवहार गर्न ।
३) आफ्ना परिवारका सदस्यले गर्ने पेसा व्यवसायबारे बताउन ।
४) सूक्ष्म व्यायाम (औँला, हात, खुट्टा र आँखासम्बन्धी), पुतलीआसन गर्न र पद्मासनमा बस्न ।
५) आफ्नो समुदायमा पाइने खाद्यबाली तथा पौष्टिक आहारबारे बताउन ।
६) आफ्नो समुदायमा रहेका धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवं पर्यटकीय स्थलको नाम भन्न ।
७) स्थानीय जोखिम पहिचान गरी सुरक्षित रहन ।
८) समुदायमा रहेका प्राकृतिक सम्पदाको पहिचान गर्न ।

**कक्षा २**

१) आफू र आफ्नो परिवारका सदस्यको परिचय बताउन तथा मातृभाषा र जातीय पहिचान दिन ।
२) आफ्नो वडा कार्यालय रहेको स्थान र पालिका कार्यालय रहेको स्थानको नाम भन्न ।
३) आफ्नो समुदायले मनाउने चाडपर्वको सूची बनाउन ।
४) सूक्ष्म व्यायाम योग ध्यान एवं सामान्य स्थानीय खेलको नाम भन्न र खेल्न ।
५) आफूले दैनिक गर्नुपर्ने व्यक्तिगत सरसफाइ र आफ्नो दैनिकीबारे बताउन ।
६) आफ्नो वडाभित्र रहेका धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलको नाम बताउन ।
७) स्थानीय जोखिम र प्रकोपको पहिचान गर्न ।
८) छिमेकीले गर्ने पेसा व्यवसायबारे बताउन ।
९) आफ्नो समुदाय र वडामा पाइने परम्परागत खाद्यबाली तथा पौष्टिक आहारको पहिचान गर्न ।

**कक्षा ३**

१) आफू बसेको स्थानको भौगोलिक अवस्थिति र साँध सिमाना बताउन ।
२) सामान्य शिष्टाचारको व्यवहार गर्न ।
३) स्थानीय स्तरमा मनाइने चाडपर्वमा गरिने क्रियाकलापबारे बताउन ।
४) परम्परागत पेसा व्यवसाय र सिपको पहिचान गर्न ।
५) आफ्नो वडामा पाइने परम्परागत खाद्यबाली तथा पौष्टिक आहारको महत्त्व बताउन ।

६) दिवा खाजामा आफूले प्रयोग गर्ने सामग्रीहरू जतन तथा सामान्य व्यक्तिगत सरसफाइ गर्न ।
७) सूक्ष्म व्यायाम, योग, ध्यान गर्न र स्थानीय स्तरमा खेलिने खेलहरू खेल्न ।
८) वडाभित्रका धार्मिक सांस्कृतिक तथा पर्यटकीय स्थलको सूची तयार गर्न ।
९) प्राकृतिक विपत्ति तथा सामान्य दुर्घटना हुने कारणहरू पहिचान गर्न ।
१०) आफ्नो टोल छिमेकमा बसोबास गर्ने विशिष्ट व्यक्तित्वहरूको नाम भन्न ।
११) वडाभित्र रहेका प्राकृतिक सम्पदाहरूको परिचय दिन ।

**कक्षा ४**
१) आफू बसेको वडा गठन प्रक्रिया बताउन ।
२) आफू बसेको पालिकाको भौगोलिक अवस्था र साँध सिमाना बताउन ।
३) शितगंगा नगरपालिकामा मानिने धर्म, संस्कृति र जीवनशैलीको पहिचान गर्न ।
४) स्थानीय स्तरमा परम्परागत पेसा व्यवसायको महत्त्व बताउन ।
५) परम्परागत प्रविधि र आधुनिक प्रविधिबारे बताउन ।
६) स्थानीय तहमा पाइने परम्परागत अन्न बाली र फलफूलको महत्त्व बताउन ।
७) स्वस्थ जीवनशैलीबाट हुने फाइदा, सामान्य योगासन र स्थानीय खेलका नियम बताउन ।
८) पालिकाभित्रका धार्मिक, सांस्कृतिक पर्यटकीय स्थलको परिचय दिन ।
९) प्राकृतिक विपत्तिबाट बच्ने सुरक्षाका उपायहरू बताउन ।
१०) वडाभित्रका प्राकृतिक सम्पदा जडीबुटीको पहिचान गरी महत्त्व बताउन ।
११) आफ्नो वडा भित्रका सामाजिक एवं राजनीतिक व्यक्तिहरू पहिचान गर्न ।

**कक्षा ५**
१) आफ्नो नगरपालिकाको भौगोलिक अवस्था र साँध सिमाना बताउन ।
२) आफ्नो पालिकाको सांस्कृतिक विविधताबारे बताउन ।
३) परम्परागत पेसा व्यवसाय र रोजगारीमा आएको परिवर्तनबारे बताउन ।
४) आधुनिक प्रविधिसँगसँगै परम्परागत प्रविधिको संरक्षण ।
५) शितगंगा नगरपालिकामा पाइने परम्परागत पौष्टिक खाद्य पदार्थ पहिचान गर्न ।
६) पालिकाभित्रका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरूको परिचय दिन ।
७) प्राकृतिक विपत्ति तथा सवारी दुर्घटनाबाट बच्ने उपाय बताउन ।
८) पालिकाभित्रका प्राकृतिक सम्पदा र जडीबुटीको पहिचान गर्न ।
९) योग/व्यायाम तथा ध्यान (काँध, गर्धन र ढाडको व्यायामका साथै भ्रामरी र अनुलोम-विलोम प्राणायाम) गर्न ।
१०) आफ्नो स्थानीय भाषा, मूल्य मान्यता, कला र संस्कृतिबारे बताउन ।
११) आफ्नो पालिकाभित्रका ऐतिहासिक व्यक्तित्वहरूको योगदान बताउन ।

**कक्षा ६**
१) आफ्नो पालिकाको पर्यावरणीय अवस्थाबारे बताउन ।
२) आफ्नो पालिका भित्रका सामाजिक, सांस्कृतिक विविधता पहिचान गरी तिनको महत्त्व बताउन ।
३) शितगंगा नगरपालिकामा सञ्चालित परम्परागत तथा आधुनिक उद्यमशीलताको पहिचान गर्न ।
४) पौष्टिक खाद्यपदार्थ र सन्तुलित भोजनबारे बताउन ।
५) पालिकाभित्रका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरूको सूची तथा संरक्षणका उपाय पहिचान गर्न ।
६) प्राकृतिक विपत्ति पूर्वसङ्केत र त्यसबाट हुने क्षति न्यूनीकरणका उपाय बताउन ।
७) पालिकाभित्रका प्राकृतिक सम्पदाहरूको उपयोगिता बताउन ।
८) योग/व्यायाम, ध्यान गर्न तथा स्थानीय खेल प्रदर्शन गर्न ।
९) सामाजिक तथा परम्परागत मूल्य मान्यता र कुरीतिहरू पहिचान गर्न ।
१०) आफ्नो वडाभित्रका ऐतिहासिक, सामाजिक, राजनीतिक व्यक्तित्वहरूले गरेको योगदान बताउन ।

**कक्षा ७**
१) शितगंगा नगरपालिकाभित्रको जैविक विविधताबारे बताउन ।
२) स्थानीय स्तरका परम्परागत मूल्य मान्यताहरूको पहिचान गर्न ।

३) शितगंगा नगरपालिकामा सञ्चालित उद्यमशीलताले आर्थिक विकासमा पुऱ्याएको योगदान पहिचान गर्न ।
४) शितगंगा नगरपालिकाका धार्मिक सांस्कृतिक र पर्यटकीय स्थलहरूले स्थानीय नागरिकको आर्थिक विकासमा पुऱ्याएको योगदान बताउन ।
५) पालिकाभित्र प्रचलित लोकगीत, नृत्य र बाजाको उपयोग र संरक्षणबारे बताउन ।
६) शितगंगा नगरपालिकामा प्रचलित सांस्कृतिक विविधताबारे बताउन ।
७) जङ्कफुड (पत्रु खाना) को परिचय तथा यसले मानव स्वास्थ्यमा पार्ने असर बताउन ।
८) प्राकृतिक विपत्ति न्यूनीकरण गर्ने उपाय बताउन ।
९) शितगंगा नगरपालिकाभित्र पाइने प्राकृतिक सम्पदाको उपयोगिता बताउन ।
१०) योग/व्यायाममा सूर्यनमस्कार गर्न तथा शितगंगा नगरपालिकामा खेलिने खेल विधिपूर्वक खेल्न ।
११) आफ्नो पालिकाभित्र महत्त्वपूर्ण योगदान गरेका व्यक्तिहरूको जीवनी ।

**कक्षा ८**
१) शितगंगा नगरपालिकाको जैविक एवं पर्यावरणीय विविधता संरक्षण गर्न ।
२) शितगंगा नगरपालिकाको भौगोलिक अवस्थिति बताउन ।
३) शितगंगा नगरपालिकामा विद्यमान सांस्कृतिक विविधता संरक्षणका उपायहरू पहिचान गर्न ।
४) शितगंगा नगरपालिकाको आर्थिक विकासमा उद्यमशीलताको प्रवर्द्धन गर्ने उपायहरू बताउन ।
५) शितगंगा नगरपालिकाका धार्मिक, सांस्कृतिक, र पर्यटकीय स्थलहरूको संरक्षणबारे बताउन ।
६) फोहोरमैला व्यवस्थापन र जङ्कफुड (पत्रु खाना) निषेध गर्ने उपायबारे जानकारी प्राप्त गर्न ।
७) प्राकृतिक विपत्तिपछिको उद्धार र पुनर्स्थापनाका उपाय सुझाउन तथा प्राकृतिक सम्पदाको संवर्द्धन एवं संरक्षणबो ज्ञान हासिल गर्न ।
९) योग/व्यायामको अभ्यास र यसको प्रभाव र शितगंगा नगरपालिकामा खेलिने खेलहरू प्रदर्शन गर्न ।
१०) शितगंगा नगरपालिकाभित्रका सामाजिक, सांस्कृतिक एवं धार्मिक विकृतिहरू पहिचान गरी न्यूनीकरणका उपायहरू बताउन ।
११) स्थानीय तहमा सञ्चालित संस्थाहरूले नगरपालिकाको आर्थिक विकासमा पुऱ्याएका योगदान बताउन ।

## १.५ निर्माण विधि एवम् प्रक्रिया

स्थानीय पाठ्यक्रम तर्जुमा तथा सम्पादन प्रक्रियालाई विभिन्न चरणमा सम्पन्न गरिएको थियो । सर्वप्रथम स्थानीय शिक्षकहरू, स्थानीय मौलिक संस्कृतिका जानकारहरू, स्थानीय जनप्रतिनिधिहरू र अन्य क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरूलगायतका स्थानीय सरोकारवालाहरू छनोट गरी उनीहरूसँग अन्तर्क्रिया गरिएको थियो । यस क्रममा स्थानीय पाठ्यक्रमका तहगत उद्देश्यहरू तथा सक्षमता निर्धारण, विषयवस्तुको छनोट, कक्षागत सिकाइ उपलब्धि निर्धारण, शिक्षण विधि र प्रक्रिया, मूल्याङ्कन, पाठ्यभार र पाठ्यक्रमको विस्तृतीकरण जस्ता विषयमा छलफल गरी सुझाव सङ्कलन गरिएको थियो ।

त्यसैगरी दोस्रो चरणमा प्राप्त भएका सुझावहरूलाई समावेश गरी स्थानीय पाठ्यक्रमको खाकामा मस्यौदा लेखन कार्य भएको थियो भने तेस्रो चरणमा सो मस्यौदामा सुझाव सङ्कलनका गर्न केही स्थानीय विद्यालयहरू, पाठ्यक्रमसम्बन्धी विज्ञहरू र सरोकारवालाहरूबाट सुझाव सङ्कलन गरिएको थियो ।

प्राप्त सुझावहरूलाई समावेश गरी पाठ्यक्रमको अन्तिम मस्यौदा लेखन सम्पन्न गरी नगरपालिकाबाट अनुमोदन गर्नका लागि पेस गरिएको थियो । यसरी पेस भएको मस्यौदालाई नगर कार्यपालिकाको बैठकले स्वीकृत गरेपश्चात यो पाठ्यक्रम प्रकाशनमा ल्याइएको हो ।

## दोस्रो खण्ड
## आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रम
## (कक्षा १-८)

### २.१ परिचय

विद्यालय शिक्षालाई समयसापेक्ष जीवनोपयोगी, जनोपयोगी र व्यावहारिक बनाउन अपरिहार्य हुन्छ । शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउन सकेमा सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने राष्ट्रिय लक्ष्य प्राप्तिमा सहयोग पुग्दछ । नेपालको संविधान (२०७२) ले प्रत्येक नागरिकलाई रोजगारी र उचित श्रम अभ्यासको हक कायम गरेको छ । यसर्थ शिक्षा समसामयिक सामाजिक, सांस्कृतिक तथा राजनीतिक प्रणालीको प्रतिविम्बन हो । यसलाई स्थानीय पाठ्यक्रम विशिष्टीकृत रूपमा सम्बोधन गर्न सक्दछ । अतः पाठ्यक्रमको विकास गर्दा सिकारु, समाज, राष्ट्र एवम् विश्व परिवेशसमेतको आधारमा गरिनुपर्छ भन्ने मान्यता स्थापित हुन पुगेको हो । यसप्रकारको सैद्धान्तिक तथा व्यावहारिक पक्षलाई हाम्रो शितगंगा विषयको स्थानीय पाठ्यक्रममार्फत समावेश गरी कार्यान्वयनमा लागिएको हो ।

निर्दिष्ट विषयवस्तुलाई व्यावहारिक जीवनसँग सामञ्जस्य गरेर सिकारुलाई सक्रिय सहभागी गराएर सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्नुपर्छ । यस कार्यमा सकेसम्म स्थानीय शैक्षिक सामग्री प्रयोग गर्नुपर्छ । साथै स्थानीय परिवेश, विषयवस्तुको प्रकृति आदिका आधारमा विभिन्न सिकाइ (शिक्षण) विधि प्रयोग गर्नुपर्छ । विषयवस्तुसँग सम्बन्धित गराएर स्थानीयस्तरमा अध्ययन भ्रमण वा प्रत्यक्ष अवलोकन गराउन सकेमा सिकाइ दिगो, व्यावहारिक एवम् प्रभावकारी हुन्छ । सिकाइ कार्यलाई प्रभावकारी बनाउन विषयवस्तुको प्रकृतिअनुसार प्रदर्शन, छलफल, प्रश्नोत्तर, भूमिका अभिनय, प्रयोगात्मक क्रियाकलाप, अवलोकन भ्रमण, खोज, परियोजना कार्य, समस्या समाधान आदि विधि वा कार्य सञ्चालन गर्नु सान्दर्भिक देखिन्छ जसलाई हाम्रो शितगंगा विषयको स्थानीय पाठ्यक्रमले मुख्य सैद्धान्तिक आधार बनाएको हो । यसर्थ यस पाठ्यक्रम विकास तथा कार्यान्वयनपछि पाठ्यक्रम विकेन्द्रीकरण तथा स्थानीयकरणका साथै विद्यालय पाठ्यक्रममा आएका नयाँ आयाम तथा दृष्टिकोणसँग जानकार भई र त्यसको कार्यक्षेत्रमा उपयोग गर्ने तथा आफ्नो कार्यशैलीलाई थप सम्मृद्ध गर्ने उद्देश्य राखिएको छ । यसको पूर्तिका लागि अर्घाखाँची जिल्लामा अवस्थित ऐतिहासिक र रमणीय शितगंगाको नामबाट नगरपालिकाको नाम रहन गएको इतिहासका साथै नगरपालिकाभित्रका मुख्यतया कृषि, जलस्रोत, पर्यटनलगायतका साथै प्राकृतिक स्रोतसाधन, स्थानीय कला, संस्कृति तथा पेसालगायतका पाठ्यविषयक्षेत्रलाई समेटिएको छ । उक्त पाठ्यविषयक्षेत्रमा आधारित भई स्थानीय पाठ्यक्रमका रूपमा यो पाठ्यक्रम विकास गरिएको हो ।

### २.२ विषयवस्तुको क्षेत्र र क्रम तथा विस्तृतीकरण

शितगंगा नगरपालिकासँग सम्बन्धित थुप्रै ऐतिहासिक घटना, स्थल, प्रसिद्ध व्यक्तित्वलगायतका बारेमा प्रमाण रहेका छन् । कला, संस्कार र संस्कृतिका लागि आफ्नै विशेष पहिचान बोकेको यस नगरपालिकाका बारेमा जानकारी हासिल गर्दै सदुपयोग, संरक्षण, निरन्तरता र विस्तार गर्नु नै स्थानीय स्तरका आवश्यकता एवम् चाहना पनि हो । यसर्थ शितगंगा नगरपालिकाभित्र टोल वा सहर, मानव बस्ती, सामाजिक तथा सामुदायिक कार्य, वातावरण र जैविक विविधता, कला, चाडपर्व, विशेष कार्य, पहिरन, खाद्यपरिकार, स्थानीय पेसा, सिप र बजारलगायतका सम्बन्धित पक्षसँग परिचित गराउँदै आफ्नो आदर्श, गौरव, अनुकरणीय परम्परा तथा मूल्यमान्यताको अनुकरण, संरक्षण र विस्तार गर्ने उद्देश्यका साथ कक्षा १ देखि ८ सम्मका लागि पाठ्यक्रम तर्जुमा गरिएको छ । यस क्रममा विद्यार्थीको रुचि, स्तर, आवश्यकता तथा सान्दर्भिकतालाई समेत ख्याल गरिएको छ । स्थानीय पाठ्यक्रम प्रारूप, २०७१; गतविगतका स्थानीय पाठ्यक्रमसम्बन्धी अभ्यास तथा नीतिगत व्यवस्था, राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ एवम् स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ बमोजिम विद्यालय शिक्षाको आधारभूत तह (कक्षा १ देखि ८) मा स्थानीय विषयको यो पाठ्यक्रम विकास गरिएको हो । यसबाट स्थानीय प्राकृतिक, सांस्कृतिक, सामाजिक, आर्थिक, जैविक तथा व्यावहारिक ज्ञान, सिप, स्रोत र सम्पदाको संरक्षण गर्न एवम् त्यस्तो स्रोत र सिप भावी पुस्तालाई हस्तान्तरण गर्नका लागि शितगंगा नगरपालिका सफल हुने लक्ष्य राखिएको छ ।

स्थानीय पाठ्यक्रमको निर्माण तथा कार्यान्वयनलाई पाठ्यक्रमको स्थानीयकरणको एक प्रभावकारी अभ्यास मानिन्छ । पाठ्यक्रमको स्थानीयकरणले केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तु, पक्ष, समावेशीकरण, सहभागिता, निर्णय प्रक्रिया, जनअपेक्षा आदिलाई समुचित रूपमा समावेश तथा सम्बोधन गर्न सकिन्छ । यसले पाठ्यक्रमलाई समसामयिक, सान्दर्भिक, लचिलो, खुला, सन्तुलित, लोकतान्त्रिक र स्थानीय मूल्य मान्यताअनुरूप बनाउन सहयोग गर्छ । अतः यस क्रममा पाठ्यक्रम विकासको विषयगत औचित्य, पाठ्यक्रममा रहेका मुख्य विशेषता तथा पाठ्यक्रमको स्वरूपलाई समेटी परिचय, विषयगत रूपमा अपेक्षित ज्ञान, सिप, अभिवृत्ति, मूल्य र कार्य तत्परतालाई समेटी त्यसको क्रियात्मक स्वरूपमा सक्षमता, सिकाइको स्तर र सक्षमताको विशिष्टीकृत विस्तृतीकरण गरी सिकाइ उपलब्धि, सक्षमता, सिकाइ उपलब्धि एवम् अघिल्ला कक्षासँग लम्बीय सन्तुलनका आधारमा विषयवस्तुको क्षेत्र र क्रम, विषयगत विशिष्टपन र मौलिकतालाई समेटी सिकाइ सहजीकरणका विधि तथा प्रक्रिया एवम् निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका विधि तथा प्रक्रिया उल्लेख गरी विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित गरिएको छ ।

**विषयवस्तुको क्षेत्र र क्रम :**

| क्षेत्र | विषयवस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|---|
| म र मेरो स्थानीय तह | म र मेरो समुदाय | -आफू र आफ्नो परिवारको परिचय ।<br>-आफ्नो टोल समुदायको नाम । | -आफ्नो परिवारका सदस्यहरूको परिचय, मातृभाषा एवं जातीय पहिचान ।<br>-आफ्नो वडा कार्यालय रहेको ठाउँको परिचय । | -आफ्नो वडाको सामान्य परिचय र वडाको नक्सा कार्य । | -आफ्नो वडा कार्यालयका पदाधिकारीहरूको गठन प्रक्रिया ।<br>-नगरपालिकाको सामान्य परिचय । | -शितगंगा नगरपालिकाको भौगोलिक परिचय । | -शितगंगा नगरपालिकाको पर्यावरणीय अवस्था । | -शितगंगा नगरपालिकाको जैविक विविधता । | -शितगंगा नगरपालिकाको जैविक एवं भौतिक विविधताको संरक्षणका उपाय । |
| स्थानीय परम्परा, संस्कृति, कला र वेशभूषा | हाम्रा चाडपर्व र वेशभूषा । | -आफ्नो परिवारमा मनाइने मुख्य चाडपर्वहरू ।<br>-आफ्नो परिवारका सदस्यहरूले लगाउने वेशभूषा । | -आफ्नो समुदायमा मनाइने मुख्य चाडपर्वहरू ।<br>-समुदायमा लगाइने वेशभूषा । | -आफ्नो समुदायमा बसोबास गर्ने जातजातिका भाषा र चाडपर्वहरू ।<br>-आफ्नो प्रयोग गर्ने परम्परागत वेशभूषा र तिनको मौलिक पहिचान जात । | -आफ्नो समुदायमा मनाइने ।चाडपर्वहरूमा गरिने क्रियाकलाप ।<br>-परम्परागत कला, सांस्कृतिक नाच र बाजा । | -आफ्नो समुदायभित्रको सांस्कृतिक विविधता | -शितगंगा नपाभित्रको सांस्कृतिक विविधताको पहिचान । | -शितगंगा नगर पालिकामा प्रचलित सांस्कृतिक विविधताको महत्त्व । | -शितगंगा नगर पालिकाभित्र विद्यमान सांस्कृतिक विविधताको संरक्षणका उपाय । |
| -स्थानीय परम्परागत पेसा व्यवसाय, उद्यमशीलता र प्रविधि । | -पेसा, व्यवसाय र प्रविधि । | -आफ्ना परिवारका सदस्यले गर्ने पेसा व्यवसाय ।<br>-आफ्नो घरपरिवारमा भएका परम्परागत प्रविधि । | -आफ्नो छिमेकीले गर्ने पेसा व्यवसाय ।<br>-आफ्नो समुदायमा भएका परम्परागत प्रविधि । | -आफ्नो समुदायमा रहेका परम्परागत पेसा व्यवसाय र प्रविधि । | -आफ्नो समुदायमा विद्यमान परम्परागत पेसा र प्रविधिको महत्त्व । | -आफ्नो समुदायमा रहेका परम्परागत पेसा व्यवसाय र रोजगारीमा आएको परिवर्तन । | -शितगंगा नपामा सञ्चालित उद्यमशीलताको पहिचान ।<br>-परम्परागत प्रविधि र आधुनिक प्रविधिमा आएको परिवर्तन । | -शितगंगा नगरपालिकामा सञ्चालित उद्यमशीलताले आर्थिक विकासमा पुऱ्याएको योगदान ।<br>-आधुनिक प्रविधिको विकाससँगै आइसिटीको महत्त्व । | -शितगंगा नगरपालिकाको आर्थिक विकासमा उद्यमशीलताको प्रवर्द्धन गर्ने उपाय ।<br>-परम्परागत सिप र प्रविधिको संरक्षणमा स्थानीय तहको भूमिका । |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सांस्कृतिक, धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरू | धार्मिक एवं सांस्कृतिक स्थलहरू | आफ्नो समुदायमा रहेका धार्मिक एवं सांस्कृतिक स्थलको नाम | आफ्नो समुदायमा भएका धार्मिक, सांस्कृतिक स्थानहरू | आफ्नो समुदायमा भएका धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरू | आफ्नो समुदायमा भएका धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलको महत्त्व | शितगंगा नगरपालिका भित्रका धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरूको परिचय | शितगंगा नगरपालिका मा धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलको महत्त्व | शितगंगा नगरपालिकामा धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलले स्थानीयको आर्थिक विकासमा पुऱ्याएको योगदान | शितगंगा नगरपालिकामा धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलको संरक्षण |
| योग-ध्यान, व्यायाम र स्थानीय खेल | योग ध्यान र स्थानीय खेल | -सूक्ष्म व्यायाम (औँला, हात, खुट्टा र आँखाको कसरत) तथा उमरे अनुसारको आसन र ध्यान ।<br>-आफूलाई मनपर्ने खेल । | -सूक्ष्म व्यायाम (औँला, हात, खुट्टा,आँखा र कम्मरको कसरत) तथा उमेर अनुसारको आसन र ध्यान ।<br>-समूहमा खेलिने खेल खेल्न । | -सूक्ष्म व्यायाम (काँध, गर्दन र ढाडको कसरत) योग व्यायाम तथा उमेरअनुसारको आसन र ध्यान ।<br>-समूहमा खेलिने कुनै तीन स्थानीय खेलको सिप देखाउन । | -सूक्ष्म व्यायाम (काँध, गर्धन र ढाडको कसरत) योग व्यायाम तथा उमेर अनुसारको आसन र ध्यान।<br>-शितगंगा नगरपालिकामा खेलिने खेलका नियम । | -सूक्ष्म व्यायाम (काँध, गर्धन र ढाडको कसरत), योग व्यायाम तथा उमेर अनुसारको आसन र ध्यान ।<br>-स्थानीय खेल (जस्तै : कबड्डी र डन्डिबियो) । | -योग व्यायाम तथा सूर्य नमस्कार आदिको अभ्यास ।<br>-शितगंगा नगरपालिकामा खेलिने खेलको प्रवर्द्धन । | -योग व्यायाम तथा सूर्य नमस्कार आदिको अभ्यास एवं महत्त्व ।<br>-शितगंगा नगरपालिकामा खेलिने खेल विधिपूर्वक प्रदर्शन | -योग व्यायाम तथा सूर्य नमस्कार गर्न ।<br>-शितगंगा नगरपालिकामा खेलिने खेल प्रदर्शन गर्दा आवश्यक सिप । |
| परम्परागत स्थानीय खाद्यबाली तथा पौष्टिक आहार र फोहोरमैला व्यवस्थापन | -खाद्यबाली तथा पौष्टिक आहार,<br>-फोहोर मैला । | -आफ्नो समुदायमा पाइने खाद्यबाली र फलफूलको नाम,<br>-भान्साकोठाबाट निस्कने फोहोरमैला । | -आफ्नो वडामा पाइने परम्परागत अन्न बाली र फलफूको नाम,<br>-फोहोरको वर्गीकरण । | -आफ्नो पालिकामा पाइने परम्परागत अन्नबाली र फलफूलको महत्त्व ।<br>-व्यक्तिगत सरसफाइ । | -शितगंगा नगरपालिकामा पाइने परम्परागत नगदेबालीको पहिचान<br>-फोहोरमैला व्यवस्थापन । | -शितगंगा नगरपालिकामा पाइने पौष्टिक परम्परागत खाद्यपदार्थको पहिचान र महत्त्व ।<br>-दिवा खाजाको परिचय । | -पौष्टिक खाद्यपदार्थ र सन्तुलित दिवाखाजा । | -जङ्कफुडको परिचय र यसले स्वास्थ्यमा पार्ने असर<br>-दिवाखाजामा परम्परागत खाद्यबालीको उपयोग । | -विद्यालयलाई जङ्कफुड रहित बनाउने उपाय<br>-दिवाखाजालाई थप व्यवस्थित गर्ने उपाय । |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| प्राकृतिक तथा जनावर र मानवजन्य विपत्ति | प्राकृतिक एवं मानवजन्य विपत्ति | -स्थानीय जोखिमहरू | -प्राकृतिक प्रकोपको पहिचान | -प्राकृतिक विपत्तिका असर ।<br>-सामान्य ट्राफिक नियम । | -चट्याङ, हावाहुरी एवं आगोलागी<br>-ट्राफिक सङ्केत । | -प्राकृतिक विपत्तिबाट हुने क्षति न्यूनीकरण ।<br>-सवारी दुर्घटनाको न्यूनीकरण । | -प्राकृतिक विपत्तिहरू -जस्तै : भूक्षय, पहिरो, बाढी, भूकम्प ।<br>-सवारी दुर्घटनाबाट बच्ने उपाय । | -मानवीय एवं प्राकृतिक विपत्तिहरू विरुद्ध आत्मरक्षा<br>-सडक सुरक्षा व्यवस्थापनमा स्थानीयको भूमिका । | -प्राकृतिक प्रकोप एवं विपत व्यवस्थापन ।<br>-ग्रामीण एवं सहरी सुरक्षा । |
| सामाजिक मूल्य र मान्यता | हाम्रा मूल्य र मान्यता । | -मान्यजनप्रति शिष्ट व्यवहार र साथीहरूलाई नमस्कार गर्न । | -साथी, गुरु, गुरुआमा, परिवारका सदस्य र छिमेकीहरूलाई यथोचित शिष्ट अभिवादन । | -साथी, गुरुहरू, परिवारका सदस्यहरू र छिमेकीहरूलाई नाता अनुसार शिष्टाचार । | -शितगंगा नगरपालिकामा प्रचलित धर्म, संस्कृति र जीवनशैलीको परिचय । | -आफ्नो स्थानीय भाषा, मूल्यमान्यता, कला र संस्कृतिको पहिचान । | -शितगंगा नपाभित्रका धार्मिक एवं सांस्कृतिक सम्पदाको पहिचान र विशेषता । | -शितगंगा नगरपालिकाभित्रका धार्मिक तथा सांस्कृतिक सम्पदाको महत्त्व<br>-स्थानीय स्तरमा चलिआएका परम्परागत मूल्यमान्यता । | -नगरमा प्रचलित जन्म, विवाह, मृत्यु,उत्सव, भजन कीर्तन जस्ता संस्कार।<br>-सामाजिक विकृतिहरूको पहिचान गरी न्यूनीकरणका उपाय । |
| शितगंगा नगरपालिकाका प्राकृतिक सम्पदा | प्राकृतिक सम्पदा | -आफ्नो टोलमा रहेका सम्पदाको पहिचान | -आफ्नो समुदायमा रहेका प्राकृतिक सम्पदाको सूची | -समुदायमा रहेका प्राकृतिक सम्पदाको परिचय | -शितगंगा नगरपालिकाभित्रका प्राकृतिक सम्पदा र रुघा लाग्दा उपयोगी जडीबुटीको पहिचान | -शितगंगा नगरपालिकामा रहेका प्राकृतिक सम्पदा र जडीबुटी पहिचान | -शितगंगा नगरपालिकामा पाइने जडीबुटीको महत्त्व | -शितगंगा नगरपालिकामा पाइने जडीबुटीको उपयोगिता | -शितगंगा नगरपालिकामा पाइने जडीबुटी र प्राकृतिक सम्पदाहरूको संरक्षण एवं संवर्द्धन । |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सामाजिक व्यक्तित्व एवं सङ्घ-संस्था | सामाजिक व्यक्तित्व एवं सङ्घ संस्था | -आफ्नो छिमेकमा बस्ने सामाजिक विकासमा योगदान पुऱ्याउने व्यक्तिको पहिचान | -आफ्नो टोल-छिमेकमा रहेका सामाजिक विकासमा योगदान पुऱ्याउने व्यक्तित्वहरूको परिचय | -शितगंगा नगरपालिकाका नगरप्रमुख र उपप्रमुखको परिचय | -शितगंगा नगरपालिकाभित्रका शीर्ष सामाजिक व्यक्तित्वको परिचय | -शितगंगा नगरपालिकामा जन्मेका शीर्ष व्यक्तित्वले यहाँको सामाजिक, शैक्षिक, राजनीतिक एवं आर्थिक विकासमा पुऱ्याएको योगदान । | -आफ्नो समुदायमा सञ्चालित सङ्घ-संस्था र क्लबहरू । | -शितगंगा नगरपालिकामा सञ्चालित सङ्घ-संस्थाले गर्ने काम । | -शितगंगा नगरपालिकामा सञ्चालित संस्थाहरूले नगरपालिकाको विकासमा पुऱ्याएको योगदान । |

**विषयवस्तुको विस्तृतीकरण कक्षा १**

| क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| १. म र मेरो स्थानीय तह | -म र मेरो समुदाय | -आफू र आफ्नो परिवारको परिचय दिन ।<br>-आफ्नो समुदाय र स्थानीय तहको नाम बताउन । | -आफ्नो नाम, उमेर, लिङ्ग र परिवारका सदस्यहरूको लिङ्ग पहिचान गर्न ।<br>-आफ्नो समुदायको सामान्य परिचय (जस्तै : समुदायको नाम, वडा नम्बर, स्थानीय तहको नाम र जिल्लाको नाम । ) | -जोडी संवाद, समूह छलफल, कुराकानीको माध्यमबाट आफ्नो परिचय दिन लगाउने ।<br>-छलफल, प्रश्नोत्तर र परिवारका सदस्यहरूबिच भएको संवादको भिडियो ।<br>-पोस्टर प्रदर्शन ।<br>-आफ्नो समुदायको सामान्य परिचय दिन लगाउने (जस्तै : छलफल, संवाद, प्रश्नोत्तरको माध्यमबाट वडाको नाम, स्थानीय तहको नाम, शितगंगा नपा र समुदायको नाम) । | -आफ्नो परिचय दिनुहोस् ।<br>-आफ्नो समुदाय र स्थानीय तहको सामान्य परिचय दिनुहोस् । | १५ |
| २) स्थानीय परम्परा, संस्कृति, कला, साहित्य, वेशभूषा | -हाम्रा चाडपर्वहरू वेशभूषा | -परिवारमा मनाइने मुख्य चाडपर्वका नाम भन्न ।<br>-आफ्नो परिवारका सदस्यले लगाउने वेशभूषा बताउन । | -आफ्नो घरपरिवारमा मनाइने चाडपर्वहरू (रक्षाबन्धन, तीज, दसैँ, तिहार, शिवरात्रि आदि) ।<br>-आफ्नो घरको हजुरबुवा, हजुरआमा, बुवा, दाइ, दिदीले लगाउने पोसाक । | -घरपरिवारका सदस्यसँग सोधेर आफ्नो परिवारमा मनाइने चाडपर्वको नाम भन्न लगाउने ।<br>-मुख्य चाडपर्वहरूको चित्र पोस्टर भिडियो क्लिप देखाई छलफल गर्ने ।<br>-आफ्नो घरको हजुरबुवा, हजुरआमा, बुवा, दाइ, दिदीले लगाउने पोसाकबारे छलफल गराउने । | -तपाईँले मनाउने दुई चाडपर्वको नाम भन्नुहोस् ।<br>-चित्र देखाई चाडका नाम सोध्नुहोस् ।<br>-तपाईँका बुबाले लगाउने पोसाकको नाम भन्नुहोस् । | १७ |
| ३) स्थानीय पेसा, व्यवसाय, उद्यमशीलता र प्रविधि | पेसा, व्यवसाय र उद्यमशीलता र प्रविधि | -आफ्ना परिवारका सदस्यले गर्ने पेसा, व्यवसाय र उद्यमशीलताको पहिचान गर्न । | आफ्नो परिवारका सदस्यले गर्ने पेसा, व्यवसाय र उद्यमशीलता (जस्तै : आफ्नो घरमा भएका परम्परागत ढिकी, जाँतो आदि) | -आफ्नो घरमा भएका परिवारका सदस्यहरूले गर्ने पेसा, व्यवसाय र उद्यमशीलताको विषयमा छलफल गर्ने ।<br>-आफ्नो घरमा भएका परम्परागत प्रविधिहरू (जस्तै : ढिकी, जाँतो आदि) बारे छलफल गर्ने । | -आफ्ना परिवारका सदस्यले गर्ने पेसा भन्नुहोस् ।<br>-आफ्नो घरमा भएका परम्परागत प्रविधिको नाम लेख्नुहोस् । | १५ |
| ४) धार्मिक/ सांस्कृतिक र | धर्मिक/ सांस्कृतिक र | -आफ्नो समुदायमा रहेका | -आफ्नो समुदायमा रहेका धार्मिक, | -समुदायमा रहेका देवालय, | -समुदायमा रहेका देवस्थल, | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पर्यटकीय स्थल | पर्यटकीय स्थल | धार्मिक, ऐतिहासिक एवं सांस्कृतिक र पर्यटकीय स्थलहरूको नाम बताउन । | सांस्कृतिक , पर्यटकीय स्थलहरू (जस्तै : देवालय, पार्टी, पौवा, बगैंचा, चौपारी, गुफा, झरना आदि) । | पाटीपौवा, बगैंचा पार्क, गुफास्थलको अवलोकन गराउने ।<br>-चित्र देखाएर देवालय, पाटीपौवा, चौर चिन्न लगाउने । | पाटीपौवा र चौरको नाम भन्नुहोस ।<br>-चित्र हेरेर नाम लेख्नुहोस् ।<br>-मन्दिर, पाटीपौवा आदिको चित्र बनाउनुहोस् । | |
| ५) परम्परागत खाद्यबाली तथा पौष्टिक आहार र फोहोरमैला व्यवस्थापन | खाद्यबाली तथा पौष्टिक आहार र फोहोरमैला | -आफ्नो समुदाय वरिपरि खेतबारीमा लगाइने खाद्यबाली एवं दैनिक भान्सामा पाक्ने खानेकुराहरूको नाम र परिचय दिन ।<br>-फोहोरमैलाको परिचय दिन । | -आफ्नो समुदाय वरिपरि उत्पादन हुने विभिन्न खाद्यपदार्थ<br>-आफ्नो भान्सामा दैनिक पाक्ने खानेकुराहरू (जस्तै : दाल, भात, रोटी, आटो, ढिँडो, सिन्की आदि) ।<br>-आफ्नो भान्साकोठाबाट निस्कने फोहोरमैला । | -आफ्नो समुदायमा पाइने विभिन्न खाद्यबालीको अवलोकन गराई पहिचान गर्न लगाउने (जस्तै : मकै, गहुँ, धान, जौ आदि) ।<br>-विभिन्न खाद्यबालीको चित्र देखाई विद्यार्थीहरूलाई नाम भन्न लगाउने ।<br>-आफ्नो घरमा दैनिक खाने खाद्य पदार्थको नाम बताउने ।<br>-आफ्नो घरको भन्सामा दैनिक पाक्ने खाद्यपदार्थबारे छलफल गरी सूची बनाउन लगाउने ।<br>-आफ्नो भान्साबाट निस्कने फोहोरमैलाबारे छलफल गर्ने । | -आफ्नो घर वा विद्यालय वरिपरि देखिने खाद्यबालीका नाम बताउनुहोस् ।<br>-आफ्नो घर परिवारको भान्सामा दैनिक खाने खाद्य वस्तुको नाम बताउनुहोस् ।<br>-तपाईंको भान्साबाट निस्कने फोहोरमैला के के हुन् ? | १६ |
| ६) योग, ध्यान, व्यायाम र स्थानीय खेल | -योग र ध्यान<br>-स्थानीय खेल | -औला, हात, खुट्टा र आँखाको कसरत गर्न ।<br>-सिद्धासन, पुतली आसनमा बस्न ।<br>-स्थानीय खेलको परिचय । | -औंला, हात, खुट्टा र आँखाको कसरत गर्न ।<br>-सिद्धासन र पुतली, आसनमा बस्न ।<br>-ओम उच्चारण र ध्यान मुद्रा गर्न ।<br>-स्थानीय खेल रुमाल लुकाइ, गट्टा खेल आदि । | ओम उच्चारण, पद्म मुद्रा र ज्ञान मुद्र सम्बन्धी पोस्टर र भिडियो प्रदर्शन गर्ने र विद्याथीहरूलाई गर्न लगााउने ।<br>-शिक्षक स्वयंले योगध्यानबारे प्रदर्शन गर्ने ।<br>-स्थानीय खेल रुमाल लुकाइ, गट्टा खेल आदिको अभ्यास गराउने । | -विद्याथीहरूले गरेको औला, हात, खुट्टा र आँखाको कसरत अवलोकन गर्ने ।<br>-विद्याथीहरूले सही ढंगले आसनमा बसे नबसेको हेर्ने ।<br>-ओम उच्चारण र श्वासको आरोह-अवरोह मिले नमिलेको अवलोकन गर्ने ।<br>-पद्मा मुद्रा र ज्ञान मुद्रा ध्यान गरे नगरेको अवलोकन गर्ने । | १८ |
| ७) प्राकृतिक तथा मानवजन्य विपत्ति | स्थानीय जोखिम | -प्रकोप तथा विपत्को नाम बताउन<br>-प्राकृतिक तथा मानवजन्य विपत्ति पहिचान गर्न । | प्राकृतिक तथा मानवजन्य विपत्ति पहिचान (जस्तै : विद्युत्, हावाहुरी, पानी, चट्याङ, असिना, सडक दुर्घटना, कुकुरको टोकाइ आदि) | विभिन्न पत्रपत्रिका तथा पोस्टरहरूमा प्रकाशित जस्तै : आगलागी, सडक दुर्घटना, बाढी पहिरो, भूकम्पसम्बन्धी चित्रहरू प्रदर्शन गरी चिनाउने र सचेत गराउने | तपाईंको समुदायमा घटेका प्राकृतिक तथा मानवजन्य विपत्तिको नाम भन्नुहोस् । | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | -बिजुलीको नाङ्गो तार छुनुहुँदैन भनी सचेत गराउने भिडियो प्रदर्शन गर्ने<br>-बाटोमा हिँड्दा कुकुरलाई नजिस्काउने (जस्तै : ढुङ्गाले हान्ने, लखेट्ने आदि गर्नुहुँदैन । | | |
| ८) सामाजिक परम्परागत मूल्य र मान्यता | आदर र सत्कार | -साथी र गुरुहरूसँग घुलमिल हुन<br>-परिवारका सदस्यहरूलाई आदर सत्कार र शिष्ट व्यवहार गर्न । | आफ्ना परिवारका सदस्यहरूविच गरिने व्यवहार (जस्तै : मान्यजनलाई नमस्कार, सानालाई माया, मिठो शिष्ट भाषाशैली ) | -विद्यार्थीहरू बिच नमस्कार गर्न सिकाई एक आपसमा परिचय गर्न लगाउने<br>-समूहमा बस्न लगाउने<br>-आफूभन्दा ठुला मानिस र साथीहरूसँग बोल्दा तपाईं हजुर जस्ता आदरार्थी शब्दहरू प्रयोग गर्न सिकाउने<br>-विभिन्न पोस्टर र भिडियोको माध्यमबाट आफ्नो परिवारका सदस्यहरूलाई गर्ने व्यवहार सिकाउने<br>-साथीहरूबिच घरका परिवारका सदस्यहरूबिच गरिने व्यवहारको अनुकरण गर्न लगाई अवलोकन गर्ने । | -दैनिक क्रियाकलापको अवलोकन गर्ने ।<br>-आफ्ना साथीहरूलाई नमस्कार गर्नुहोस्<br>घरमा पाहुना आउँदा आमाबुबाले गर्ने व्यवहारको अभिनय गर्नुहोस् । | १८ |
| ९) शितगंगा नगरपालिकाका प्राकृतिक सम्पदा | -प्राकृतिक सम्पदा<br>-जडीबुटी | -आफनो समुदायमा रहेका प्राकृतिक सम्पदाको नाम बताउन ।<br>स्थानीय क्षेत्रमा पाइने जडीबुटीको नाम भन्न । | -आफनो समुदायमा रहेका खानेपानीका स्रोतहरू (जस्तै : खोलानाला, पँधेरो, ताल/तलैया, पोखरी, कुवा, धारा, जरुवा, इनार)<br>-आफ्नो समुदाय वरपर पाइने जडीबुटी (जस्तै : बोझो, हर्रो, बर्रो, अमला आदि) । | -स्थलगत अवलोकन गराई आफ्नो समुदायमा रहेका प्राकृतिक सम्पदाहरूको पहिचान गराउने ( जस्तै : खानेपानीको मुहान, जडीबुटी, खनिज आदि) । | तपाईंको समुदायमा रहेका प्राकृतिक सम्पदाहरूको नाम भन्नुहोस् । | १८ |
| १०) सामाजिक व्यक्तित्व एवं सङ्घ-संस्था | बालक्लब | आफ्नो टोल/छिमेकमा रहेको बालक्लबको परिचय दिन । | आफ्नो टोल छिमेकका रहेको बालक्लब | -अभिभावकसँग सोधेर आफ्नो टोलमा भएका क्लबको नाम टिपोट गर्न लगाउने ।<br>- | आफ्नो समुदायमा रहेको क्लबले गर्ने काम भन्नुहोस् । | १० |

**विषयवस्तुको विस्तृतीकरण कक्षा २**

| क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| १. म र मेरो स्थानीय तह | परिवारको परिचय<br>आफ्नो वडाको परिचय | -आफू र आफ्नो परिवारको परिचय दिन ।<br>-आफ्नो भाषा र जातीय पहिचान<br>-आफ्नो टोल र वडाको परिचय बताउन । | -आफूले बोल्ने भाषाको नाम र परिवारका सदस्यबिच प्रयोग हुने भाषको पहिचान ।<br>-आफ्ना परिवारको परिचय बताउन जस्तै : बुवाको नाम, आमाको नाम, दाजु-दिदीको नाम) ।<br>-आफ्नो समुदायमा बोलिने भाषाको पहिचान ।<br>-आफ्नो समुदायमा बसोवास गर्ने जातजातिको पहिचान ।<br>-आफ्नो वडाको परिचय । | -शिक्षक र विद्यार्थीहरू बिच छलफल, जोडी संवाद, परिवारका सदस्यहरूको नाम, उमेर र जात सम्बन्धमा छलफल र प्रश्नोत्तर ।<br>-समुदायमा बोलिने भाषाको उच्चारण अथवा मातृभाषामा संवाद गरेको भिडियो प्रदर्शन ।<br>-आफ्नो समुदायमा भएका व्यक्तिहरूसँग सोधपुछ गरी जातजाति र भाषाका बारेमा सोधखोज गर्ने ।<br>-आफ्नो वडाको नाम, वडा कार्यालय रहेको ठाउँ, आफ्नो टोलको बारेमा प्रश्नोत्तर गराउने । | -परिवारका सबै सदस्यको नाम बताउनुहोस् ।<br>-आफ्नो मातृभाषा र समुदायमा बोलिने भाषाको सूची निर्माण गर्नुहोस् ।<br>-आफ्नो वडाको सामान्य परिचय दिनुहोस् । | १५ |
| २) स्थानीय परम्परा, संस्कृति, कला, साहित्य, वेशभूषा | परम्परागत संस्कृति र वेशभूषा | -आफू बसोबास गर्ने समुदायमा बजाइने मुख्य बाजाहरू, गीत-संगीत नाचको सूची बनाउन ।<br>-आफ्नो समुदायमा लगाइने परम्परागत वेशभूषाको पहिचान गर्न । | आफ्नो क्षेत्र वरिपरि परम्परागत रूपमा प्रयोग हुने (आफ्नो समुदायमा बजाइने बाजाहरू : मादल, बाँसुरी, मुरली, खैंजडीका, मुजुरा, मुर्चङ्गा, सारङ्गी आदि) ।<br>-आफ्नो समुदायमा पुर्खाहरूले प्रयोग गरेका वेशभूषाहरू (जस्तै : दौरा सुरुवाल, छड्के पटुका, घलेक आदि) । | -पोस्टर, भिडियो देखाई वा स्थानीय क्षेत्रको अवलोकन गराई समुदायमा प्रचलित नाचगान र बाजागाजाबारे बताइदिने ।<br>-स्थानीय स्तरका विभिन्न ठाउँमा नाचिने नाच, गाइने गीत र बजाइने बाजा सहितको पोस्टर देखाई परिचय दिने । (जस्तै : मगर एवं गुरुङको मौलिक पोसाक सहितको मौलिक नाच, मारुनी, सोरठी, भैलो आदि) । | -आफ्नो स्थानीय तहमा बजाइने परम्परागत कुनै दुई बाजाको नाम भन्नुहोस् ।<br>-आफ्नो समुदायमा लगाइने परम्परागत पोसाकको नाम भन्नुहोस् । | १६ |
| ३) स्थानीय परम्परागत पेसा, व्यवसाय, उद्यमशीलता र प्रविधि | परम्परागत पेसा र प्रविधि | -आफ्ना छिमेकीले गर्ने पेसा व्यवसायबारे बताउन ।<br>-परम्परागत प्रविधिको पहिचान गर्न । | -आफू बसोबास गर्ने गाउँटोलका छिमेकी बुवाआमा वा अन्य व्यक्तिहरूले दैनिक रूपमा गर्ने गरेको पेसाको नाम, तिनले गर्ने कामको जानकारी (जस्तै : किसानले खेतीपाती र पशुपालन, शिक्षकले शिक्षण, चिकित्सकले बिरामी परीक्षण, व्यापारीले व्यापार, | -आफ्नो टोलछिमेकमा बस्ने मानिसहरूले परम्परागत रूपमा अँगाल्दै आएका विभिन्न पेसा व्यवसाय र आधुनिक समयमा पेसामा आएको परिवर्तन बारे समूह छलफल, प्रश्नोत्तर तथा तस्बिर प्रदर्शन गर्ने/गराउने ।<br>-आफ्नो समुदायमा भएका परम्परागत प्रविधि खोजी गरी तिनीहरूको पहिचान | -छिमेकीले गर्ने तीन प्रकारका पेसाबारे लेख्नुहोस् ।<br>-शिक्षक, चिकित्सक, कृषक, व्यापारीका तस्बिर बनाई कक्षामा प्रस्तुत गर्नुहोस् । | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | वैदेशिक रोजगारी आदि)।<br>-आफ्नो समुदायमा भएका परम्परागत प्रविधि। | गराउने (जस्तैः ढिकी, झाँतो, कोल, पानी घट्ट आदि)। | | |
| ४) धार्मिक तथा सांस्कृतिक र पर्यटकीय स्थल | धार्मिक तथा पर्यटकीय स्थल | आफ्नो समुदायमा रहेका धार्मिक, ऐतिहासिक एवं सांस्कृतिक स्थलहरूको नाम बताउन। | -आफ्नो समुदायमा रहेका देवालयको पहिचान।<br>- जुकेना कृष्ण मन्दिर, करापुको मन्दिर, कालिका माई, बग्रबाजेको मन्दिर। | -समुदायमा रहेका देवालय, पाटीपौवा, चौर, सराएँ स्थलको अवलोकन गराउने।<br>-चित्र देखाएर जुकेना कृष्ण मन्दिर, करापुको मन्दिर, कालिका माई, बग्रबाजेको मन्दिर चिन्न लगाउने।<br>-त्यहाँका भिडियो क्लिप देखाएर विद्यार्थीलाई त्यहाँ जान प्रेरित गर्ने। | -समुदायमा रहेका देवस्थल, पाटीपौवा र चौरको नाम लेख्नुहोस्।<br>-चित्र हेरेर जुकेना कृष्ण मन्दिर, करापुको मन्दिर, कालिका माई, बग्रबाजेको मन्दिरको नाम लेख्नुहोस्।<br>-मन्दिर, पाटीपौवा आदिको चित्र बनाउनुहोस्। | १७ |
| ५) योग-ध्यान, व्यायाम र स्थानीय खेल | योग, ध्यान र स्थानीय खेल | -अर्धपद्मासन, ध्रुवासन, वृक्षासन।<br>-ओम उच्चारण र मुद्रामा ध्यान।<br>-आफ्नो टोल र वडामा खेलिने स्थानीय खेलको नाम भन्न र खेल खेल्न। | -अर्धपद्मासन, ध्रुवासन, वृक्षासन<br>-ओम उच्चारण र ध्यान।<br>-स्थानीय खेल (वडा र समुदायमा खेलिने कपड्डी, दौड)। | -सम्बन्धी भिडियो, पोस्टरको प्रदर्शन गर्ने, विद्याथीहरूलाई निर्देशन अनुसार औंला, हात खुट्टा र आँखाको कसरत गराउन सिकाउने। सिद्धासन, अर्धपद्मासन, पुतलीआसन सम्बन्धी भिडियो, पोस्टर प्रदर्शन गर्ने शिक्षकले आसनहरू प्रयोगात्मक रूपमा गरेर देखाउने। विद्यार्थीहरूलाई निर्देशन अनुसार आसनहरू गर्न सिकाउने, ओम उच्चारण, मुद्रामा ध्यान र आसन सम्बन्धी पोस्टर र भिडियो शिक्षकहरूले गरी देखाई विद्यार्थीहरूलाई गर्न लगाउने।<br>-आफ्नो स्थानीय स्तरमा खेलिने खेल खेल्न लगाउने। | -विद्याथीहरूले सही ढंगले आसनमा बसे नबसेको अवलोकन गर्ने।<br>-ओम उच्चारण र श्वासको आरोह, अवरोह मिले नमिलेको अवलोकन गर्ने।<br>-पद्म मुद्रा र ज्ञान मुद्रामा ध्यान गरे नगरेको अवलोकन गर्ने<br>-स्थानीय खेल खेल्न लगाउने। | १८ |
| ६) परम्परागत खाद्यबाली तथा पौष्टिक आहार र फोहोरमैला व्यवस्थापन | परम्परागत खाद्यबाली र सरसफाइ | -स्थानीय स्तरमा पाइने परम्परागत खाद्यबाली तथा पौटिक आहारको परिचय।<br>-आफ्नो दैनिक सरसफाइ गर्न।<br>-फोहोरको वर्गीकरण गर्न। | -स्थानीय खाद्यबाली, फलफूल तथा नगदे बालीको परिचय (जस्तै : धान गहुँ, फापर अदुवा कोदो आदि)।<br>-आफ्नो दैनिकी (जस्तै : बिहान उठ्ने समय, खाना खाने समय, विद्यालय जाने समय)।<br>-सरसफाइ (जस्तै खाना खानुअघि साबुनपानीले हात धुने, खाना | -स्थानीय स्तरमा भएका परम्परागत खाद्यबाली तथा नगदेबाली देखाई तिनको नाम लेख्न लगाउने।<br>-आफ्नो समुदाय एवं वडामा भएका अग्रजहरूसँग सोधी परम्परागत अन्नबालीको नाम लेख्न लगाउने।<br>-आफ्नो दैनिक सरसफाइ गर्दा अपनाउने प्रक्रियाको बारेमा छलफल गरी सरसफाइ गर्ने बानीको विकास | -आफ्नो वरिपरि रहेका खाद्य तथा नगदेबालीको पहिचान गरी नाम बताउनुहोस्।<br>-विद्यार्थीका हात खुट्टाका नङ हेर्ने, दाँत मुख र हातको सरसफाइको अवलोकन गर्नुहोस्। | १९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | खाइसकेपछि दाँत सफा गर्ने) ।<br>-कुहिने र नकुहिने फोहोर छुट्याउन । | गर्न पोस्टर चित्र देखाई छलफल गराउने ।<br>-कुहिने र नकुहिने फोहोर देखाई छुट्याउन लगाउने । | | |
| ७) प्राकृतिक तथा मानवजन्य विपत्ति | प्राकृतिक तथा मानवजन्य विपत्ति | -स्थानीय क्षेत्रमा घटेका वा घट्न सक्ने प्रकोपको पहिचान । | -स्थानीय स्तरमा बाढी, पहिरो, आगलागी, वन डढेलो, डाँडापाखा, खोलाहरूबाट हुन सक्ने खतरा ।<br>-सडक दुर्घटनाबाट हुन सक्ने जोखिम । | -स्थानीय खोला तथा सडकहरूमा भ्रमण गराई त्यहाँ देखिएका प्रकोपहरूको सूची बनाउन लगाई प्रस्तुत गर्ने ।<br>-खोला किनारमा बाढी, डाँडापाखा र सडकमा पहिरो जानुको कारण वनमा आगलागी, भूकम्पले चर्किएका संरचना आदिको अवलोकन गराउने ।<br>-प्रकोपजन्य चित्र वा तस्बिर देखाई पहिचान गर्न लगाउने । | -आफ्नो टोल वरिपरि भएका प्रकोपहरूको सूची बनाउन लगाउने ।<br>-चित्रमा प्रकोप पहिचान गर्न लगाउने ।<br>-प्राकृतिक प्रकोपको चित्र बनाउन लगाउने (जस्तै : पहिरो गएको, घर भत्किएको) । | १६ |
| ८) परम्परागत मूल्य र मान्यता | आदर सत्कार | -साथी, गुरुगुरुआमा परिवारका सदस्य र छिमेकीहरूलाई यथोचित अभिवादन गर्न । | -साथी, गुरु, गुरुआमा, परिवारका सदस्यहरू र छिमेकी बालबालिका सँग घुलमिल र आदरसत्कार गर्न जस्तै : तिमी तपाईं, हजुर<br>-आफूभन्दा ठुला कक्षाका विद्यार्थीहरूलाई आदर गर्न र सानालाई माया । | -विद्यार्थी बिच नमस्कार गर्न सिकाइ एकआपसमा परिचय गराउने ।<br>-समूहमा बस्न लगाउने ।<br>-चित्र तथा पोस्टर देखाई अवलोकन गर्न लगाउने ।<br>-साथी चिन्ने खेल खेलाउने ।<br>-अभिनयको माध्यमबाट गुरु, गुरुआमा, परिवारका सदस्यहरू र छिमेकीलाई गर्ने यथोचित शिष्ट व्यवहार सिकाउने (जस्तै : माथिल्लो कक्षाका विद्यार्थीहरूलाई दाजु, दिदी भन्न सिकाइ नमस्कार गर्न लगाउने) ।<br>-साथीहरू र शिक्षकहरू बिच अभिनय मार्फत नम्र र शिष्ट व्यवहार गरेर देखाउने । | -विद्यार्थीको क्रियाकलापको अवलोकन गर्न आदरार्थी शब्दहरू प्रयोग गरी बोल्न लगााउने । जस्तै : तिमी, तपाईं, हजुर ।<br>-आफ्नो घरका सदस्यहरूको नातासहित वाक्य बनाउन लगाउने ।<br>-चित्र र शब्दहरू दिई जोडा मिलाउन लगाउने । | १८ |
| ९) शितगंगा नपाका प्राकृतिक सम्पदाहरू | प्राकृतिक सम्पदा | -आफनो समुदायमा रहेका प्राकृतिक सम्पदाको सूची बनाउन । | -आफनो समुदायमा रहेका खानेपानीका स्रोतहरू (जस्तै : खोलानाला, पँधेरो, ताल /तलैया, झरना, पोखरी, कुवा) ।<br>-वनमा पाइने जडीबुटी (जस्तै : पाषाणभेद, पिपला, टिमुर, मरहटी | स्थलगत अवलोकन र अभिभावकको सहयोगमा आफ्नो समुदायमा रहेका प्राकृतिक सम्पदाहरूको बारेमा सूची तयार गर्न लगाउने । | तपाईंको टोलमा रहेका प्राकृतिक सम्पदाहरूको सूची तयार गर्नुहोस् । | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | आदि)। -खनिज चुनढुङ्गा, फलाम आदिको पहिचान। | | | |
| १०) सामाजिक व्यक्तित्व एवं सङ्घ-संस्था | आमा समुह, टोल विकास समूह | आफ्नो टोल छिमेकमा रहेका सामाजिक विकासमा योगदान पुऱ्याउने संस्थाको परिचय दिन। | आफ्नो टोल छिमेकमा रहेका सामाजिक विकासमा योगदान पुऱ्याउने सङ्घसंस्थाको परिचय । | -वडामा रहेका सङ्घसंस्थाको परिचय दिने। -परिचय दिँदा भिडियो, पोस्टर, तस्बिर देखाउने। | वडामा रहेका सङ्घसंस्थाको परिचय दिनुहोस्। | ११ |

## वियषयवस्तुको विस्तृतीकरण कक्षा ३

| क्षेत्र | वियषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| १ म र मेरो स्थानीय तह | मेरो वडा | -आफू बसेको वडाको भौगोलिक अवस्था र साँध सिमाना बताउन। -आफू बसेको समुदायको नक्सा बनाउन। | -समुदाय र वडाको साँध सिमाना, नक्सा कार्य। | -आफनो वडाको पूर्व-पश्चिम उत्तर-दक्षिणमा रहेको साँध सिमाना छुट्याउन लगाउने। -सामान्य नक्सा कोर्ने सिपको विकास गराउने। | -वडाको साँध सिमाना छुट्याउनुहोस्। -आफ्नो वडाको नक्सा कोर्नुहोस् । | १४ |
| २ स्थानीय परम्परा/स्थानीय कला, भाषा र वेशभूषा | परम्परा/ स्थानीय कला, भाषा | -आफ्नो समुदायका विभिन्न जातजातिले बोल्ने भाषा, बजाउने बाजा एवं नाचको सूची बनाउन। -स्थानीय भाषा, साहित्य, संगीत र बाजाको पहिचान। | -विभिन्न चाडपर्वमा बजाइने परम्परागत बाजाहरू पहिचान। -स्थानीय बाजा, साहित्य, सङ्गीत र कला। | -स्थानीय स्तरमा बोलिने भाषाहरूको सूची बनाई प्रस्तुत गर्न लगाउने। -कुनै विशेष पर्व र अवसरमा निश्चित क्षेत्रको स्थलगत अवलोकन भ्रमण गराई कला संस्कृतिको महत्त्व बताइदिने। -कुन बाजा कुन अवसरमा बजाइन्छ बताइदिने । (जस्तै : शङ्ख, घण्ट, डमरु, सारंगी, सहनाई, नर्सिगा, पञ्चेबाजा, मजुरा, खैंजडी आदि) | -स्थानीय क्षेत्रका नाच र बाजाको सूची बनाउनुहोस्। -आफ्नो घरमा भएको बाजाको चित्र बनाउनुहोस्। | १६ |
| ३) परम्परागत पेसा, | परम्परागत पेसा, | -आफ्नो समुदायमा रहेका | आफ्नो समाजमा अपनाइएका विभिन्न | -विभिन्न पेसा व्यवसायका बारेमा | आफ्नो समुदायमा अपनाइएका | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| व्यवसाय, उद्यमशीलता र प्रविधि | व्यवसाय, उद्यमशीलता र प्रविधि | परम्परागत पेसा, व्यवसाय र प्रविधिको पहिचान गर्न ।<br>-स्थानीय स्तरमा सञ्चालित व्यवसायको पहिचान । | पेसाअन्तर्गत गरिने कामको प्रकृति । (जस्तै : जोताइ, पेलाइ, कुटपिस, सिलाइ, आरन, कर्मकाण्ड आदि) । | चित्र, पोस्टर, भिडियो प्रदर्शन र छलफल गर्ने ।<br>-आफ्नो समुदायमा सञ्चालन रहेका परम्परागत व्यवसायका लागि समुदायका बुढापाका मानिससँग सोधखोज गरी छलफल गर्ने । (जस्तै : मौरीपालन, गाईपालन, भैँसिपालन, कुटिर उद्योग आदि)<br>-आफ्नो समुदायमा भएका परम्परागत पेसा प्रविधिबारे आफ्नो घरपरिवारका अग्रजसँग सोधी कक्षामा छलफल गर्ने । | मुख्य पेसाहरूको नाम भन्नुहोस् ।<br>- ढिकी, झाँतो कोल, हलो जस्ता परम्परागत प्रविधिका चित्र बनाउनुहोस् ।<br>- | |
| ४) धार्मिक/ सांस्कृतिक र पर्यटकीय स्थल | सांस्कृतिक, धार्मिक एवं पर्यटकीय स्थल | -आफ्नो समुदायमा रहेका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलको सूची बनाउन । | -आफ्नो समुदायमा रहेका धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलको पहिचान ।<br>(जस्तै : मन्दिर, कुलपूजा गर्ने ठाउँ, ठाँटी पौवा, सिता खोला, गङ्गाखोला, बराह ताल, लामाताल, सिद्ध गुफा, झरना) | -स्थानीय समुदायमा रहेका देवालय, पाटीपौवाको चित्र देखाई नाम बताइदिने ।<br>-विद्यालय नजिकैका मठमन्दिर, पाटीपौवाको अवलोकन गराई तिनका विशेषता बतनदिइने ।<br>-विद्यालय नजिकको पर्यटकीय क्षेत्रको अवलोकन भ्रमण वा फोटो प्रदर्शन गरी त्यसको परिचय, महत्त्व, त्यस क्षेत्रमा पर्यटक आउनुका कारण बताइदिने । | -आफ्नो समुदायमा रहेका मन्दिर र पाटीपौवाको नाम बताउनुहोस् ।<br>-मठमन्दिर र पाटीपौवा जस्ता सांस्कृतिक सम्पदाका तस्बिर हेरेर तिनको नाम लेख्नुहोस् ।<br>-मन्दिर, पाटीपौवा पर्यटकीय स्थलको चित्र बनाउनुहोस् । | २० |
| ५) योग, ध्यान, व्यायाम र स्थानीय खेल | योग र ध्यान स्थानीय खेल | -हात, खुट्टा, कम्मर र पेटको कसरत ।<br>-पद्मासन, बज्रासन र पर्वतासन, ओम र मुद्रामा ध्यान अनुलोम विलोम, श्वसन अभ्यास ।<br>-स्थानीय स्तरमा खेलिने खेल खेल्न । | -हात, खुट्टा, आँखा र पेटको कसरत ।<br>-पद्मासन र पर्वतासन, बज्रासन ।<br>-अनुलोम-विलोम र श्वसन ।<br>-स्थानीय स्तरमा खेलिने खेल (जस्तै : गुच्चा, घुना, लारीलौरो, लक्कुढाल आदि) । | -हात खुट्टा, आँखा र पेटको कसरत सम्बन्धी भिडियो, पोस्टरको प्रदर्शन गर्ने विद्याथीहरूलाई निर्देशन अनुसार हात खुट्टा आँखा र पेटको कसरत गर्न सिकाउने ।<br>-पद्मासन र पर्वतासन, बज्रासन सम्बन्धी भिडियो,<br>पोस्टरको प्रदर्शन गर्ने ।<br>-शिक्षकले कसरत र आसनहरू प्रयोगात्मक रूपमा गरेर देखाउने ।<br>-विद्याथीहरूलाई निर्देशन अनुसार आसनहरू गराउने । | -विद्यार्थीहरूले गरेको औंला, हात, खुट्टा र आँखाको कसरतको अवलोकन गर्ने<br>-विद्याथीहरूले सही ढङ्गले आसनमा बसे नबसेको अवलोकन गर्ने ओम उच्चारण, भस्त्रिका प्राणायाम र श्वसन अभ्यासमा मेरुदण्ड, गर्धन र श्वासको आरोह, अवरोह नमले नमिलेको अवलोकन गर्ने । | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | -ओम उच्चारण, मुद्रामा ध्यान अनुलोम विलोम श्वसन अभ्यास सम्बन्धी पोस्टर र भिडियो प्रदर्शन गर्ने र विद्यार्थीहरूलाई गर्न सिकाउने ।<br>-गुच्चा, घुना, लारीलौरो, लक्कुढाल आदि जस्ता स्थानीय स्तरमा खेलिने खेल खेल्न लगाउने | | |
| ६ परम्परागत खाद्यबाली, पौष्टिक आहार र फोहोरमैला व्यवस्थापन | खाद्यबाली, सरसफाइ | आफ्नो वडामा पाइने परम्परागत अन्नबाली र फलफूलको महत्व बताउन ।<br>-दिवा खाजाका लागि चाहिने वैयक्तिक सामानको सरसफाइ गर्न<br>-आफूले प्रयोग गरिसकेपछि निस्कने फोहोरमैला व्यवस्थापन गर्न । | -परम्परागत अन्न बालीको परिचय ।<br>-परम्परागत अन्न बाली र फलफूलको महत्त्व ।<br>-फोहोर व्यवस्थापन । | -परम्परागत अन्नबाली र फलफूलबारे छलफल गराउने ।<br>-परम्परागत अन्न बाली र फलफूलको महत्त्व लेखिएको चार्ट प्रस्तुत गरी टिपोट गर्न लगाउने । परम्परागत अन्नबालीहरू, फलफूलबारे छलफल गराउने ।<br>-दिवा खाजा अघि र पछि गर्नुपर्ने सरसफाइबारे छलफल गराउने ।<br>-आफुले प्रयोग गरेको सामानबाट निस्कने फोहोरको व्यवस्थापन (जस्तै : चकलेटका खोल, प्लास्टिक, फलफूलका बोक्रा आदि) को व्यवस्थापनबारे छलफल गराउने । | -परम्परागत खानाको महत्त्व भन्न लगाउनुहोस् ।<br>-परम्परागत अन्नबालीहरूको सूचीकरण गर्न लगाउनुहोस् । | १४ |
| ७) प्राकृतिक एवं मानवजन्य विपत्ति/ वन्यजन्तुबाट हुने हानि नोक्सानी | प्राकृतिक एवं मानवजन्य विपत्ति | -प्राकृतिक तथा मानवीय कारण हुने विपत्तिहरू बताउने ।<br>-सवारी दुर्घटनाका कारणहरूको सूची बताउन । | -प्राकृतिक तथा मानवीय कारणबाट हुने विपत्तिहरू (आगलागी, बाढी, चट्याङ, करेन्ट, बाढी, पहिरो, डुबान, राम्रो घाँस प्राप्त गर्ने लोभमा वनमा आगो लगाउने, असावधानीबस आफैँलाई गोली लाग्नु आदि) ।<br>-सडकमा ट्राफिक नियमको पर्वाह नगरी जथाभावी गतिमा सवारी साधन हाँक्ने ।<br>-एम्बुलेन्स हिँड्ने सडकमा ट्राफिक नियम उल्लंघन गरी जथाभावी हिँड्नु । | -पत्रपत्रिका तथा पोस्टरहरूमा प्रकाशित भएका आगलागीका चित्र देखाउने ।<br>-बाघ, चितुवा, बँदेलका चित्र देखाई सावधानी हुने उपाय बताउने ।<br>-ट्राफिक नियम विपरीत सवारी साधन चलाएका चित्र देखाई सावधान गराउने ।<br>-बाढी, पहिरो, भूकम्प सम्बन्धी तस्बिरहरू प्रदर्शन गरी बाढी पहिरोबाट सचेत हुने बानीको विकास गराउने । | -पोस्टर देखाई प्राकृतिक तथा मानवजन्य विपत्तिका कारणबारे सोध्नुहोस् ।<br>-सवारी दुर्घटनाका कारणहरू सोध्नुहोस् । | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८) सामाजिक मूल्य मान्यता, परम्परा | सामाजिक मूल्य मान्यता | -साथी, गुरुहरू, परिवारका सदस्य र छिमेकी हरूलाई नाता अनुसार शिष्टाचा सहित अभिवादन गर्न । | -साथी, गुरुहरू, परिवारका सदस्य र छिमेकीहरूसँग मित्रवत् व्यवहार । -सामाजिक क्रियाकलापमा परिवारसँग गई सहभागी भई चिनजानका व्यक्तिहरूले गरेका प्रश्नहरूको विनम्रता प्रत्युत्तर । -सामाजिक धार्मिक तथा परम्परागत रूपमा गरिने संस्कारजन्य क्रियाललापहरू (जस्तै : विवाह, पूजा, न्वारान, पास्नी, जन्मोत्सव, काजकिरिया) । | -कक्षाका विद्यार्थीहरू बिच नमुना समाज बनाई अभिनय विधिद्वारा एकअर्काबिच अभिवादन गर्न सिकाउने । -अभिवादन तथा सम्बन्ध दर्साउने चित्र तथा कथाहरू प्रस्तुत गर्ने । -सामाजिक धार्मिक परम्परागत संस्कारमा गरिने क्रियाकलापबारे छलफल गराउने । | -आदरार्थी शब्दहरूको प्रयोग गरी वाक्य बनाउन लगाउनुहोस् । -सबैलाई नमस्कार गरी आफ्नो नाम र घरपरिवारमा को को हुनुहुन्छ ? | १६ |
| ९) शितगंगा नगरपालिकाका प्राकृतिक सम्पदा | प्राकृतिक सम्पदा | -आफनो समुदायमा रहेका प्राकृतिक सम्पदाको परिचय दिन । | -आफ्नो समुदायमा रहेका प्राकृतिक सम्पदाहरू (जस्तै : पानीका स्रोतहरू, वनजङ्गल, जडीबुटी र खनिज आदिको सामान्य परिचय) । | -स्थलगत अवलोकन र अभिभावको सहयोगमा आफ्नो समुदायमा रहेका प्राकृतिक सम्पदाहरूबारे छलफल गराउने । -आफ्नो समुदाय र विद्यालय वरपर रहेका प्राकृतिक स्रोतहरूका बारेमा छलफल र प्रश्नोत्तर गराउने । -स्थानीय स्तरमा रहेका प्राकृतिक सम्पदाहरूको सूची बनाउन लगाई छलफल गर्ने । | तपाईंको टोलमा रहेका प्राकृतिक सम्पदाहरूको सूची तयार गरी सामान्य परिचय दिनुहोस् । | १५ |
| १०) सामाजिक व्यक्तित्व एवं सङ्घ-संस्था | सामाजिक व्यक्तित्व | -शितगंगा नगरपालिकाका नगरप्रमुख र उपप्रमुखको परिचय । -आफ्नो टोल छिमेकमा बसोबास गर्ने सामाजिक विकासमा योगदान पुऱ्याउने व्यक्तिहरूको परिचय दिन । | -आफ्नो समुदायमा बसोबास गर्ने स्थानीय, राष्ट्रिय अन्तर्राष्ट्रिय तहका सामाजिक, सांस्कृतिक, राजनीतिक क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिको पहिचान । -आफ्नो वडाका वडाध्यक्ष, नगरप्रमुख एवं उपप्रमुखको परिचय । -आफ्नो समुदायमा कार्यरत महिला स्वयंसेविकाको परिचय । | -स्थानीय, राष्ट्रिय अन्तर्राष्ट्रिय तहका सामाजिक, सांस्कृतिक, राजनीतिक क्षेत्रमा योगदान पुऱ्याएका आफ्नो समुदायका व्यक्तिको तस्बिर देखाउने । -स्थानीय, राष्ट्रिय अन्तर्राष्ट्रिय तहका सामाजिक, सांस्कृतिक, राजनीतिक क्षेत्रमा योगदान पुऱ्याएका आफ्नो समुदायका व्यक्तिको सङ्क्षिप्त परिचय (नाम, जन्ममिति, ठेगाना) बताइदिने । -आफ्नो वर्तमान वडाध्यक्ष, नगरप्रमुख, उपप्रमुख र टोलको महिला स्वयंसेविकाको परिचय बताइदिने । | -आफ्नो समुदायका विशिष्ट व्यक्तिको नाम, जन्ममिति र योगदान बताउनुहोस् । -राज्य पुनःसंरचनापछिका प्रथम नगरप्रमुख र उपप्रमुखको परिचय दिनुहोस् । -आफ्नो वर्तमान वडाध्यक्षको नाम के हो ? -वडामा कतिजना सदस्यहरू हुन्छन् ? -नगरप्रमुख/उपप्रमुखको परिचय दिनुहोस् । | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सङ्घीयता कार्यान्वयन पछिका पहिलो नगरप्रमुख र उपप्रमुखहरूको परिचय दिने । | | |

### विषयवस्तुको विस्तृतीकरण कक्षा ४

| क्षेत्र | वियषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| १. म र मेरो स्थानीय तह | मेरो स्थानीय तह | -आफ्नो वडा कार्यालयका पदाधिकारीहरूको गठन प्रक्रिया बताउन ।<br>-स्थानीय तहको नक्सा कोर्न । | -वडाध्यक्ष र सरस्यको छनोट प्रक्रिया ( जस्तै : वडाध्यक्ष एक, दलित महिला सदस्य एक, खुला महिला सदस्य एक र दुई पुरुष सदस्य) ।<br>-आवधिक निर्वाचनको माध्यमबाट पहिलो हुने उम्मेदवार छनोट हुने व्यवस्था ।<br>-स्थानीय तहको साँध सिमाना सहितको नक्सा । | -वडा कार्यसमितिको छनोट प्रक्रियाबारे संविधानमा उल्लेख भए बमोजिमको गठन प्रक्रियाको बारेमा छलफल, प्रदर्शन विधिको प्रयोग गरी प्रस्ट पारिदिने ।<br>-आफ्नो परिवार र समुदायका बुद्धिजीवीहरूसँग सोधपुछ गरी आफ्नो वडाको साँध सिमाना छुट्याई कक्षाकोठामा प्रस्तुत गर्न परियोजना कार्य दिने ।<br>-नेपालको नक्सामा आफ्नो स्थानीय तहको नक्सा खोजी गर्न सिकाउने ।<br>-गुगल म्यापबाट आफ्नो वडाको नक्सा खोज्न सिकाउने । | -वडा समिति कति सदस्यीय हुन्छ ?<br>-वडा समिति कसरी छनोट गरिन्छ ?<br>-आफ्नो वडाको चारैतिरको साँध सिमाना लेख्नुहोस् ।<br>-आफ्नो वडाको नक्सा बनाउनुहोस् । | १२ |
| २) स्थानीय परम्परा, कला, संस्कृति र वेशभूषा | हाम्रो परम्परा, कला र संस्कृति | -स्थानीय भाषाको परिचय दिन ।<br>-स्थानीय परम्परागत कलाको नाम र परिचय दिन ।<br>-स्थानीय परम्परागत बाजाको महत्त्व बताउन । | -स्थानीय भाषाहरू (जस्तै : गुरुङ, नेवारी, मगर आदि भाषाको परिचय) ।<br>-स्थानीय तहमा रहेका नाचगान स्थल, बाजाहरूको पहिचान र परिचय (जस्तै : देउसी, भैलो, मारुनी, सराय, भजन कीर्तन, खैंजडी, मुजुरा आदि) । | -स्थानीय बौद्धिक व्यक्तिहरूसँग स्थानीय भाषाको उत्पत्ति, परिचय, लिपि, ऐतिहासिक प्रस्तर कलाको बारेमा अन्तरक्रिया गराउने ।<br>-वरिपरि रहेका परम्परागत काष्ठकला, प्रस्तरकला, शिलालेखको अवलोकन भ्रमण गराई तिनको महत्त्व बताइदिने ।<br>-स्थानीय बाजाका धुन सङ्कलन गरी सुनाउन भिडियो प्रदर्शन गर्ने । | -बाँसुरी, मादल, मुजुरा बजाउन लगाउनुहोस् ।<br>-स्थानीय तहमा बोलिने मातृभाषा जस्तै : गुरुङ, मगर, नेवार समुदायमा बोलिने केही शब्द टिप्न लगाउनुहोस् ।<br>-सम्बन्धित मातृभाषी व्यक्तिसँग भेट गरी तिनका विशेष खानेकुरा, कपडा, भाँडा, पशुपछी र चाडपर्व बारे टिपोट गर्न लगाउनुहोस् । | ११ |
| ३) स्थानीय | परम्परागत पेसा | समाजमा प्रचलित कृषि, व्यापार, | स्थानीय स्तरमा सञ्चालित पसल, | -कृषि, फलफूल, दुग्ध उत्पादनबाट हुने | -स्थानीय स्तरमा सञ्चालित | १३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| परम्परागत पेसा व्यवसाय, उद्यमशीलता र प्रविधि | व्यवसाय, उद्यमशीलता र प्रविधि | उद्योग, पर्यटन तथा अन्य पेसा व्यवसायको परिचय तथा तिनको महत्त्व र फाइदा बताउन । | व्यवसाय, होटल व्यवसाय, दुग्ध व्यवसाय, पुष्प व्यवसाय, कृषि व्यवसाय, पशुपालन, व्यवसाय, पोल्ट्री फर्म, फलफूल तथा तरकारी व्यवसायको परिचय र महत्त्व । | फाइदाहरूको तस्बिरसहितको सूची बनाई प्रस्तुत गर्ने ।<br>-स्थानीय क्षेत्रका बजारको अवलोकन भ्रमण गरी पसल व्यवसायको वर्गीकरण गर्ने ।<br>विभिन्न पेसा व्यवसायमा संलग्न मानिसको पेसाको प्रकार बताउन (जस्तै : होटलमा काम गर्ने कुक, वेटर, अस्पतालका नर्स आदि)<br>-स्थानीय स्तरमा सञ्चालित उद्योगहरूको सूची बनाई त्यहाँ उत्पादन हुने वस्तुको नाम र तस्बिर प्रस्तुत गर्ने (जस्तै डेरी, साबुन उद्योग आदि ।) | पेसा व्यवसायको महत्त्व बताउनुहोस् ।<br>-दुधबाट दही, मही, नौनी, घिउजस्ता परिकार बन्ने विधि लेख्नुहोस् । | |
| ४) धार्मिक/ सांस्कृतिक र पर्यटीय स्थल | धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरू | -आफ्नो समुदायमा प्रचलित धार्मिक सांस्कृतिक ऐतिहासिक र पर्यटकीय स्थलहरूको महत्त्व बताउन । | -आफ्नो समुदायमा भएका धार्मिक सांस्कृतिक ऐतिहासिक र पर्यटकीय स्थलहरूको महत्त्व । | -स्थानीय महत्त्वपूर्ण धार्मिक सांस्कृतिक र पर्यटकीय स्थलहरूको भ्रमण गराई त्यसको महत्त्व बताइदिने ।<br>(जस्तै : सुपा देउराली मन्दिर, डमरु दह, गोही पाइने ठाउँ, एसियाकै ठूलो वटवृक्ष, जयकोट दरबार, मालिका मन्दिर, झाँक्रीझँक्रेनी शिला, शिवालय मन्दिर ।)<br>-स्थानीय समुदायका विशिष्ट व्यक्तिसँग अन्तरक्रिया गरी त्यसको महत्त्वबारे प्रतिवेदन तयार पार्न लगाउने ।<br>-उक्त क्षेत्रमा अझ बढी पर्यटकहरू भित्र्याउनका लागि के कस्ता सुधारहरू गर्नुपर्छ त्यसका बारेमा बताइदिने ।<br>-स्थानीय ऐतिहासिक स्थलहरूको स्थलगत अध्ययन भ्रमण गराई त्यससम्बन्धी जानकार व्यक्तिको सहयोगमा त्यसको परिचय र त्यसले हाम्रो पहिचानमा पुऱ्याएको योगदानको बारेमा छलफल गर्ने । | -आफ्नो समुदायमा रहेका धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरूमध्ये कुनै एक पर्यटकीय क्षेत्रको महत्त्व बुँदागत रूपमा लेख्नुहोस् । | १३ |
| ५) योग-ध्यान, व्यायाम र स्थानीय खेल | योग ध्यान स्थानीय खेल | -काँध, गर्धन र ढाडको व्यायाम, पद्मासन, बज्रासन, भुजङ्गासन, हास्यासन, ओम उच्चारण र ध्यान मुद्रा, पद्म मुद्रा र ज्ञान मुद्रा, प्राणायामः भ्रामरी, अनुलोम-विलोम<br>-स्थानीय स्तरमा खेलिने खेलको | -काँध, गर्धन र ढाडको व्यायाम गर्न । सूर्य नमस्कार र अर्धचन्द्रासन गर्न । ओम उच्चारण र मुद्रा (पद्म मुद्रा र ज्ञान मुद्रा) मा ध्यान ।<br>भ्रामरी, अनुलोम-विलोम प्राणायाम ।<br>-स्थानीय खेलका सिपहरू : भलिबल, कपर्दी । | -काँध, गर्धन र ढाड सम्बन्धी भिडियो, पोस्टरको प्रदर्शन गर्ने ।<br>-विद्यार्थीहरूलाई निर्देशन अनुसार काँध, गर्धन र ढाडको व्यायाम गराउन सिकाउने ।<br>-सूर्य नमस्कार र अर्धचन्द्रासन सम्बन्धी भिडियो र पोस्टरको प्रदर्शन गर्ने ।<br>-शिक्षकले आसनहरू प्रयोगात्मक रूपमा | -काँध, गर्धन र ढाडको कसरतको अवलोकन गर्नुहोस् ।<br>-आसनका तरिकाहरू सही ढंगले भए नभएको अवलोकन गर्नुहोस् ।<br>-ओम उच्चारण, भस्त्रिका | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | नियम बताउन । | | देखाउने ।<br>--भ्रामरी, अनुलोम-विलोम प्राणायाम सम्बन्धी पोस्टर, भिडियो प्रदर्शन गने, शिक्षक स्वयम्ले गरेर देखाउने र आफूसँगै विद्याथीहरूलाई गर्न लगाउने ।<br>-स्थानीय स्तरमा खेलिने खेलका नियमबारे विद्यार्थीहरूबिच छलफल गरी टिपोट गर्न लगाउने । | प्राणायाम र श्वसन अभ्यासमा मेरुदण्ड, गर्दनको कसरत, श्वासको आरोह, अवरोह मिले नमिलेको अवलोकन गर्नुहोस् ।<br>-स्थानीय खेलका नियमको सूची बनाउनुहोस् । | |
| ६) परम्परागत खाद्यबाली, पौष्टिक आहार र फोहोर व्यवस्थापन | परम्परागत खाद्यबाली, पौष्टिक आहार र सरसफाइ | -शितगंगा नगरपालिकामा पाइने -परम्परागत खाद्यबालीहरूको पहिचान गरी महत्त्व बताउन ।<br>-दिवा खाजामा स्थानीय खाद्यान्नको प्रयोगबारे बताउन ।<br>-फोहोरमैलाको उचित व्यवस्थापन गर्न । | -समुदायमा प्रचलित परम्परागत --- खाद्यबालीबाट बनाइने खाद्य परिकार (जस्तै : मकैको आटो, जोको आटो, कोदाको रोटी, ढिँडो, गहत, सुकेसाग, सिन्की, तितौरा आदि) ।<br>-दिवा खाजाको परिकार ।<br>-आफ्नो समुदायमा हुने फोहोरको व्यवस्थापन । | -समुदायमा प्रचलित परम्परागत -- खाद्यबालीबाट बनाइने परिकारको बारेमा छलफल गराउने ।<br>-दिवा खाजामा स्थानीय खाद्यान्नको प्रयोगबारे छलफल गराउने ।<br>-समुदायमा हुने फोहोरको उचित व्यवस्थापनबारे छलफल गर्ने । | -कुनै दुई स्थानीय खाद्य परिकार बनाउने तरिका लेख्नुहोस् ।<br>-समुदायमा हुने फोहोरको व्यवस्थापन कसरी गर्न सकिन्छ ? | १२ |
| ७) प्राकृतिक तथा मानवजन्य विपत्ति | प्राकृतिक विपत्ति तथा सवारी दुर्घटना | -चट्याङ, हावाहुरी, आगलागी, घरगोठमा आगलागीबाट बच्ने उपाय बताउन ।<br>-सवारी दुर्घटनाबाट हुने असरको पहिचान गर्न । | -चट्याङ, हावाहुरी, आगलागीबाट बच्ने सुरक्षाका उपायहरू ।<br>-सवारी दुर्घटनाबाट हुने असर । | -चट्याङ , हावाहुरी, आगलागीबाट हुने मानवीय क्षतिका पोस्टर प्रदर्शन ।<br>-सवारी दुर्घटनाबाट हुने असरहरूको बारेमा छलफल गरी प्रश्नोत्तर गर्ने । | -चट्याङ् , हावाहुरी, आगलागीबाट हुने असरहरू लेख्नुहोस् ।<br>-सवारी दुर्घटनाका असरहरू के-के हुन् ? | १४ |
| ८) सामाजिक मूल्य, मान्यता | जीवनशैली | -शितगंगा नगरपालिकाका बासिन्दाको जीवनशैलीका परिचय दिन । | -नपामा मान्ने धर्म संस्कृतिको परिचय, स्थानीय व्यक्तिहरूको जीवनशैलीको परिचय ।<br>-धार्मिक आस्थाअनुसारको जीवनशैली । | -विद्यालय नजिकैको कुनै एक गाउँ वा ठाउँको अवलोकन भ्रमण गराई त्यहाँ बसोवास गर्ने जातजाति र विभिन्न धर्म मान्ने मानिसहरू बस्छन् भन्ने बताई टिपोट गर्न लगाउने ।<br>-आफ्नो विद्यालय रहेको आफू बसोबास गर्ने टोल र वडाको जीवनशैलीबारे परिचय दिने ।<br>-नगरपालिका भित्र बसोवास गर्ने मानिसहरूको जात र उनीहरूले मान्ने धर्मको चार्ट प्रस्तुत गरी अवलोकान गर्न लाइगाई टिपोट गर्न लगाउने ।<br>-स्थानीय स्तरमा आयोजना हुने न्वारान, | -प्रश्नोत्तर विधिको प्रयोग गरी आफ्नो टोलमा भएका जातजाति र धर्मको नाम भन्न लगाउने ।<br>-पोस्टर देखाएर विभिन्न मानिसहरूको जीवनशैलीको पहिचान गर्न लगाउने । | १३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | विवाह, व्रतबन्ध, मृत्यु संस्कार आदिमा सहभागी गराई त्यस्ता संस्कारमा गरिने क्रियाकलापका बारेमा छलफल गर्ने । | | |
| ९) सिनपाका प्राकृतिक सम्पदाहरू | हाम्रा प्राकृतिक सम्पदाहरू | -आफ्नो वडा र समुदायमा रहेका प्राकृतिक सम्पदा र जडीबुटीको पहिचान । | -आफ्नो समुदायमा रहेका प्राकृतिक सम्पदा (जस्तै : जल, खनिज र जडीबुटी ।) | -शिक्षक अभिभावकको सहयोगमा आफ्नो घर, टोल, समुदायमा रहेका प्राकृतिक सम्पदाहरूको बारेमा छलफल गराउने ।<br>-आफ्नो घर, टोल, समुदाय र वडाभित्र पाइने प्राकृतिक सम्पदाको चार्ट प्रदर्शन गर्ने ।<br>-विद्यालय वरपर रहेका रुघाखोकी लाग्दा उपयोगमा आउने प्राकृतिक जडीबुटीको पहिचान गराउने ।<br>-जल, जमिन र खनिज पदार्थको सामान्य परिचय दिने । | -तपाईंको समुदाय र वडामा रहेका प्राकृतिक सम्पदाहरूको नाम लेख्नुहोस् ।<br>-तपाईंको घर, टोल, समुदाय र वडामा रहेका प्राकृतिक जडीबुटीको नाम लेख्नुहोस् ।<br>-आफ्नो वडामा पाइने खनिजको नाम लेख्नुहोस् । | १२ |
| १०) सामाजिक व्यक्तित्व एवं सङ्घ-संस्था | सामाजिक व्यक्तित्व | -शितगंगा नगरपालिका क्षेत्रबाट प्रजातान्त्रिक तथा लोकतान्त्रिक आन्दोलमा महत्त्वपूर्ण योगदान पुऱ्याएका व्यक्तित्वहरूको पहिचान । | - शितगंगा नगरपालिका क्षेत्रबाट प्रजातान्त्रिक तथा लोकतान्त्रिक आन्दोलमा महत्त्वपूर्ण योगदान पुऱ्याएका व्यक्तित्वहरू (जस्तैः .ऐनबहादुर आले, अनुपकुमार सोल्टी, कृष्णसेन इच्छुक आदि ) । | - शितगंगा नगरपालिका क्षेत्रबाट प्रजातान्त्रिक तथा लोकतान्त्रिक आन्दोलमा महत्त्वपूर्ण योगदान पुऱ्याएका व्यक्तित्वहरूको पहिचान गरी छलफल गराउने (जस्तै : २००७ सालको आन्दोलन, २०४६ सालको आन्दोलन, २०६२/०६३ को जनआन्दोलन) र महत्त्वपूर्ण योगदानको चर्चा गर्ने । | - शितगंगा नगरपालिका क्षेत्रबाट प्रजातान्त्रिक तथा लोकतान्त्रिक आन्दोलमा महत्त्वपूर्ण योगदान पुऱ्याएका व्यक्तित्वहरूको परिचय बताउनुहोस् । | १३ |

## वियषयवस्तुको विस्तृतीकरण कक्षा ५

| क्षेत्र | वियषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| १. म र मेरो स्थानीय तह | भौगोलिक अवस्थिति<br>जनसाङ्ख्यिकी अवस्थिति<br>चुरे पर्वत | -शितगंगा नगरपालिकाको भौगोलिक परिचय दिन ।<br>-जनसाङ्ख्यिकी परिचय दिन ।<br>-शितगंगा नगरपालिकामा अवस्थित चुरे पर्वतको परिचय दिन । | -शितगंगा नगरपालिकाको नक्सा ।<br>-नगरपालिकाको साँध सिमाना, केन्द्र,<br>-नगरपालिकाको धरातलीय अवस्था ।<br>-शितगंगा नगरपालिकाको जनसङ्ख्या ( धर्म, जाति र लिङ्ग समेत । )<br>-नगरपालिका क्षेत्रभित्र पर्ने चुरे क्षेत्रको अवस्थिति । | -नगरपालिकाको नक्सा बनाउन लगाउने ।<br>-छलफल र परियोजना कार्यमार्फत नगरपालिकाको साँध सिमाना छुट्याउन लगाउने ।<br>-नगरपालिकाको नक्सामा तोकिएको ठाउँलाई सङ्केत गर्न लगाउने ( जस्तै : चुरे क्षेत्र, महाभारत शृंखला, दून-भावर क्षेत्र, दह, नदीका उद्गमस्थल आदि । )<br>-उचाइ, क्षेत्रफल, हावापानी, वनस्पति (चुरे, दुन, भावर, टार, महाभारत, महाभारत, शिवालिक, नदी, गल्छी) बारे बताउने ।<br>-चुरे क्षेत्रको अवस्थितिबारे भ्रमण गराई छलफलबाट चुरेको परिचयबारे समूह छलफल गर्ने ।<br>-शितगंगा नगरपालिकाको जनसङ्ख्याको अवस्थाबारे छलफल, प्रश्नोत्तर गर्ने (जस्तै : कुल जनसङ्ख्या, जातजाति, धर्म अनुसार, भाषा अनुसारको जनसङ्ख्या बनोट । ) | -शितगंगा नगरपालिकाको नक्सा बनाउनुहोस् ।<br>-नगरपालिकाका चारैतिरका सिमाना लेख्नुहोस् ।<br>-चुरे पर्वतको सामान्य अवस्थिति बताउनुहोस् ।<br>-शितगंगा नगरपालिकाको कुल जनसङ्ख्यामा महिला र पुरुषको सङ्ख्याबारे लेख्नुहोस् । | १४ |
| २) स्थानीय परम्परा, संस्कृति, कला, साहित्य | हाम्रो संस्कृति र वेशभूषा | -आफ्नो समुदाय भित्रको सांस्कृतिक विविधताबारे बताउने । | -आफ्नो समुदाय, वडा र स्थानीय तहभित्र मनाइने मेला, जात्रा ।<br>-स्थानीय क्षेत्रमा निर्माण गरिएका वाद्यवादन सामग्रीको परिचय ।<br>-आफ्नो समुदायका मानिसहरूको जातीय, भाषिक, वेशभूषाको पहिचान (जस्तै : शितगंगा क्षेत्रमा बसोबास गर्ने गुरुङ | -शितगंगा नगरपालिकामा प्रचलित मुख्य ऐतिहासिक मेलाजात्रा, नाच अवलोकन भ्रमण गराई उक्त क्षेत्रको महत्त्वबारे बताइदिने (जस्तै : सराय नाच, ऐरावती माघेसंक्रान्ति मेला, देउसी, भैलो, एकादशी)<br>-शितगंगा नगरपालिकाका भाषिक, | -आफ्नो समुदायमा मनाइने सांस्कृतिक, मेला जात्राको महत्त्व लेखेर कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>-कुनै दुईओटा परम्परागत बाजाको परिचय र महत्त्व बताउनुहोस् । | ११ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | जातिका मानिसले गुरुङ भाषा बोल्छन्, बक्खु पोसाक लगाउँछन् भने शितगंगा नगरपालिकाका ब्राह्मण पुरुषहरूले छड्के पटुका बाँध्ने दौरा सुरुवाल, जाँगे, धरो, लगौटी आदि लगाउँछन्, गुरुङसेनीहरूले लगाउने घलेक, गुन्यु, चोलो हमेल माला ।) | सांस्कृतिक, साङ्गीतिक तथा वाद्यबादन सम्पदाको महत्त्व र फाइदाबारे स्थानीय विज्ञहरूसँग भेटघाट गराई छलफल गराउने । | | |
| ३) स्थानीय परम्परागत पेसा व्यवसाय, उद्यमशीलता र प्रविधि | हाम्रा पेसा व्यवसाय, उद्यमशीलता र प्रविधि | -आफ्नो समुदायमा रहेका पेसा, व्यवसाय र प्रविधि (जस्तै : कृषि, उद्योग, व्यापार र प्रविधि) रोजगारीमा आएको परिवर्तन बताउन । | -पेसा व्यवसायमा आएको परिवर्तन (जस्तै : कृषि, व्यापार, उद्योग व्यवसाय, साना मझौला र ठुला उद्योग, बैंक तथा वित्तीय संस्था ।)<br>-परम्परागत प्रविधिमा भएको परिवर्तन । | -कृषि उत्पादन तथा उद्योग व्यवसायको अवलोकन भ्रमण गराउने ।<br>-आधुनिक कृषि प्रणाली र परम्परागत कृषि प्रणालीमा आएको परिवर्तन बिचमा छलफल गराउने ।<br>-परम्परागत पेसा व्यवसाय, उद्यमशीलता र प्रविधिमा आएको परिवर्तनको विषयमा छलफल गर्ने (जस्तै : पहिले गोरुले खेतबारी जोतिन्थ्यो भने अहिले मेसिनले जोतिन्छ ।) | -कृषि, उद्योग, व्यापार, रोजगारी आदिसँग सम्बन्धित पेसा व्यवसाय रोजगारीमा आएको परिवर्तन बताउनुहोस् । | ११ |
| ४) धर्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरू | शितगंगा नगरपालिका भित्रका धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरू | -शितगंगा नपाभित्र भएका सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको महत्त्व बताउन । | -शितगंगा नपाका विभिन्न स्थानमा रहेका सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरू र तिनको परिचय सहित महत्त्व (जस्तै : सुपादेउराली मन्दिर, डमरु दह, जयकोट दरबार, जुकेनामा रहेको झाँकी झक्रेनी शिला, सिद्ध गुफा ) | -शितगंगा नगरपालिकाभित्रका धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरूको प्रत्यक्ष अवलोकन भ्रमण गराई तिनीहरूको परिचय बताइदिने ।<br>-ती स्थलहरूको तस्बिर तथा भिडियो मार्फत परिचय/पहिचान गराउने (जस्तै : राप्ती नदी, जुरेथुम, सेङलेङ, मसिना डमरु दह, जयकोट दरबार,जुकेनामा रहेको झाँकी झक्रेनी शिला, सिद्ध गुफा ....) | -तपाईंको नगरपालिकाभित्र रहेका प्रसिद्ध मठमन्दिरको परिचय दिनुहोस् ।<br>-डमरु दहको परिचय दिनुहोस् ।<br>- झाँकी झक्रेनी शिलाको नमुना चित्र बनाउनुहोस् । | १३ |
| ५) योग, ध्यान, व्यायाम र स्थानीय खेल | योग, ध्यान र स्थानीय खेल | -काँध, गर्दन र ढाडको व्यायाम - मकराकासन र भुजङ्गासन, ओम उच्चारण र ध्यान मुद्रा, पद्म मुद्रा र ज्ञान मुद्रा, प्राणायाम : भ्रामरी, अनुलोम-विलोम गर्न । | -काँध, गर्दन र ढाडको व्यायाम ।<br>- मकराकासन र भुजङ्गासन ।<br>-ओम उच्चारण र मुद्रा (पद्म मुद्रा र ज्ञान मुद्रा)<br>-ध्यान । | -काँध, गर्दन र ढाड सम्बन्धी भिडियो, पोस्टरको प्रदर्शन गर्ने ।<br>-विद्यार्थीहरूलाई निर्देशनअनुसार काँध, गर्दन र ढाडको व्यायाम गर्न सिकाउने । | - काँध, गर्दन र ढाडको कसरतको अभ्यास गर्नुहोस् ।<br>-विद्याथीहरूले विभिन्न आसनको अभ्यास गर्नुहोस् ।<br>-ओम उच्चारण, भस्त्रिका | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | -स्थानीय स्तरमा खेलिने खेलको महत्त्व बताउन । | -भ्रामरी, अनुलोम-विलोम प्राणायाम ।<br>-स्थानीय स्तरमा खेलिने खेलको महत्त्व (एथलेटिक्स) | -मकराकासन र भुजङ्गासन, सम्बन्धी भिडियो र पोस्टरको प्रदर्शन गर्ने ।<br>-शिक्षकले आसनहरू प्रयोगात्मक रूपमा देखाउने ।<br>-ओम उच्चारण र मुद्रा (पद्ममुद्रा र ज्ञानमुद्रा) मा ध्यान गर्न लगाउने,<br>-विद्याथीहरूलाई निर्देशनअनुसार पद्मासन, ध्रुवासन, अर्धचन्द्रासन गराउन सिकाउने ।<br>-भ्रामरी,अनुलोम-विलोम प्राणायाम सम्बन्धी पोस्टर र भिडियो प्रदर्शन गर्ने र विद्याथीहरूलाई गर्न सिकाउने ।<br>-स्थानीय स्तरमा खेलिने खेलको महत्व विषयमा छलफल गराउदै खेलखेल्न लगाउने । | प्राणायाम र श्वसन अभ्यासमा मेरुदण्ड, गर्दनको स्थिति तथा श्वासको आरोह-अवरोह मिले नमिलेको ध्यान दिनुहोस् । | |
| ६) आफ्नो वडामा पाइने खाद्यबाली तथा पौष्टिक आहार | स्थानीय परम्परागत खाद्यबाली | -शितगंगा नगरपालिकामा पाइने कन्दमु ल तथा जङ्गली पौष्टिक खाद्यपदार्थ, रैथाने अन्नबालीको पहिचान गर्न । | -वनतरुल, गिठा, भ्याकुर जस्ता परम्परागत खाद्यबाली तथा जङ्गली खाद्यबालीहरू ।<br>-स्थानीय खाद्य पदार्थ र वनमा पाइने खाद्य पदार्थबाट हुने फाइदाहरू<br>-रैथाने अन्नबाली (जस्तै :जौ,कोदो, फापर,........आदि ) । | -स्थानीय तहमा उत्पादन हुने खाद्यबाली जस्तै : धान, मकै तथा वनजङ्गलबाट उत्पादन हुने खाद्य पदार्थ जस्तै : वन तरुल,गिठा भ्याकुर काफल, तिजु, थाकल, मडेला आदिको परिचय दिने ।<br>-विद्यार्थीहरूलाई नजिकैको खेतबारी र वनजङ्गलमा लगेर विभिन्न खाद्यबालीहरू तथा फलफूलहरूको सूची बनाउन लगाई आपसमा छलफल गरी प्रस्तुत गर्न लगाउने ।<br>-विभिन्न खाद्यबाली तथा फलफूलबाट मानव स्वास्थ्यमा हुने फाइदाहरूको सूची भएको पोस्टर प्रस्तुत गर्न लगाउने ।<br>-स्थानीय स्तरमा पाइने रैथाने खाद्यबालीको बारेमा स्थानीय कृषक, अनुभवी व्यक्तिसँग छलफल गरी | -स्थानीय स्तरमा पाइने फलफूलहरू तथा खानाहको सूची बनाउन लगाउनुहोस् ।<br>-स्थानीय खाना तथा फलफूलबाट मानव स्वास्थ्यमा हुने फाइदाहरू वताउन लगाउनुहोस् । | ११ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | रैथानेबालीको पहिचान गर्ने । | | |
| ७) प्राकृतिक तथा जनावर र मानवजन्य विपत्ति | प्राकृतिक तथा जनावर र मानवजन्य विपत् | -प्राकृतिक विपत्तिबाट बच्ने वा क्षति न्यूनीकरणका उपाय बताउन ।<br>-सवारी दुर्घटनाबाट बच्ने उपाय बताउन ।<br>- जनावरको आक्रमण । | -बाढी, पहिरो, भूक्षय तथा आगलागीबाट बच्न अपनाउनुपर्ने सावधानीहरू ।<br>-महामारी ।<br>-सवारी दुर्घटना र प्राथमिक उपचार ।<br>-ट्राफिक सङ्केत तथा चिह्नहरू ।<br>- घरपालुवा तथा जङ्गली जनावरबाट हुन सक्ने आक्रमण । | -स्थानीय समुदायमा घटेका बाढी,पहिरो,आगजनी जस्ता विपत्ति भोगेका व्यक्तिसँग कुराकानी गराउने, त्यस्ता स्थलको प्रत्यक्ष अवलोकन गराउने ।<br>-खोलाको नजिकै बस्ती नबसाल्ने, नबनाउने, बाटोघाटो बनाउँदै गर्दा एउटा रुख फाल्दा दुईओटा बिरुवा रोप्न लगाउने ।<br>-वनमा जाँदा आगो उत्पादनमा सहयोग गर्ने सलाई ,लाईटर जस्ता सामान नलैजाने ।<br>-खाना बनाइसकेपछि राम्ररी आगो निभाउन लगाउने ।<br>-साना बालबालिकालाई ज्वलनशील वस्तु छुन नदिने ।<br>-सडकमा आफ्नो साइडबाट मात्र हिँड्ने, सवारी दुर्घटना भएमा घाइतेलाई तत्काल नजिकको अस्पताल पुऱ्याउने, घटनाबारे ट्राफिकलाई जानकारी दिने ।<br>-सडक किनारमा रहेका ट्राफिक चिह्नबारे छलफल गराउने ।<br>-ट्राफिक प्रहरीलाई विद्यालयमा बोलाई सडक सुरक्षाबारे जानकारी दिन लगाउने ।<br>- कुकुर,बिरालो, सर्पको टोकाइ आदि घटनाको बारेमा सचेत गराउन छलफल गर्ने । | -बाढी, पहिरो तथा आगलागी बाट बच्न अपनाइने सावधानीका उपायहरू भन्न लगाउनुहोस् ।<br>-सवारी दुर्घटना भइहालेमा गरिनुपर्ने उद्धारबारे टिपोट गर्नुहोस् ।<br>-ट्राफिक चिह्नहरू देखाएर ती चिह्न पहिचान गर्न लगाउनुहोस् ।<br>-जोखिमबाट जोगिने उपायबारे लेख्नुहोस् । | १५ |
| ८) सामाजिक मूल्य र मान्यता | हाम्रा मुल्य मान्यता र कला | आफनो स्थानीय भाषा, मूल्य मान्यता, कला र संस्कृतिबारे बताउन । | -स्थानीय भाषा (जस्तै संस्कृत, नेपाली, नेवारी, मगर, खाम आदि ) ।<br>-मूल्य मान्यता र कलाको तुलनात्मक अध्ययन, स्थानीय स्तरका भाषा, | स्थानीय तहमा बोलिने भाषा (जस्तै नेवारी, मगर,खाम ) ।<br>-सामाजिक -मूल्य मान्यता, कला समेटिएको चार्ट प्रस्तुत गरी छलफल | -स्थानीय स्तरमा बोलिने भाषा, सामाजिक मूल्य मान्यताहरूको नाम बताउनुहोस् ।<br>-विभिन्न जातजाति तथा कला | ११ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | मुल्यमान्यता, कला र संस्कृतिको परिचय । | गराउने ।<br>-विभिन्न जातजाति, कला संस्कृतिबारे समूह बनाई तुलनात्मक अध्ययन गरी फरक छुट्याउन लगाउने ।<br>-स्थानीय भाषा मूल्य मान्यता, कला र संस्कृति सम्बन्धी छोटो अनुच्छेद लेख्न लगाई सस्वर वाचन गर्न लगाउने । | संस्कृतिका बारेमा छोटो परिचय लेख्नुहोस् । | |
| ९) शितगंगा नगरपालिकाका प्राकृतिक सम्पदा | प्राकृतिक सम्पदा खनिज | -शितगंगा नगरपालिका भित्रका प्राकृतिक सम्पदा र जडीबुटीको पहिचान गर्न । | -शितगंगा नगरपालिकामा रहेका प्राकृतिक सम्पदा (जस्तै : जलसम्पदा -सितखोला, गङ्गाखोला, वाणगङ्गाखोला, बङ्सारी खोला, माथि कुसुम खोला तल रनसिङ खोला डमरु दह, बराह दह, तिर्मिरे झरना आदि ) ।<br>-खनिज सम्पदा (जस्तै : सुपादेउरालीको चुनढुङ्गा, खानदुलाको तामाखानी, घोरबन्दाको सिसाखानी खानी आदि ।<br>-वनस्पति (जस्तै : साल, सिसौ, खयर) ।<br>-शितगंगा नगरपालिकामा पाइने जडीबुटीको पहिचान जडीबुटीमा (सुनकौली, दालचिनी, रुदिलो, तुलसी, झाम्टेझार, पाषाणभेद, असुरो, बेसार, टिमुर, पिपला आदि । | -शितगंगा नगरपालिकामा रहेका प्राकृतिक सम्पदा जस्तै : जलसम्पदा सितखोला, गङ्गा खोला, वाणगङ्गा खोला, वङ्सारी खोला, कुसुम ( रनसिङ) खोला, झिर्राथुम दह, डमरु दह, बराह ताल, त्रिकोण ताल, साउनेथुम, लामाताल, तिर्मिरे झरना, बन्चरे झरना आदि ।<br>-खनिज सम्पदा जस्तै : ( सुपादेउरालीको चुनढुङ्गा, खानदुलाको तामाखानी, घोरबन्दाको सिसाखानी खानी आदि ।<br>-वनस्पति जस्तै : साल, सिसौ, खयर<br>-जडीबुटीमा (सुनकौली, (दालचिनी, रुदिलो, तुलसी, झाम्म्टेझार, पाषाणभेद, असुरो, बेसार, टिमुर, पिपला आदि ।<br>--आफनो घरमा अत्यधिक रूपमा प्रयोगमा आउने जडीबुटीको पहिचान र प्रयोग विधिबारे छलफल गर्ने । | -शितगंगा नगरपालिकामा रहेका प्राकृतिक सम्पदाको नाम भन्नुहोस् ।<br>-शितगंगा नगरपालिकामा रहेका प्राकृतिक सम्पदा र जडीबुटीको सूची तयार गर्नुहोस् । | १६ |
| १०) सामाजिक व्यक्तित्व एवं सङ्घ-संस्था | सामाजिक व्यक्तित्व | - शितगंगा नगरपालिकामा विभिन्न समयमा भएका राजनीतिक आन्दोलन/द्वन्द्वमा ज्यान गुमाउने व्यक्तिहरूको परिचय /जीवनी । | - शितगंगा नगरपालिकामा विभिन्न समयमा भएका राजनीतिक आन्दोलनमा ज्यान गुमाउने व्यक्तिहरूको परिचय तथा जीवनी बताउन । | - शितगंगा नगरपालिकामा विभिन्न समयमा भएका राजनीतिक आन्दोलनमा ज्यान गुमाउने व्यक्तिहरूको खोजी गरी पहिचान गराउने । | - शितगंगा नगरपालिकामा विभिन्न समयमा भएका राजनीतिक आन्दोलनमा ज्यान गुमाउने व्यक्तिहरूको खोजी गरी परिचय दिनुहोस् । | ११ |

**विषयवस्तुको विस्तृतीकरण कक्षा ६**

| क्षेत्र | वियषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| १. म र मेरो स्थानीय तह | भौगोलिक अवस्था नक्सा कार्य | - शितगंगा नगरपालिकाले ओगटेको क्षेत्रलाई नक्सामा खोजी गरी सङ्केत गर्न ।<br>-शितगंगा नगरपालिकाको चुरे क्षेत्रको परिचय र महत्त्व बताउन । | -नक्सामा शितगंगा नगरपालिकाले ओगटेको क्षेत्रको रेखांकन ।<br>-शितगंगा नगरपालिकाको सामान्य नक्सा र सङ्केत चिन्हहरू ।<br>-शितगंगा नगरपालिकामा रहेको चुरे क्षेत्रको महत्त्व । | -शितगंगा नगरपालिकाले ओगटेको क्षेत्रलाई नेपालको नक्सामा खोजी गरी सङ्केत गर्न लगाउने ।<br>-चुरे क्षेत्रबाट हुने महत्त्वलाई झल्काउने चित्र पोस्टर आदिको प्रयोग गरी छलफल गराउने ।<br>-शितगंगा नगरपालिकाको नक्सा देखाई वरिपरिका सिमानाहरूको जानकारी दिने ।<br>-शितगंगा नगरपालिकाको सामान्य नक्सा बनाई त्यसमा सङ्केत/ चिह्नहरू राख्न सिकाउने । | -शितगंगा नगरपालिकाको नक्सा बनाई आफू बसोबास गर्ने वडा देखाउन लगाउनुहोस् ।<br>-चुरेक्षेत्रको महत्त्व बताउनुहोस् ।<br>-आफ्नो घरदेखि विद्यालयसम्म जाने बाटोहरूको रेखाङ्कन गरी कक्षा कोठामा प्रस्तुत गर्न लगाउनुहोस् । | ६ |
| | वातावरणको परिचय | वातावरण र मानव बिचको अन्तर सम्बन्ध बताउन | वातावरण र मानव बिचको अन्तर सम्बन्धको बारेमा परिचय र महत्त्व | -वातावरण र मानवबिचको सम्बन्धको बारेमा उदाहरण सहित छलफल गर्ने (जस्तै -मानिस र रुखको सम्बन्ध, मानिस र हावाको सम्बन्ध, मानिस र पानीको सम्बन्ध आदि ।<br>-विद्यार्थीहरूलाई कक्षाकोठा बाहिर लगी वातावरण र मानव बिचको सम्बन्ध झल्काउने चित्र बनाउन लगाई पालैपालो प्रस्तुत गर्न लगाउने । | -मानवले वातावरणबाट पाउने कुनै पाँचओटा फाइदाहरूबारे वर्ण गर्न लगाउनुहोस् ।<br>-विद्यार्थीहरूलाई आफ्नो टोलछिमेकमा वातावरण संरक्षणमा भएका प्रयासहरूको बारेमा वर्णन गर्न लगाउनुहोस् । | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जैविक विविधता | -स्थानीय क्षेत्रमा पाइने जङ्गली जनावरहरूको संरक्षणका उपायहरू बताउन ।<br>-वनको प्रकार, परिचय र महत्त्व । | -स्थानीय क्षेत्रमा पाइने जङ्गली जनावरको संरक्षणका उपायहरू | -वतावरणमा जङ्गली जनावरको महत्त्वबारे छलफल गरी टिपोट गर्न लगाउने ।<br>-दुर्लभ जङ्गली जनावर संरक्षणका लागि स्थानीय स्तरमा गर्न सकिने क्रियालापहरूका बारेमा बताउने । | -जङ्गली जनावरहरूको आवश्यकताका बारेमा छोटो रिपोर्ट तयार गर्न लगाउनुहोस् ।<br>-स्थानीय क्षेत्रमा पाइने जङ्गली जनावरहरू संरक्षणका लागि विद्यार्थीहरूले गर्न सक्ने प्रयासहरूको सूची तयार गर्न लगाई कक्षाकोठामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>-शितगंगा नगरपालिका क्षेत्रभित्र पाइने जडीबुटीजन्य वनस्पतिहरूको सूची तयार गर्न लगाउनुहोस् । | ८ |
| २) स्थानीय परम्परा, संस्कृति, कला, साहित्य | हाम्रो सांस्कृतिक विविधता | -शितगंगा नगरपालिका भित्रको सांस्कृतिक विविधता पहिचान गर्न | -स्थानीय सांस्कृतिक सम्पदाहरू जस्तै भाषा, कला, साहित्य र सङ्गीतको परिचय, महत्त्व र संरक्षणबारे जानकारी ।<br>-परम्परागत बाजाहरू सारंगी, बाँसुरी, ढोलक, मुजुरा आदिको उपयोग र महत्त्वबारे जानकारी । | -विभिन्न स्थानीय मठमन्दिर एवं पुरातात्त्विक स्थलको स्थलगत अवलोकन भ्रमण गराई त्यहाँ रहेका विभिन्न कला पौराणिक लिपिको परिचय तथा महत्त्व बताउने ।<br>-परम्परागत बाजाहरू सारंगी, बाँसुरी, ढोलक, मुजुरा आदिको उपयोग र महत्त्वबारे जानकारी दिने । | -समुदायमा रहेका कुनै दुई ओटा मेला, जात्रा र चाडपर्वको परिचय लेखी प्रस्तुत गर्नुहोस् ।<br>-कुनै तीनओटा परम्परागत बाजाहरूको उपयोग र महत्त्व बताउनुहोस् ।<br>-विद्यालयमा उपलब्ध बाजा पालैपालो बजाउने अभ्यास गर्नुहोस् । | १० |
| ३) स्थानीय पेसा व्यवसाय, उद्यमशीलता र प्रविधि | स्थानीय पेसा व्यवसाय, उद्यमशीलता र प्रविधि | -शितगंगा नगरपालिका भित्र भएका उद्यमशीलता (जस्तै : मौरीपालन, पशुपालन, मत्स्यपालन कृषि व्यवसाय, उद्योग, पर्यटन व्यवसायको पहिचान) ।<br>-कृषि व्यवसाय, उद्योग, पर्यटन व्यवसाय जस्ता पेसाहरूको | -स्थानीय स्तरमा रहेका मौरीपालन, पशुपालन, मत्स्यपालन जस्ता व्यवसायको पहिचान ।<br>-स्थानीय स्तरमा रहेका व्यावसायिक खेतीबाली, -पशुपालन, कौसीखेती, पुष्प | -व्यावसायिक खेतीका फाइदाबारे बुँदागत रूपमा छलफल गर्ने ।<br>-नजिकको कृषि फर्म, कुखुरापालन (पोल्ट्री फर्म, मत्स्यपालन केन्द्र) को अवलोकन गराई फाइदाबारे टिपोट गराउने ।<br>-स्थानीय तहमा यी फर्महरू एवं अन्य पेसा व्यवसाय साथै उद्यमशीलताबाट हुने आर्थिक | -व्यावसायिक खेतीको परिचय दिनुहोस् ।<br>-स्थानीय स्तरका कृषि उपजहरूबाट हुने फाइदाहरू बुँदागत रूपमा लेख्नुहोस् ।<br>-आफ्नो नजिकै रहेका कुनै दुई -कृषि फर्मको विशेषता | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | परिचय र महत्त्व बताउन । | व्यवसाय, पसल, होटल, साना तथा घरेलु (अगरबत्ती बनाउने), - मझौला र ठुला उद्योग, पर्यटकीय क्षेत्र, को महत्त्व । | सामाजिक लाभबारे अन्तरक्रिया गर्ने । | बताउनुहोस् ।<br>-आफ्नो क्षेत्रमा रहेका कुनै तीन ओटा व्यवसायको सूची बनाई तिनका फाइदाहरू उल्लेख गर्नुहोस् ।<br>-आफ्नो नगरपालिकामा सञ्चालित घरेलु, साना, मझौला र ठुला उद्योगको सूची बनाउनुहोस् । | |
| ४) धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरू | स्थानीय सांस्कृतिक सम्पदाको पहिचान र महत्त्व | -स्थानीय धार्मिक, ऐतिहासिक स्थलको परिचय र महत्त्व बताउन । | -स्थानीय महत्त्वपूर्ण धार्मिक सांस्कृतिक र पर्यटकीय स्थलहरूको महत्त्व (जस्तै : सुपादेउराली, डमरुदह, वराह ताल, एसियाकै ठुलो वटवृक्ष, जयकोट दरबार, झाँक्री झँक्रेनी शिला, कालिका देवी, मालिका, शिवालय, बग्रबाजे थान आदि ) । | -स्थानीय महत्त्वपूर्ण धार्मिक सांस्कृतिक र पर्यटकीय स्थलहरूको भ्रमण गराई त्यसको महत्त्वबारे बताइदिने (जस्तै :सुपादेउराली, डमरुदह, वराह ताल, एसियाकै ठुलो वटवृक्ष, जयकोट, झाँक्री झँक्रेनी शिला, कालिका, मालिका, शिवालय, रानी गुफा, आकासेदेवी, सिद्धखोल्टी, बग्रबाजे थान )<br>- महत्त्वपूर्ण धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरूबारे स्थानीय समुदायका विशिष्ट व्यक्तिसँग अन्तरक्रिया गरी उक्त क्षेत्रमा अझ बढी पर्यटकहरू भित्राउन अपनाउर्ने रणनीतिबारे समूहमा छलफल गर्न लगाउने । | -स्थानीय धार्मिक, ऐतिहासिक स्थलको परिचय र महत्त्व बताउनुहोस् ।<br>-सुपादेउराली, डमरुदह, बराह ताल, एसियाकै ठुलो वटवृक्ष, जयकोट दरबार, झाँक्रीझँक्रेनी शिला, कालिका देवी, मालिका देवी, शिवालय मन्दिर, बग्रबाजेको थानको चित्र बनाई कक्षमा प्रस्तुत गर्न लगाउनुहोस् । | १२ |
| ५) योग-ध्यान, व्यायाम र स्थानीय खेल | योग र स्थानीय खेल | -योग व्यायामका फाइदा<br>-सूर्य नमस्कार र पादहस्तासन<br>मुद्राः पद्म मुद्रा र ज्ञान मुद्रा<br>प्राणायाम : भ्रामरी,अनुलोम-विलोम<br>-स्थानीय खेलको प्रदर्शन । | -सूर्यनमस्कार, पादहस्तासन ।<br>पद्म मुद्रा र ज्ञान मुद्रामा ध्यान ।<br>- भ्रामरी, अनुलोम-विलोम, कपालभाति ।<br>-स्थानीय खेलको प्रदर्शन (कुस्ती, क्रिकेट । | -सूर्य नमस्कारसम्बन्धी भिडियो क्लिप, पोस्टर प्रदर्शन ।<br>-शिक्षकले आसनहरू प्रयोगात्मक रूपमा देखाउने ।<br>-विद्याथीहरूलाई निर्देशनअनुसार आसनहरू गर्न सिकाउने ।<br>-भ्रामरी, अनुलोम-विलोम कपालभाति सम्बन्धी पोस्टर र भिडियो प्रदर्शन गने, शिक्षक आफैँले गरिदिने ।<br>-मेरुदण्ड र गर्धन सिधा बनाई उचित ढङ्गले सासको आरोह अवरोह मिलाउन सिकाइ आफूसँगै विद्यार्थीहरूलाई गर्न लगाउने । | -सूर्य नमस्कारको अभ्यास गर्नुहोस् ।<br>-भ्रामरी, अनुलोम-विलोम कपालभाति प्राणायाममा श्वासको आरोह-अवरोहको अभ्यास गर्नुहोस् ।<br>-दुई समूहमा विभाजित भई कपर्दी खेल प्रदर्शन गर्नुहोस् । | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | -स्थानीय खेल खेल्न लगाउने । | | |
| ६) आफ्नो वडामा पाइने खाद्यबाली तथा पौष्टिक आहार | सन्तुलित भोजन<br>रैथाने बाली | -पौष्टिक खाद्य पदार्थ र सन्तुलित भोजनबारे बताउन ।<br>-रैथाने बाली संरक्षणको उपाय बताउन ।<br>-विद्यालयको दिवाखाजामा स्थानीय अन्नको प्रयोग । | -पौष्टिक तत्त्वको परिचय र वर्गीकरण ।<br>-सन्तुलित भोजन ।<br>-स्थानीय खानाबाट सन्तुलित दिवाखाजा निर्माण । | -विभिन्न प्रकारका खानाहरूको नाम लेखिएको चार्ट प्रस्तुत गर्दै पौष्टिक तत्त्वको परिचय दिने ।<br>-स्थानीय स्तरमा पाइने रैथाने वाली संरक्षणका उपायहरू ।<br>-स्थानीय खानाका नमुना सङ्कलन गर्न लगाई समूहमा छलफल गराउने र पौष्टिक तत्त्वहरूको वर्गीकरण गर्न लगाउने ।<br>-सन्तुलित भोजनको बारेमा समूहमा छलफल गराई परिचय दिने ।<br>-स्थानीय खानाका नमुना संकलन गर्न लगाई विद्यालयको दिवाखाजालाई सन्तुलित बनाउन स्थानीय खाद्यपदार्थको अधिकतम प्रयोग गर्न सुझाव दिने । | -पौष्टिक तत्त्वको परिचय लेख्नुहोस् ।<br>-समूह विभाजन गरी सन्तुलित भोजनमा समावेश हुने खाद्यवस्तुहरूको सूची बनाउनुहोस् ।<br>-विद्यालयको दिवाखाजाको लागि प्रयोग गर्न सकिने अन्नको नाम लेख्नुहोस् । | १० |
| ७) प्राकृतिक तथा मानवजन्य विपत्ति | प्रकोप तथा विपद् व्यवस्थापन | -प्राकृतिक तथा मानवीय गतिविधिका कारण हुने प्रकोप तथा विपद् व्यवस्थापनबारे बताउन ।<br>-सवारी दुर्घटना न्यूनीकरणका उपायहरू बताउन | -विभिन्न प्रकोपहरू (भूकम्प, भूक्षय, बाढी, पहिरो, खडेरी) को कारण, असर र क्षति न्यूनीकरण तथा रोकथामका उपायहरू ।<br>-सवारी दुर्घटना न्यूनीकरणका उपायहरू । | -विपत्ति अनुभव गरेका स्थानीय व्यक्तिसँग बसेर अन्तरक्रिया गर्न लगाउने जस्तै : आगलागी, बाढीपहिरोबाट पीडित व्यक्तिको अनुभव बाढी पहिरो जानुका कारण, रोकथाम, क्षति न्यूनीकरण गर्ने उपायहरू ।<br>-स्थानीय विज्ञहरूसँग प्रकोप विपद्सम्बन्धी छलफल गरी त्यसको असर न्यूनीकरणका लागि स्थानीय स्तरबाटै सूची प्रस्तुत गर्ने ।<br>-नजिकैको प्रकोपजन्य क्षेत्रको अवलोकन भ्रमण गराई त्यहाँ देखिएका समस्याबारे छलफल गर्ने ।<br>-विद्यालय प्राङ्गणमा वा अरू स्थानीयहरू सहित विभिन्न अवसर मिलाई प्लेकार्डसहित विद्यार्थीहरूको र्‍याली गर्ने ।<br>-सवारी दुर्घटना न्यूनीकरणका लागि हामीले अपनाउनुपर्ने सावधानीहरूबारे स्थानीय ट्राफिक प्रहरी वा जानकार व्यक्तिहरूसँग छलफल गर्ने/गराउने र निष्कर्ष दिने ।<br>-सवारी दुर्घटना न्यूनीकरणबारे स्थानीय जनस्तरमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने (जस्तै र्‍याली, छलफल, पोस्टर प्रदर्शन | -मानवीय कारणबाट निम्तिन सक्ने विपद्हरूको सूची तयार पारी प्रस्तुत गर्नुहोस् ।<br>-आगलागी डुबानबाट आइपर्न सक्ने खतरालाई कम गर्न हामीले गर्न सक्ने कार्यहरूको सूची बनाई प्रस्तुत गर्नुहोस् ।<br>-२०७२ सालको भूकम्प एवं पराकम्पलगायत समयसमयमा आउने सानातिना भूकम्पबारे अभिभावकलाई सोधेर कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>-सडक दुर्घटना कम गर्ने उपायहरूको सूची तयार गर्नुहोस् ।<br>-विभिन्न दुर्घटना, प्रकोप, विपद आदिको न्यूनीकरणका लागि जनचेतना किन आवश्यक छ ? | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | आदि । | | |
| ८. सामाजिक मूल्य मान्यता | शितगंगा नगरपालिकामा प्रचलित परम्परागत संस्कारहरू | -शितगंगा नगरपालिकामा प्रचलित परम्परागत संस्कार तथा उत्सव (जस्तैः भजनकीर्तन, जन्म, विवाह, मृत्यु) जस्ता संस्कारबारे बताउन । | -सामाजिक संस्कारहरू (जस्तैः भजन कीर्तन, जन्म, विवाह, मृत्य) । | -शितगंगा नगरपालिकामा प्रचलित उत्सव, भजनकीर्तन, जन्म, विवाह, मृत्यु जस्ता संस्कारबारे छलफल ।<br>-विद्यार्थीको सामाजिक संस्कारमा भएको सहभागिताबारे छ्फल गर्ने ।<br>-विभिन्न जातजातिका संस्कारबारे उनीहरूकै पाका मानिससँग जिज्ञासा राख्न लगाई नोट गर्न लगाउने । | -आफ्नो समुदायमा के-कस्ता संस्कार प्रचलनमा छन् छोटकरीमा लेख्नुहोस् । | १२ |
| ९)शितगंगा नगरपालिकाका प्राकृतिक सम्पदा | जलसम्पदा | - जलस्रोत एवं नदीजन्य सम्पदाको पहिचान उपयोगिता बताउन । | -ताल, दह, पोखरी, खोला झर्ना, पँधेरा कुवा, नदी, जलाधार, जरुवा, सिमसार क्षेत्र । | -आफ्नो पालिकामा रहेका सिमसार, ताल, दह, पोखरी, खोला झरना, पँधेरा कुवा, जरुवा, नदी, जलाधारको परिचय उपयोगिता माथि छलफल गर्ने । | -आफ्नो विद्यालय तथा घरमा आउने पानीको स्रोतको पहिचान गरी यसको उपयोगिता लेख्नुहोस् । | ६ |
| | खनिज | -खनिज पदार्थको परिचय र उपयोगिता बताउन । | -खनिज पदार्थको परिचय र उपयोगिता ।<br>-खनिज पदार्थको उपयोगबाट आर्थिक विकासमा पुऱ्याएको योगदान । | -खनिज पदार्थ परिचय उपयोगिता र बारेमा छलफल गरी बुँदागत रूपमा टिपोट गरी चार्टपेपरमा उतार्ने र कक्षाकोठाको सूचना पाटीमा टाँस्ने । ( जस्तै : सुपादेउराली निपानेको चुनढुङ्गा, खानदुलाको तामाखानी, घोरबन्दाको सिसाखानी आदि)<br>-विद्यालय नजिकैको कुनै एक खनिज पदार्थ उत्खनन् क्षेत्रको भ्रमण गराई त्यहाँ भएका समस्या र संरक्षणका उपायबारे जानकारी दिने । | -आफ्नो टोल छरछिमेकमा छलफल गरी खनिज पदार्थको परिचय एवं उपयोगिताबारे छलफल गर्नुहोस् । | ६ |
| | वनसम्पदा | -शितगंगा नगरपालिकामा पाइने जडीबुटीहरूको परिचय र उपयोगिता । | -शितगंगा नगरपालिकामा पाइने वनसम्पदाहरू (जस्तै : जडीबुटी पर्से, सौर, बिलाजोर, रुदिलो, सिनकौली आदि) को पहिचान उपयोगिता ।<br>-शितगंगा नगरपालिकाको वन क्षेत्रमा पाइने वन पैदावारहरू (जस्तै : साल, सिसौ, खयर, लालीगुराँस आदिको पहिचान र महत्त्व । | -शितगंगा नगरपालिकामा पाइने जडीबुटी ( जस्तै : पर्से, सौर, बिलाजोर, रुदिलो, सिनकौली आदि) को पहिचान उपयोगिताका विषयमा आफूभन्दा जानकार समुदायका व्यक्तिहरू बिच छलफल गर्ने ।<br>-शितगंगा नगरपालिकमा पाइने वन पैदावार (जस्तै : साल, सिसौ, खयर, लालीगुराँस आदिको पहिचान र उपयुक्त प्रयोग गरी पालिकाले लिन सक्ने आर्थिक लाभबारे छलफल गरी निष्कर्षको टिपोट कक्षाकोठामा टाँस्नुहोस् । | -शितगंगा नगरपालिकामा पाइने जडीबुटी सम्पदाहरूको पहिचान र उपयोगिता बताउनुहोस् । | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०. सामाजिक व्यक्तित्व र सङ्घसंस्था | -पतञ्जलि ऋषि<br>-सामाजिक सङ्घसंस्था | - पतञ्जलि ऋषिको सामान्य परिचय र योगदानको बारेमा बताउन<br>-आफ्नो समुदायमा सञ्चालित सङ्घ/संस्थाहरूको नाम बताउन | - पतन्जलि ऋषिको सामान्य परिचय र योगदान ।<br>-आफ्नो समुदायमा सञ्चालित सङ्घ/संस्था, क्लबहरू (जस्तै महिला सहकारी, साना किसान सहकारी, कृषि सहकारी लघुवित्त, बैंक, बाल क्लब, युवा क्लब) । | - पतन्जलि ऋषिको सामान्य परिचय र योगदानको बारेमा छलफल,शोधखोज विधिको माध्यमबाट सामान्य परिचय र योगदान बताई दिने ।<br>- आफ्नो समुदायमा सञ्चालित सङ्घ/संस्था तथा क्लबहरूको नाम भन्न लगाउने । | - पतन्जलि ऋषिको सामान्य परिचय र योगदान बताउनुहोस् ।<br>-आफ्नो समुदायमा सञ्चालित सङ्घ/संस्था तथा क्लबहरूको सूची बनाउनुहोस् । | १० |

**विषयवस्तुको विस्तृतीकरण कक्षा ७**

| क्षेत्र | वियषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| १.म र मेरो स्थानीय तह | वातावरणको परिचय | -वातावरण र मानवबिच सुमधुर सम्बन्ध दिगो बनाउने प्रक्रियाहरू बताउन ।<br>-शितगंगा नगरपालिकाको वातावरण विनाशका कारणहरू बताउन । | -मानव र वातावरण बिच सम्बन्धको दिगोपन<br>-वातावरण विनाशका कारणहरू । | -विद्यार्थीहरूलाई कक्षाकोठा बाहिर लगेर प्राकृतिक वातावरण देखाउने, त्यहाँ मानवीय कारणले देखिएका समस्याहरूबारे बताइदिने ।<br>-मानवीय कारणले वतावरणमा असर परेमा त्यसबाट मानव जगत्मा पर्ने नकारात्मक असरहरूबारे छलफल गरी वातावरण र मानव बिच दिगो सम्बन्ध कायम राख्न स्थानीय स्तरमा गर्न सकिने क्रियाकलापबारे बताइदिने (जस्तै : रुखविरुवा कम भएमा प्रदूषण बढ्न गई स्वास्थ्यमा समस्या आउँछ, सुसम्बन्ध कायम राख्न खाली ठाउँमा वृक्षरोपण, जथाभावी फोहोरमैला नगर्ने, फोहोरको उचित व्यवस्थापन गर्ने आदि ) ।<br>-विद्यार्थीहरूलाई नजिकको नदी, खोला वा खोल्साको अवलोकन भ्रमण गराई त्यहाँ के-कस्ता समस्याहरू देखिएका छन् टिपोट गर्न लगाई कक्षामा छलफल गर्ने ।<br>-स्थानीय क्षेत्रमा वातावरण विनाशका कारणहरूको सूची बनाई कक्षामा प्रस्तुत गर्ने ( जस्तै : बढ्दो प्रदूषण, अव्यवस्थित सहरीकरण तथा जग्गा प्लटिङ आदि) । | -मानव र वातावरण बिचको सम्बन्धको दिगोपन कायम राखिराख्न विद्यार्थीहरूले गर्न सक्ने कार्यको सूची छोटकरीमा वर्णन गर्नुहोस् ।<br>-वातावरण विनाशका कारणहरूबारे समूहगत परियोजना कार्य गर्न लगाई प्रस्तुति दिन लगाउनुहोस् ।<br>-शितगंगाको वन विनाशको प्रमुख कारण, त्यसको असरहरूको सूची बनाउनुहोस् । | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जैविक विविधता | -स्थानीय क्षेत्रभित्र पाइने वन्यजन्तुको पहिचान र संरक्षणको उपाय बताउन । | -स्थानीय क्षेत्रमा पाइने वन्यजन्तुको पहिचान र संरक्षण । | -स्थानीय वनमा पाइने वन्यजन्तुहरूको बारेमा बताइदिने ।<br>-१०-१५ वर्ष पहिले र हालको अवस्थामा वन्यजन्तुहरूको प्रजाति तथा सङ्ख्यामा आएको परिवर्तनबारे बताइदिने ।<br>-वन्यजन्तु संरक्षणबाट मानव जीवनमा हुने फाइदाहरूका बारेमा बुँदागत रूपमा चर्चा गर्ने | -वन्यजन्तु संरक्षणबाट हुने फाइदाहरूको बारेमा वर्णन गर्न लगाउने ।<br>-स्थानीय वनमा वन्यजन्तुको हालको संरक्षणको अवस्थाबारे समूहगत रूपमा परियोजना कार्य गर्न लगाउनुहोस् ।<br>-सामुदायिक वनबाट स्थानीय समाजमा भएका फाइदाहरूबारे अभिभावकसँग सोधेर वा छलफल गरेर लेख्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । | ८ |
| | भौगोलिक विविधता | -चुरे क्षेत्रको महत्त्व र यसको संरक्षणको उपाय ।<br>-महाभारत पर्वतको परिचय । | -चुरे क्षेत्रको महत्त्व ।<br>-महाभारत पर्वत शृङ्खलाको परिचय । | -चुरे क्षेत्रको महत्त्वबारे कक्षामा छलफल गराउने ।<br>-स्थानीय सरोकारवाला सँग अन्तरक्रिया गरी महत्त्व तथा संरक्षणका उपाय पहिचान गर्न लगाउने ।<br>-महाभारत पर्वतको अवस्थितिबारे छलफल गरी स्थान पहिचान गराउने (जस्तै : सेडलेड, मसिना, जुरेथुम) । | -चुरे क्षेत्रको महत्त्व बताउनुहोस् ।<br>-महाभारत पर्वतको परिचय लेख्नुहोस् | ८ |
| २)स्थानीय परम्परा संस्कृति कला र साहित्य | ह्रम्रो सांस्कृतिक विविधता | -शितगंगा नगरपालिकामा प्रचलित सांस्कृतिक विविधताको महत्त्व बताउन । | -शितगंगा नगरपालिका भित्रका भाषिक, साहित्यक, साङ्गीतिक तथा कलाकारिता सम्बन्धि सम्पदाको महत्त्व ।<br>-स्थानीय बाजाहरूको पहिचान र प्रयोग गर्ने | -नगरभित्रका स्थानीय सङ्गीत, कला, भाषा, साहित्यको महत्त्व बारेमा छलफल गर्ने ।<br>-स्थानीय बाजाहरूको चित्रसहित संरक्षणका उपायको सूची बनाई प्रस्तुत गर्न लगाउने । | -स्थानीय सङ्गीत, कला, भाषा, साहित्य सम्पदाको महत्व बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।<br>-स्थानीय बाजाहरूको चित्रसहित नामकरण गर्नुहोस् । | ११ |
| ३) स्थानीय परम्परागत पेसा व्यवसाय, उद्यमशीलता र प्रविधि | परम्परागत पेसा व्यवसाय र उद्यमशीलता | -स्थानीय स्तरमा सञ्चालित कृषि, उद्योग, व्यापार, पर्यटन व्यवसायले आर्थिक विकासमा पुऱ्याएको योगदान बताउन ।<br>-स्थानीय उत्पादनको बजारीकरणमा देखिएका समस्या पहिचान गर्न । | -व्यावसायिक तरकारी खेती, पशुपालन, पुष्प खेती, पसल व्यवसाय, व्यापार पर्यटन आदिले आर्थिक विकासमा पुऱ्याएको योगदान ।<br>-चोया बुनाइ, साना, मझौला र ठुला उद्योगले आर्थिक विकासमा पुऱ्याएको योगदान | -स्थानीय कृषि व्यवसायले आर्थिक, सामाजिक, भौतिक पक्षमा पुऱ्याएको योगदानबारे समूहगत छलफल गराउने ।<br>-स्थानीय कृषि/पशुपालन फर्म, माछापालन, पोल्ट्रीफर्मको अवलोकन भ्रमण गरी उक्त व्यवसायले आर्थिक विकासमा पुऱ्याएको योगदानबारे छलफल गर्ने ।<br>-स्थानीय उत्पादनको बजारीकरणमा देखिएका | -व्यावसायिक कृषि पेसाले आर्थिक विकासमा पुऱ्याएको योगदान के-के हुन् ?<br><br>-स्थानीय उत्पादनको बजारीकरणमा देखिएका समस्याहरू लेख्नुहोस् । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ।<br>-स्थानीय उत्पादनको बजारीकरण | समस्याको बारेमा छलफल गर्ने ।<br>-उद्योग, पर्यटनले आर्थिक विकासमा पुऱ्याएको महत्त्वबारे छलफल गर्ने । | | |
| ४) धार्मिक/ सांस्कृतिक ,ऐतिहासिक एवम् पर्यटकीय स्थल | स्थानीय सांस्कृतिक एवमं ऐतिहासिक स्थलहरूको पहिचान र महत्त्व | शितगंगा नगरपालिकामा रहेका धार्मिक सांस्कृतिक र पर्यटकीय स्थलले स्थानीयको आर्थिक विकासमा पुऱ्याएको योगदानबारे बताउन । | -शितगंगा नगरपालिका भित्रका सांस्कृतिक एवं धार्मिक, पर्यटकीय क्षेत्रको पहिचान र तिनले आर्थिक विकासमा पुऱ्याएको योगदान । | -सुपादेउराली मन्दिर डमरुदह, वराह ताल, एसियाकै ठुलो वटवृक्ष, जयकोट दरबार, रानी गुफा सुर्वणखाल ,जुकेनाको झ्याँक्रीझँक्रेनी शिला, जुकेनाका कृष्ण मन्दिर, कालिकादेवी, मालिकादेवी, शिवालय, बग्रबाजेको थान, मेघनाथ तोपखाना दुम्सी,चाहदिपमा रहेको चमेरे गुफा तथा बौद्धगुम्बाको भ्रमण गराई ती सम्पदाहरूले आर्थिक विकासमा पुऱ्याएको योगदानबारे छलफल गराउने ।<br>-स्थानीय तहका पर्यटकीय, धार्मिक स्थलहरूको प्रत्यक्ष अवलोकन भ्रमण गराई आर्थिक विकासमा पुऱ्याएको योगदानबारे समूहमा प्रतिवेदन प्रस्तुत गर्न लगाउने ।<br>-नेपाल सरकार पर्यटन मन्त्रालय तथा पर्यटन बोर्डको सूचीमा सूचीकृत नगरभित्रका पर्ययटकीय स्थलहरूको नामबारे छलफल गर्ने । | -स्थानीय धार्मिक, ऐतिहासिक स्थलको परिचय र महत्त्व बताउनुहोस् ।<br>-कुनै तीन मन्दिरको चित्र बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>-शितगंगा नगरपालिकामा रहेका धार्मिक सांस्कृतिक र पर्यटकीय स्थलले स्थानीयको आर्थिक तथा सममाजिक विकासमा पुऱ्याएको योगदानबारे बताउनुहोस् । | १४ |
| ५) योग, ध्यान, व्यायाम र स्थानीय खेल | योग, ध्यान, व्यायाम र स्थानीय खेल | -योग व्यायाम कुर्मासन र उष्ट्रासन ओम उच्चारण ।<br>-मुद्रा : पद्म मुद्रा र ज्ञान मुद्रामा ध्यान ।<br>-प्राणायाम : भ्रामरी, अनुलोम-विलोम र कपालभातिको अभ्यास गर्न ।<br>-स्थानीय खेल खेल्न र खेलका नियम बताउन । | -योग व्यायाम कुर्मासान र उष्ट्रासन ।<br>-पद्म मुद्रा र ज्ञान मुद्रामा ध्यान ।<br>-भ्रामरी, अनुलोम-विलोम तथा कपालभाति ।<br>-स्थानीय खेलका नियमहरू (प्रचलित कुनै दुई खेल भलिबल र डन्डीबियो) । | -सूर्यनमस्कार र योग व्यायाम सम्बन्धी भिडियो, पोस्टरको प्रदर्शन गर्ने विद्याथीहरूलाई निर्देशन अनुसार सूर्य नमस्कार र योग व्यायाम गराउन सिकाउने ।<br>-आसन सम्बन्धी भिडियो र पोस्टरको प्रदर्शन गर्ने ।<br>-शिक्षकले आसनहरू प्रयोगात्मक रूपमा देखाउने ।<br>-विद्याथीहरूलाई निर्देशनअनुसार आसन र प्राणायाम गराउन सिकाउने भ्रामरी, अनुलोम-विलोम, कपालभाति सम्बन्धी पोस्टर र भिडियो प्रदर्शन गर्ने, र शिक्षक आफैँले गरेर देखाई विद्याथीहरूलाई सही ढंगले गर्न सिकाउने ।<br>-स्थानीय स्तरमा खेलको नियमबारे छलफल गरी स्थानीय खेलका नियम बताइदिने । | -योग व्यायामको अभ्यास गर्नुहोस् ।<br>-ओम उच्चारण, भस्त्रिका प्राणायाम र श्वसन अभ्यासमा मेरुदण्ड, गर्धनको स्थिति तथा श्वासको आरोह-अवरोह मिले नमिलेको अवलोकन गर्नुहोस् ।<br>-विद्यार्थीले स्थानीय खेलको अभ्यास गर्नुहोस् । | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६) आफ्नो वडामा पाइने खाद्यबाली तथा पौष्टिक आहार | खाद्यबाली तथा पौष्टिक आहार | - पत्रु खाना (जङ्कफुड) को परिचय र यसले मानव स्वास्थ्यमा पार्ने असरहरू बताउन ।<br>-दिवा खाजामा स्थानीय खाद्यबालीको प्रयोग गर्न । | - पत्रु खाना (जङ्कफुड)को परिचय<br>- पत्रु खाना (जङ्कफुड) को सेवनबाट मानव स्वास्थ्यमा पर्ने असर ।<br>-स्थानीय खाद्यबालीको दिवाखाजामा प्रयोग । | -विद्यालय वरपरका पसलमा पाइने पत्रु खाना (जङ्कफुड) को चित्र संकलन गरी समूहमा छलफल गराउने<br>- पत्रु खाना (जङ्कफुड) बाट मानव स्वास्थ्यमा पर्ने असरहरू लेखिएको चार्ट प्रदर्शन गरी समूहमा छलफल गराउने ।<br>-पत्रु खाना (जङ्कफुड) सेवनबाट बच्ने उपायहरूको बारेमा छलफल गर्ने (जस्तै : विद्यालयलाई जङ्कफुड निषेधित क्षेत्र घोषणा गर्ने) ।<br>-विद्यालयको दिवाखाजामा स्थानीय स्तरमा पाइने खाद्यबाली समावेश गर्ने तरिकाबारे छलफल गर्ने । | - पत्रु खाना (जङ्कफुड) सेवनबाट मानव स्वास्थ्यमा पर्ने असरहरू के-के हुन् ?<br>-विद्यालयलाई पत्रु खाना (जङ्कफुड) निषेधित क्षेत्र बनाउन के गर्नुपर्छ ?<br>-दिवाखाजामा स्थानीय खाद्यबाली/खाद्यपदार्थ समावेश गरी साप्ताहिक तालिका बनाउनुहोस् । | १० |
| ७) प्राकृतिक तथा मानवजन्य विपत्ति | प्राकृतिक तथा मानवजन्य विपत्ति | - विपद् व्यवस्थापनमा नगरको भूमिका,<br>-सडक सुरक्षा व्यवस्थाबारे बताउन | -विपद् व्यवस्थापनमा नगरको भूमिका, रोकथाम तथा क्षति न्यूनीकरण गर्ने उपायहरू<br>-ग्रामीण तथा सहरी सडक सुरक्षा व्यवस्थापन जस्तै : ट्राफिक नियमको पालना, बाटो र सडकको स्तरोन्नति, सडकहरूमा सङ्केत चिह्नहरू व्यवस्थापन | -प्रकृति प्रकोप तथा विपद व्यवथापन सम्बन्धी भिडियो तथा पोस्टरहरू प्रस्तुत गर्ने ।<br>-विपदको समयमा तत्काल उद्धारका सामग्री देखाएर विद्यार्थीलाई प्रयोग गर्न सिकाउने ।<br>- पहिले नै विपत्ति आएको ठाउँमा गएर अवलोकन गराउने, पीडितसँग विद्यार्थीको अन्तरक्रिया गराउने ।<br>-प्रकोप वा विपद व्यवस्थापन सम्बन्धी अन्तरक्रिया गरी त्यसका असर न्यूनीकरणका लागि विद्यार्थी-अभिभावक-स्थानीय सरोकारवालाको भूमिकाबारे छलफल गरी निष्कर्ष निकालेर प्रस्तुत गर्ने ।<br>-ग्रामीण तथा सहरी सडक सुरक्षा व्यवस्थापन सम्बन्धी विभिन्न सामग्रीहरू प्रस्तुत गने । जस्तै : ट्राफिक प्रहरीको सहयोगमा कक्षा सञ्चालन गर्ने । | - विपद् व्यवस्थापनका लागि गर्नुपर्ने कार्यहरूको सूची बनाई प्रस्तुत गर्नुहोस् ।<br>- विपद्बाट सुरक्षाका उपायबारे बुँदागत रूपमा प्रतुति दिन लगाउने<br>-सडक सुरक्षा भन्नाले के बुझिन्छ ?<br>-सडकमा राखिएका ट्राफिक सङ्केतहरूको तस्बिर बनाएर प्रस्तुत गर्नुहोस् । | १० |
| ८) सामाजिक मूल्य र मान्यता | सामाजिक मूल्य मान्यता | -शितगंगा नगरपालिकामा भएका धार्मिक, सांस्कृतिक मूल्य मान्यताको महत्त्व बताउन | -सांस्कृतिक मूल्य मान्यताको महत्त्व | -तीन/चार ओटा समूह निर्माण गरी समुदायका मूल्य मान्याताको विषयमा छलफल गराउने ।<br>-परम्परागत मूल्य मान्यता (जस्तै : जन्म, व्रतबन्ध, मृत्यु संस्कार आदि) विशेषताको बारेमा समुदायका अग्रजहरूसँग | -विभेद भनेको के हो ?<br>-आफ्नो समुदायमा मनाईने संस्कारमा गरिने क्रियकलापहरू उल्लेख गर्नुहोस् । | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सोधखोज गरी कक्षामा छलफल गराउने । | | |
| ९) शितगंगा नगरपालिकाका प्राकृतिक सम्पदा | जलसम्पदा | जलस्रोत एवं नदीजन्य सम्पदाको उपयोगिता र महत्त्व | -ताल, दह, पोखरी, खोला झरना, पँधेरो कुवा, नदी, जलाधार, जरुवा, सिमसारको परिचय, उपयोगिता र महत्त्व । | -ताल, दह, पोखरी, खोला झर्ना, पँधेरो, कुवा, नदी, जलाधारको जरुवा ,सिमसारका परिचय उपयोगिता र महत्त्व बताई यसको आवश्यकता माथि छलफल गर्ने । | -आफ्नो विद्यालय तथा घरमा आउने पानीको स्रोतको पहिचान गरी यसको उपयोगिता र महत्त्व लेख्नुहोस् । | ५ |
| | खनिज | -खनिज पदार्थको उपयोगिता र महत्त्व बताउन । | -खनिज पदार्थको उपयोगिता र महत्त्व<br>खनिज पदार्थको उपयोगबाट आर्थिक विकासमा पुऱ्याएको योगदान | -खनिज पदार्थ उपयोगिता र महत्त्व बारेमा छलफल गरी बुँदागत रूपमा टिपोट गरी चार्टपेपरमा उतार्ने र कक्षाकोठाको सूचना पाटीमा टाँस्ने । ( जस्तै : सुपादेउराली निपानेको चुनढुङ्गा, खानदुलाको तामाखानी, घोरबन्दाको सिसाखानी कुसुम खोलाको कोइलाखानी आफनो स्थानीय तहमा पाइने सेतोमाटो, रातोमाटो, कालोमाटो आदि)<br>-विद्यालय नजिकैको कुनै एक खनिज पदार्थ उत्खनन क्षेत्रको भ्रमण गराई त्यहाँ भएका समस्याहरू र संरक्षणका उपायहरूबारे जानकारी दिने । | -आफ्नो टोल छरछिमेकका अभिभावकसँग छलफल गरी खनिज पदार्थको महत्त्व एवम् उपयोगिता लेख्नुहोस् ।<br>-स्थानीय तहमा पाइने खनिज सम्पदाको संरक्षका उपाय बताउनुहोस् । | ५ |
| | वनसम्पदा तथा जडिबुटी | -शितगंगामा पाइने वनसम्पदाहरूको उपयोगिता र महत्त्व बताउन ।<br>-स्थानीय तहमा पाइने जडिबुटीको महत्त्व ।<br>-सामुदायिक वनको परिचय, फाइदा र स्थानीय क्षेत्रमा रहेका सामुदायिक वनका नाम र परिचय बताउन । | -शितगंगामा पाइने जडीबुटीहरू (जस्तै : पारिजात, आँक, गुर्जो, दुबो, तुलसी, सर्पगन्धा आदिको उपयोगिता एवं महत्त्व ।<br>-शितगंगा नगरपालिकाको वन क्षेत्रमा पाइने वनपैदावारहरू (जस्तै : साल, सिसौ, खयर आदिको माध्यमबाट नगरपालिकाले लिएको आर्थिक फाइदा ।<br>-सामुदायिक वनको नाम, परिचय र फाइदा | -शितगंगा नगरपालिकामा पाइने जडीबुटी (जस्तै : पारिजात, आँक, गुर्जो, दुबो, तुलसी, सर्पगन्धा आदिको उपयोगिता एवं महत्त्वको विषयमा आफूभन्दा जानकार समुदायका व्यक्तिहरू बिच छलफल गर्ने) ।<br>-शितगंगा नगरपालिकामा पाइने वनपैदावार ( जस्तै : साल, सिसौ, खयर, लीगुराँस आदिको दिगो उपयोग गर्न सके नगरपालिकाले यसबाट लिन सक्ने आर्थिक लाभ बारे छलफल गरी उपयुक्त सल्लाह एवं सुझव कक्षा कोठामा पेस गर्ने ।<br><br>-शितगंगा नगरपालिकाभित्रका सामुदायिक वनहरूको खोजी गरी सूची तयार पारेर प्रस्तुत गर्ने ।<br>-नजिकको सामुदायिक वनको अवलोकन भ्रमण गराई त्यसको व्यवस्थापनबारे छलफल | -शितगंगामा पाइने वनसम्पदाहरूको उपयोगिता र महत्त्व बताउनुहोस् ।<br>-स्थानीय स्तरमा पाइने जडिबुटीको उपयोगिता बताउनुहोस् ।<br>-स्थानीय पर्यावरण तथा इकोसिस्टम जोगाउन यहाँको फ्लोरा एन्ड फाउनाको महत्त्वबारे लेख्नुहोस् । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | गर्ने ।<br>-नजिकको वन क्षेत्रको अवलोकन भ्रमण गराई स्थानीय विज्ञ वा वनका पदाधिकारीहरूको सहयोगमा त्यहाँको वनको अवस्थाबारे बताइदिने (जस्तै : घट्दो अवस्थामा वा बढ्दो अवस्था) | | |
| १०) सामाजिक व्यक्तित्व एवं सङ्घ-संस्था | सामाजिक व्यक्तित्व एवं सङ्घ-संस्था सामाजिक व्यक्तित्वहरू | -शितगंगा नगरपालिकामा सञ्चालित सङ्घ/संस्थाले गर्ने काम बताउन ।<br>- यस शितगंगा नगरपालिका क्षेत्रबाट सङ्घ र प्रदेशमा प्रतिनिधित्व गरेका हालसम्मका मन्त्री तथा सांसदहरूको सामान्य परिचय बतााउन । | -शितगंगा नगरपालिकामा सञ्चालित सङ्घ/संस्था जस्तै : बैंक तथा वित्तीय संस्था क्लब आदिले गर्ने काम ।<br>-यस शितगंगा नगरपालिका क्षेत्रबाट सङ्घ र प्रदेशमा प्रतिनिधित्व गरेका हालसम्मका मन्त्री तथा सांसदहरू | -शितगंगा नगरपालिकामा सञ्चालित सङ्घ/संस्थाहरूबारे छलफल गराउने ।<br>-विद्यालय नजिकै सञ्चालित सङ्घसंस्थाको प्रत्यक्ष अवलोकन गराई त्यसले गर्ने कामबारे सस्थाकै मानिससँग अन्तरक्रिया गराउने ।<br>-संस्थाले आफ्नो घरपरिवारको दैनिक जीवनमा पुऱ्याएको योगदानबारे लेख्न सघाउने ।<br>-विद्यार्थी संलग्न रहेको बालक्लबका कार्यबारे छलफल गराउने ।<br>-स्थानीय सङ्घसंस्थाले यहाँका नागरिकको आर्थिक विकासमा गरेको योगदानबारे परियोजना कार्य गराउने ।<br>-समुदायमा सञ्चलित क्लबहरूले गर्ने कामबारे छलफल गर्ने ।<br>-यस शितगंगा नगरपालिका क्षेत्रबाट सङ्घ र प्रदेशमा प्रतिनिधित्व गरेका हालसम्मका मन्त्री तथा सांसदहरूको परिचय बताइदिने । | -आफ्नो पालिकामा सञ्चालित सङ्घसंस्थाले गर्ने कामहरूको सूची बनाउनुहोस् ।<br>-शितगंगा नगरपालिका क्षेत्रबाट सङ्घ र प्रदेशमा प्रतिनिधित्व गरेका हालसम्मका मन्त्री तथा सांसदहरूको परिचय दिनुहोस् । | १० |

**विषयवस्तुको विस्तृतीकरण कक्षा ८**

| क्षेत्र | वियषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| १) स्थानीय वातावरण र जैविक विविधता/म र मेरो स्थानीय तह | वातावरण | -शितगंगा नगरपालिकामा चुरे क्षेत्र विनाशका कारणहरू पहिचान गर्न ।<br>-शितगंगा नगरपालिका क्षेत्रमा चुरेको विनाश न्यूनीकरणका उपायहरू बताउन ।<br>-चुरे र महाभारत शृङ्खलाको विशेषता बताउन । | -चुरे क्षेत्र विनाशका कारणहरू ।<br>-चुरे विनाश न्यूनीकरणका उपायहरू ।<br>-चुरे क्षेत्र संरक्षणमा स्थानीय तहबाट भएका प्रयासहरू ।<br>-महाभारत पर्वत शृङ्खलाको महत्त्व र संरक्षणका उपाय ।<br>-चुरे र महाभारत बिचको अन्तरसम्बन्ध । | - चुरे क्षेत्र विनाशका कारणहरूबारे छलफल गरी टिपोट गर्ने र सूची तयार पारी प्रस्तुत गर्ने ।<br>-शितगंगा नगरपालिका भित्रको चुरे क्षेत्र विनाशका कारणहरू पत्ता लगाई कक्षाकोठामा छलफल गराउने ।<br>- चुरे क्षेत्र संरक्षणको आवश्यकता, महत्त्व र संरक्षणका उपायहरूको बारेमा स्थानीय बातावरण सम्बन्धी काम गर्ने संस्थाहरूको भ्रमण गराई जानकारी दिने ।<br>-विद्यार्थीहरूलाई नजिकको वडा वा नगरपलिकाको कार्यालयमा भ्रमण गराई चुरे क्षेत्र संरक्षणमा स्थानीय तहबाट भएका प्रयासहरूका बारेमा जानकारी लिई सानो प्रतिवेदन तयार पारी प्रस्तुत गर्न लगाउने ।<br>-महाभारत पर्वतका मुख्य विशेषताका बारेमा छलफल गराई बुँदागत टिपोट गर्ने । | विद्यालय र घर वरिपरि भएका चुरे र महाभारत क्षेत्र विनाशका कारणहरू पत्ता लगाई त्यसबाट हामीलाई पर्न जाने असरहरू न्यूनीकरणका उपायहरू खोजी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।<br>-आफू बसोबास गर्ने वडा वा नगरपालिकाका प्रतिनिधिहरूलाई भेटी उक्त स्थानमा चुरे क्षेत्र संरक्षणका लागि चालिएका कदमहरूको बारेमा जानकारी लिई प्रतिवेदन तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>-महाभारत पर्वतका मुख्य विशेषता बताउनुहोस् । | ५ |
| | भौगोलिक अवस्था | -शितगंगा नगरपालिकाको भौगोलिक अवस्थिति अक्षांश र देशान्तर (Longitude and latitude) बताउन ।<br>-सङ्केत सहितको नक्सा र ठाउँहरू छुट्याउन । | शितगंगा नगरपालिकाको भौगोलिक अवस्थिति अक्षांश र देशान्तर (Longitude and latitude) नक्सामा सङ्केत । | -अक्षांश र देशान्तर (Longitude and latitude) को बारेमा स्थानीय तहको नक्सा प्रर्दशन गरी छोटकरीमा जानकारी गराउने ।<br>-शितगंगा नगरपालिकाको भौगोलिक अवस्थिति नक्सामा देखाउन र अक्षांश र देशान्तर छुट्याउन सिकाउने ।<br>- शितगंगा नगरपालिकाको भौगोलिक अवस्थिति नक्सामा देखाइ सङ्केतहरू राख्न सिकाउने । | -शितगंगा नगरपालिकाको नक्सा बनाई अक्षांश र देशान्तर छुटयाउन लगाउने ।<br>-नक्सामा शितगंगा नगरपालिकाको नगरभित्रका मन्दिर, वन क्षेत्र, नदी, राजमार्ग,मार्ग चुरे,महाभारत पर्वत शृङ्खला देखाउनुहोस् ।<br>- नगरपालिकाका कार्यालय, स्कुल आदि ठाउँहरू देखाउन लगाउने | ५ |
| | जैविक विविधता | -चुरे, महाभारत पर्वत शृङ्खलाहरूमा पाइने वन्यजन्तु, वनस्पति, चराचुरुङ्गी आदिको जैविक | -चुरे, महाभारत पर्वत शृङ्खलाहरूको जैविक विविधता । | -विद्यार्थीहरूलाई चुरे,महाभारत पर्वत शृङ्खलाहरूको परिचय दिई चुरे, महाभारत पर्वत शृङ्खलाहरूको भ्रमण गराई तल दिएबमोजिमका जानकारी दिने | -चुरे, महाभारत पर्वत शृङ्खलाहरूमा पाइने जनावर तथा विरुवाहरूको नाम सङ्कलन गरी सूची तयार पार्नुहोस् । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | विविधता प्रस्तुत गर्न ।<br>-चुरे, महाभारत पर्वत शृङ्खलाहरूको जैविक विविधताको संरक्षणमा विद्यार्थी तथा स्थानीयको भूमिका बताउन । | -चुरे, महाभारत पर्वत शृङ्खलाहरूको संरक्षण । | क) चुरे, महाभारत पर्वत शृङ्खलाहरूको जैविक विवधिता जस्तैः वनस्पति ,चराचुङ्गी, वन्यजन्तु आदिको )बारेमा छलफल गराउने ।<br>ख) चुरे, महाभारत पर्वत शृङ्खलाहरूबाट भएका फाइदाहरू<br>-भ्रमणका क्रममा चुरे, महाभारत पर्वत शृङ्खलाहरूको वन कार्यालयमा सम्पर्क गरी कार्यालयले संरक्षणका लागि गरेका काम कारवाहीहरूको बारेमा जानकारी लिई विद्यार्थीहरूलाई टिपोट गर्न लगाउने ।<br>-चुरे, महाभारत पर्वत शृङ्खलाहरूको संरक्षणमा विद्यार्थी तथा स्थानीयको भूमिकाबारे बताउने र समूहगत छलफल गरी निष्कर्ष निकाल्ने । | -चुरे, महाभारत पर्वत शृङ्खलाहरूको फाइदाबारे उल्लेख गर्नुहोस् ।<br>-चुरे, महाभारत पर्वत शृङ्खलाहरूको संरक्षणमा विद्यार्थीहरूले गर्न सक्ने प्रयास तथा क्रियाकलापको सूची बनाई कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।<br>- चुरे, महाभारत पर्वत शृङ्खलाहरूमा पाइने वन्यजन्तु तथा वनस्पति (Flora and Fauna) को सूची तयार पार्नुहोस् । | |
| २.स्थानीय कला, भाषा, साहित्य र साङ्गीतिक सम्पदाहरू | कला, भाषा र साहित्य | स्थानीय कला, भाषा, संस्कृति तथा साहित्यिक सम्पदा एवं बाजाहरूको व्यवस्थापन संरक्षण र प्रवर्द्धन गर्न । | -स्थानीय भाषिक, साङ्गीतिक कलाको संरक्षण ( जस्तै : सोरठी नाच, मारुनी नाच लोक गीत, खाम मगर भाषा ) ।<br>-परम्परागत बाजाहरूको संरक्षण । | -स्थानीय बाजा गीत सङ्गीत साहित्य, भाषाहरू आदिको संरक्षण र प्रवर्द्धनका लागि गर्नुपर्ने कार्यहरूका बारेमा छलफल गरी बुँदागत रूपमा प्रस्तुत गर्ने ।<br>-शितगंगा नगरपालिका भित्र प्रचलित साङ्गीतिक कलाको संरक्षण (जस्तै : सोरोठि नाच, मारुनी नाच लोक गीत आदिको संरक्षणमा विद्यार्थी तथा स्थानीयबासीहरूको भूमिका बारे छलफल र अन्तरक्रिया गर्ने गराउने ।<br>-शितगंगा नगरपालिकाका लोपोन्मुख बाजाहरूको संरक्षण मर्मत सम्भार एवं प्रवर्द्धन गर्न संस्कृतिविदहरूको सहयोगमा योजना बनाई प्रस्तुत गर्ने ।<br>-विद्यालयमा हुने अतिरिक्त क्रियाकलाप, विभिन्न मेला, जात्रा, पर्वहरूमा परम्परागत बाजा बजाउन लगाउने । | -पाठमा उल्लिखित सम्पदाहरूको अध्ययन गरी सचित्र परियोजना तयार गरी प्रस्तुत गर्नुहोस् ।<br>-परम्परागत स्थानीय बाजाहरू संरक्षण गर्न भएका प्रयासहरू उल्लेख गर्नुहोस् ।<br>-सम्पदा संरक्षणसम्बन्धी विभिन्न प्रतियोगिताको आयोजना गरी भाग लिन लगाउनुहोस् । | १४ |
| ३) पेसा व्यवसाय, उद्यमशीलता र प्रविधि | पेसा, व्यवसाय उद्यमशीलता र प्रविधि | -कृषि तथा फलफूल व्यवसायको महत्व र आर्थिक योगदान वताउन ।<br>-स्थानीय व्यापार, उद्योग, | -स्थानीय तरकारी खेती, अन्न बाली, पशुपालन, पसलव्यवसाय, होटल व्यवसायको योगदान ।<br>-कपडा सिलाइ, बुनाइ, स्थानीय स्तरमा साना, मझौला र ठुला | -नजिकको कृषि फर्ममा अवलोकन भ्रमण गराई स्थानीय कृषि व्यवसायी, पुष्प व्यवसायी, फलफूल व्यवसायीसँग ती व्यवसायको महत्त्वबारे अन्तरक्रिया गराउने<br>-कृषि लगायत व्यवसायबाट स्थानीय तहलाई | -स्थानीय कृषि, पर्यटन, होटल एवं उद्योग व्यवसायको महत्त्व बताउनुहोस् ।<br>-तरकारी, फलफूल खेतीको महत्त्व र फाइदा लेख्नुहोस् । | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पर्यटनको महत्त्व बताउन ।<br>-स्थानीय प्रविधि संरक्षणका उपाय बताउन । | उद्योग तथा वित्तीय र सहकारी संस्थाको योगदान<br>-स्थानीय प्रविधि जस्तै : पानी घट्ट, कोल, ढिकी, जाँतो, काष्ठकला , माटाका भाडा ,बासको बुनाई (मुडा, मान्द्रा, डोको, डाला फुगा, सोली), आरन | पुगेको आर्थिक योगदानबारे छलफल गर्ने<br>-स्थानीय सहकारीको अवधारणा, आवश्यकता, महत्त्व र आर्थिक योगदानबारे छलफल गर्ने<br>--स्थानीय प्रविधि जस्तै : पानी घट्ट, कोल ढिकी, जाँतो, काष्ठकला, माटाका भाडा, बासको बुनाई (मुडा, मान्द्रा, डोको, डाला फुगा, सोली), आरन सिपको बारेमा स्थानीय स्रोत व्यक्तिको सहयोगमा शिक्षण गर्ने | -स्थानीय प्रविधिको सूची बनाई स्थानीय प्रविधिको संरक्षण र संवर्धनका उपायहरू उल्लेख गर्नुहोस् । | |
| ४) धार्मिक/ सांस्कृतिक र पर्यटकीय स्थल | सांस्कृतिक र पर्यटकीय स्थलको संरक्षण | -शितगंगा नगरपालिकामा अवस्थित धार्मिक सांस्कृतिक र पर्यटकीय स्थलको संरक्षणका उपायहरू ।<br>-नेपाल सरकार पर्यटन मन्त्रालय तथा पर्यटन बोर्डको सूचीमा परेका यहाँका पर्यटकीय स्थलहरूको पहिचान ।<br>-शितगंगा नगरपालिकाबाट नजिकमा रहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय धार्मिक तथा पर्यटकीय स्थलको पहिचान । | -स्थानीय स्तरका महत्त्वपूर्ण धार्मिक सांस्कृतिक र पर्यटकीय स्थलहरूको भ्रमण गराई त्यसको महत्त्व र ती स्थानको संरक्षणमा भएका प्रयासहरू (जस्तै : सुपादेउराली, डमरुदह, वराह ताल, झाँक्री झँक्रेनी शिला, कालिकादेवी, मालिका देवी, बग्रबाजेको थान आदिको संरक्षणमा भएका प्रयासहरू ।<br>-स्थानीय समुदायका विशिष्ट व्यक्तिसँग अन्तरक्रिया गरी ती स्थानको विकासमा नगरपालिकाले गर्नुपर्ने कामको सूची निर्माण ।<br>-शितगंगा नगरपालिकामा रहेका धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलको संरक्षणमा विद्यार्थीको भूमिका ।<br>- शितगंगा नगरपालिकाबाट नजिकमा रहेका राष्ट्रिय तथा अन्तराष्ट्रिय धार्मिक तथा पर्यटकीय स्थलहरू (जस्तै :लुम्बिनी , तिलौराकोट, स्वर्गद्धारी, कपिलधाम आदि )। | -स्थानीय स्तरका महत्त्वपूर्ण धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरूको भ्रमण गराई त्यसको महत्त्व र ती स्थानको संरक्षणमा भएका प्रयासहरूबारे छलफल गर्न लगाउने (जस्तै : सुपादेउराली मन्दिर, डमरुदह, वराह ताल, झाँक्रीझँक्रेनी शिला, कालिकादेवी, मालिकादेवी, बग्रबाजेको थान आदिको संरक्षणमा भएका प्रयासहरू ।<br>-स्थानीय समुदायका विशिष्ट व्यक्तिहरूसँग अन्तरक्रिया गरी ती स्थानको विकासमा नगरपालिकाले गर्नुपर्ने कामको सूची बनाउन लगाउने ।<br>-शितगंगा नगरपालिकामा रहेका धार्मिक सांस्कृतिक र पर्यटकीय स्थलको संरक्षणमा विद्यार्थीको भूमिकाबारे छलफल गर्ने ।<br>- शितगंगा नगरपालिकाबाट नजिकमा रहेका राष्ट्रिय तथा अन्तराष्ट्रिय धार्मिक तथा पर्यटकीय स्थलहरू (जस्तै : लुम्बिनी ,तिलौराकोट, स्वर्गद्धारी, कपिलधाम आदि) को बारेमा छलफल गराउने । | -शितगंगा नगरपालिकामा रहेका धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलको संरक्षणका उपायहरू बताउनुहोस् ।<br>-स्थानीय धार्मिक, ऐतिहासिक स्थलको संरक्षणमा पालिकाले गरेका महत्त्वपूर्ण कार्यको सूची बनाउनुहोस् ।<br>-सुपादेउराली मन्दिर, डमरुदह, वराह ताल, एसियाकै ठूलो वटवृक्ष, जयकोट दरबार, झाँक्रीझाँक्रेनी शिला, कालिकादेवी, मालिकादेवी, शिवालय, बग्रबाजेको थानको संरक्षणमा स्थानीय नागरिक तथा विद्यार्थीको भूमिका कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>- शितगंगा नगरपालिकाबाट नजिकमा रहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय धार्मिक तथा पर्यटकीय स्थलहरूको सूची निर्माण गर्नुहोस् । | १२ |
| **५.** योग-ध्यान, व्यायाम र स्थानीय खेल | योग र प्राकृतिक चिकित्सा | -योग व्यायाम मत्स्यासन, मण्डुकासन ।<br>- प्राकृतिक चिकित्सा । | -योग व्यायाम ।<br>-मत्स्यासन र मण्डुकासन ।<br>-प्राकृतिक चिकित्साका पद्धतिहरू । | -योग व्यायामसम्बन्धी भिडियो र पोस्टर देखाई निर्देशन अनुसार गर्न लगाउने ।<br>-तोकिएका आसन गर्न लगाउने । | -योग व्यायामो अभ्यास गर्नुहोस् ।<br>-प्राकृतिक चिकित्साका फाइदाहरू लेख्नुहोस् । | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | -प्राकृतिक चिकित्साका पद्धतिहरूको परिचयय गराउने । | | |
| ६) आफ्नो वडामा पाइने खाद्यबाली तथा पौष्टिक आहार | स्वस्थ्य खाना | -विद्यालयलाई पत्रु खाना ( जङ्कफुड) रहित बनाउने उपायहरू बताउन ।<br>-स्वस्थकर दिवाखाजा तयार गर्ने तरिका बताउन । | - पत्रु खाना (जङ्कफुड) बाट बच्ने उपायहरू ।<br>-विद्यालयलाई पत्रु खाना (जङ्कफुड) मुक्त बनाउन विद्यार्थीको भूमिका ।<br>- पत्रु खाना (जङ्कफुड) बाट विद्यालयलाई मुक्त बनाउन वडा कार्यालयको भूमिका ।<br>-विद्यालयलाई पत्रु खाना (जङ्कफुड) बाट मुक्त बनाउन स्थानीय पालिकाको भूमिका ।<br>-स्वस्थकर दिवाखाजा ।<br>- पत्रु खाना (जङ्कफुड) को हानी र घरमै बनेका स्वस्थ खानाबिच तुलना । | -समूह छलफल ।<br>-जङ्कफुडरहित विद्यालय बनाउँदा हुने फाइदाहरू लेखिएको चार्ट प्रस्तुत गरी छलफल गराउने ।<br>-स्थानीय खाद्य पदार्थका नमुना संकलन गरी स्वस्थकर दिवाखाजा तयार गर्न लगाउने । | -अवलोकन प्रश्नोत्तर, सानो परियोजना कार्य गर्न लगाउने<br>-जङ्कफुड रहित विद्यालय बनाउने उपायहरू बताउनुहोस् ।<br>-दिवाखाजामा स्थानीय खाद्यबाली/खाद्यपदार्थ समावेश गर्ने तरिका बताउनुहोस् । | १० |
| ७) प्राकृतिक तथा मानवजन्य विपत्ति | विपत्ति | -प्राकृतिक प्रकोप एवं मानवजन्य विपद् व्यवस्थापनबारे बताउन ।<br>-ग्रामीण एवं सहरी सडक सुरक्षाबारे बताउन । | -प्राकृतिक प्रकोप एवं मानवजन्य विपद् व्यवस्थापनमा नगरपालिकाको भूमिका र नीति ।<br>-ग्रामीण एवम् सहरी सडक सुरक्षा । | -विपद व्यवस्थापनका लागि अल्पकालीन र दीर्घकालीन योजना तयार पार्न लगाउने ।<br>-सामूहगत रूपमा विपद व्यवस्थापनमा उपयोगमा आउने सामग्री विद्यालयमै तयार गरी प्रदर्शन गर्न लगाउने ।<br>विपत्तिबाट सुरक्षित रहन अपनाउनुपर्ने उपायहरूबारे भिडियो पोस्टर प्रदर्शन गर्ने,<br>-भूकम्पको बेला सुरक्षित रहन अपनाइने उपायहरूको सूची बनाउन लगाउने ।<br>-स्थानीय सडक सुरक्षा सम्बन्धी योजना बनाई प्रस्तुत गर्न लगाउने ।<br>-समुदायमा सडक सुरक्षा बारे जनचेतनामूलक क्रियाकलापहरू सञ्चालन गर्न लगाउने ।<br>-भूक्षय रोक्ने उपायबारे छलफल गर्ने । | -प्राकृतिक प्रकोप एवं मानवजन्य विपद् व्यवस्थापनबारे बताउनुहोस् ।<br>-ग्रामीण एवं सहरी सडक सुरक्षा उपाय बताउनुहोस् । | १० |
| ८) सामाजिक मूल्य र मान्यता | सामाजिक कुरीति | -शितगंगा नगरपालिकाका सामाजिक विकृतिहरू पहिचान गरी न्यूनीकरणका उपायहरू बताउन ।<br>-सामाजिक कुरीतिविरुद्ध स्थानीय तहमा गर्न सकिने | -सामाजिक विकृतिहरू पहिचान र न्यूनीकरणका उपायहरू ।<br>-बालविवाह, बहुविवाह, आर्थिक विभेद, लैङ्गिक विभेद, जातीय विभेद न्यूनीकरणका लागि पालिकाभित्र गर्न सकिने | -सामाजिक विकृतिहरू पहिचान र न्यूनीकरणका उपायहरूका विषयमा (जस्तैः बालविवाह, बहुविवाह, आर्थिक विभेद, लैङ्गिक विभेद, जातीय विभेद सम्बन्धमा )छलफल गर्ने ।<br>-विभेद न्यूनीकरण सम्बन्धी भिडियो, पोस्टर देखाउने । | -विभिन्न विभेद तथा कानुनी प्रावधानबारे छलफल गरी टिपोट गर्नुहोस् ।<br>-सामाजिक कुरीतिको असर न्यूनीकरणबारे संवाद तयार गर्नुहोस् । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कार्यहरू बताउन (जस्तै : घरदैलो सचेतना, सडक नाटक आदि) । | कार्यक्रमहरू बनाउन सघाउने ।<br>-सामाजिक कुरीतिविरुद्ध स्थानीयको भुमिका (जस्तै : घरदैलो सचेतना, सडक नाटक आदि) । | -विषयगत विज्ञहरूसँग अन्तरक्रिया गराई बुँदा टिपोट गर्न लगाउने ।<br>-विज्ञको सहयोगमा विभेद सम्बन्धी कानुनमा भएका प्रावधान तथा बालअधिकार सम्बन्धी जानकारी दिने ।<br>-सामाजिक विभेद तथा कुरीति विरुद्ध गरिनुपर्ने कार्यहरूबारे छलफल गरी बुँदागत रूपमा टिपोट गराउने ।<br>-सामाजिक कुरीतिविरुद्ध स्थानीयको भुमिका ( जस्तै : घरदैलो सचेतना, सडक नाटक आदि) प्रर्दशन गर्न लगाउने । | -कुरीतिहरू विरुद्ध सचेतना हुने गरी विद्यार्थीहरूलाई नाटक मञ्चन गर्न लगाउने । | |
| ९) शितगंगा नगरपालिकाको प्राकृतिक सम्पदा | जलसम्पदा | -जलस्रोत र जलाधार संरक्षण तथा व्यवस्थापनका उपायहरू बताउन । | -ताल, दह, पोखरी, खोला झरना, पँधेरो, कुवा, नदी, जलाधारको परिचय र संरक्षण । | -ताल, दह, पोखरी, खोला झर्ना, पधँरा, कुवा, नदी, जलाधारको परिचय दिई यसको आवश्यकता माथि छलफल गरी संरक्षणका उपायहरू पत्ता लगाउने ।<br>-स्थानीय क्षेत्रमा भएका पानीका मुहानहरूको अवस्थाबारे वर्णन गरी संरक्षणका उपायहरू बताइदिने ।<br>-खानेपानी मुहान संरक्षणका लागि विभिन्न क्षेत्रबाट हुन सक्ने र भइरहेका प्रयासहरूबारे खोजी गरी विद्यार्थीहरूलाई बताइदिने ।<br>-स्थानीय स्तरमा रहेका खानेपानी सम्बन्धी कार्यालयहरूको भ्रमण गराई जलस्रोत संरक्षणका लागि गरिएका प्रयासहरूबारे छलफल गराउने । | -आफ्नो विद्यालय तथा घरमा आउने पानीको स्रोतको पहिचान गर्नुहोस् ।<br>-आफनो टोल छिमेकको पानीको व्यवस्थापनबारे स्थानीय जानकार व्यक्तिहरूसँग अन्तरक्रिया गरी प्रतिवेदन तयार पार्नुहोस् । | ६ |
| | खनिज | -खनिज पदार्थ ह्रास हुनुका कारण र संरक्षणका उपायहरू तथा संरक्षणमा स्थानीयको भूमिका बताउन | -खनिज पदार्थ ह्रास हुनका कारणहरू ।<br>-खनिज पदार्थको संरक्षण । | -खनिज पदार्थ ह्रास हुनका कारणहरूबारे छलफल गरी बुँदागत रूपमा टिपोट गरी चार्टपेपरमा उतार्ने र कक्षाकोठाको सूचना पाटीमा टाँस्ने (जस्तै : सुपादेउराली निपानेको चुनढुङ्गा, खानदुलाको तामाखानी, घोरबन्दाको सिसाखानी बुङ्चीखोलाको कोइला खानी,कुसुम खोलाको कोइलाखानी आदि) ।<br>-विद्यालय नजिकैको कुनै एक खनिज पदार्थ उत्खनन क्षेत्रको भ्रमण गराई त्यहाँ भएका समस्याहरू र संरक्षणका उपायहरूबारे जानकारी दिने । | -आफ्नो टोल छरछिमेकमा छलफल गरी खनिज संरक्षण गर्न स्थानीयले खेल्नुपर्ने भूमिकाबारे छोटो रिपोर्ट बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>-खनिज उत्खननका नाममा जथाभावी रूपमा प्रकृतिको दोहन गर्दा हुने जोखिमबारे लेख्नुहोस् । | ६ |
| | वनसम्पदा | -शितगंगा नगरपालिकामा | -शितगंगा नगरपालिकामा पाइने | -शितगंगा नगरपालिकामा पाइने वन पैदावारको | -शितगंगामा पाइने वन | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पाइने वन सम्पदाहरूको संरक्षण एवं संवर्द्धनका उपाय बताउन ।<br>-सामुदायिक वनले नगरको आर्थिक विकासमा पुऱ्याएको यागदानको बारेमा बताउन । | वन सम्पदाहरूको संरक्षणमा नगरको योजना र भूमिका ।<br>-सामुदायिक वनले नगरको आर्थिक विकासमा पुऱ्याएको यागदान । | संरक्षणमा नगरपालिकाले चालेका कदमहरू ( जस्तै : साल, सिसौ, खयर आदिबारे नजिकको वन कार्यलय, नगरपालिकाको कार्यालयले गरेका प्रयासहरूको खोजी गरी कक्षामा प्रतिवेदन तयार गर्न लगाउने ।<br>-नजिकको सामुदायिक वनको अवलोकन भ्रमण गराई स्थानीय विज्ञ वा वनका पदाधिकारीहरूको सहयोगमा त्यहाँको वनले आर्थिक विकासमा पुऱ्याएको योगदानका बारेमा छलफल गर्ने अवस्थाबारे बताइदिने । | सम्पदाहरूको संरक्षणका उपायहरू बताउनुहोस् ।<br>-वन सम्पदा संरक्षणमा विद्यार्थी, समुदाय, सरकारी निकाय, गैर सरकारी निकायहरूको भूमिका बताउनुहोस् ।<br>-सामुदायीक वनले नगरको आर्थिक विकासमा पुऱ्याएको योगदानको बारेमा बुँदागत रूपमा उल्लेख गर्नुहोस् । | |
| १०.सामाजिक व्यक्तित्व एवं सङ्घ-संस्था | सामाजिक एवम् शैक्षिक संस्था र व्याक्तित्वहरू | शितगंगा नगरपालिकामा सञ्चालित संस्थाहरूले नगरपालिकाको विकासमा पुऱ्याएको योगदानबारे बताउन ।<br>-शितगंगा नगरपालिकाको भाषा साहित्यका क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिहरूको परिचय । | शितगंगा नगरपालिकामा सञ्चालित बैंक, सहकारी संस्था, बाल क्लब युवा क्लब जस्ता संस्थाहरूले नगरको आर्थिक विकासमा पुऱ्याएको योगदान ।<br>-शितगंगा नगरपालिकाको भाषा साहित्यका क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिहरू | -शितगंगा नगरपालिकामा सञ्चालित संस्थाहरूले नगरपालिकाको आर्थिक विकासमा पुऱ्याएको योगदानबारे छलफल गरी प्रस्ट पारिदिने ।<br>-व्यक्ति तथा संस्थासँग छरिएको रहेको रकम सुरक्षा प्रदान गर्ने, रकम स्थानान्तरण, ऋृण प्रदान गर्ने, मूल्यवान् धातुको सुरक्षाका लागि लकर सुविधा दिने ।<br>-गरिबी, खाद्य असुरक्षा, बेरोजगारी, सुस्त आर्थिक प्रगति, सुस्त वातावरण संरक्षणमा कृषि सहकारीको योगदान रहेको छ ।<br>-क्लबले शितगंगा नगरपालिकाभित्र खेलकुद सञ्चालन, रक्तदान कार्यक्रम, वातावरण सरसफाइ, विपत्मा परेका व्यक्तिलाई सहयोग गर्ने सम्बन्धमा प्रस्ट पारिदिने ।<br>-विद्यार्थीलाई विद्यालयबाट बाल क्लबमा आबद्ध हुन प्रेरित गर्ने ।<br>- -शितगंगा नगरपालिकाको भाषा साहित्यको क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिहरूका बारेमा छलफल गरी उनीहरूले गरेका महत्त्वपूर्ण कामको चर्चा गर्ने । | शितगंगा नगरपालिकामा सञ्चालित कुनै दुई ओटा संस्थाहरूले नगरपालिकाको विकासमा पुऱ्याएको योगदानबारे लेख्नुहोस् ।<br>-नगरभित्र सञ्चालित र क्रियाशील विभिन्न सरकारी, गैरसरकारी एवं वित्तीय संस्थाहरूको सूची बनाई सबैका दुई/दुई ओटा काम उल्लेख गर्नुहोस् ।<br>- नगरपालिकाको भाष साहित्यका कुनै एक व्यक्तिको योगदान उल्लेख गर्नुहोस् । | १० |

***टिप्पणी : स्थानीय टोल, समुदाय र वडाभित्रका सांस्कृतिक, ऐतिहासिक सम्पदाहरूबारे कक्षा १-३ मा शिक्षकले नै सोधखोज गरी विद्यार्थीहरूलाई जानकारी दिनुपर्नेछ । जस्तै : स्मृति पार्क, स्मृति गेट, प्रवेशद्वार, सालिक आदि ।***

**२.३ शिक्षण सिकाइ सहजीकरण (विधि र प्रक्रिया)**

स्थानीय पाठ्यक्रम बनाउने क्रममा कुन उद्देश्य पुरा गर्नका लागि कस्ता शिक्षणविधि वा शिक्षणसिकाइ क्रियाकलाप अपनाउँदा उपयुक्त हुन्छ, त्यसका केही नमुना समेत समावेश गरिएको छ । कस्ता विधि अपनाउने भन्ने कुरा उद्देश्य, विषयवस्तुको प्रकृति, विद्यार्थी सङ्ख्या, कक्षाकोठाको वातावरण र व्यवस्थाका साथै शैक्षिक सामग्रीका उपलब्धता आदिमा निर्भर गर्दछ । विद्यार्थीले सिकेन भने एकतर्फी शिक्षणको मात्र कुनै औचित्य हुँदैन । शिक्षण सिकाई क्रियाकलापमा प्रयोग गर्नुपर्ने शिक्षण विधिमा व्याख्यान, प्रश्नोत्तर, छलफल, अवलोकन, अभिनय, प्रदर्शन, सोधखोज, परियोजना कार्य, क्षेत्र भ्रमण आदि उल्लेख गरिएको भए तापनि व्याख्यान विधि बढी प्रयागमा ल्याइने गरेका देखिन्छ । यो विधि सिकाइका लागि प्रभावकारी मानिन्न । यो विधि शिक्षककेन्द्रित विधि भएकाले यसलाई सकेसम्म प्रयोगमा कम गर्नुपर्ने र तल्ला कक्षामा त प्रयोग नै नगर्ने धारणा आधुनिक शिक्षाविद्को पाइन्छ । त्यसैले विद्यार्थी केन्द्रित शिक्षणविधिमा जोड दिनुपर्ने विचार उनीहरूको रहेको छ । प्रत्येक विद्यार्थीले सिक्न सक्ने गरी शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्नपर्दछ । प्रत्येक विद्यार्थीमा केही न केही प्रतिभा लुकेको हुन्छ । उक्त प्रतिभालाई बाहिर ल्याउने वातावरण तयार गरिदिनुपर्दछ । विद्यार्थीको दिमाग खाली वा शून्य हुन्छ, त्यसमा ज्ञान भरिदिनुपर्दछ भन्ने मान्यता (विचार)बाट जानु हुँदैन भन्ने मान्यताको विकास भएको पाइन्छ । त्यसैले विद्यार्थीलाई गरेर सिक (Learning by doing) भन्ने सिद्धान्तमा आधारित भएर सकेसम्म क्रियाकलापमा उनीहरूलाई नै संलग्न गराएर सिक्ने वातावरण बनाउने कार्य शिक्षकले गर्नुपर्छ किनकि सुनेको भन्दा देखेको कुरा लामो समय स्मरणमा रहन्छ, गरेको कुरा सिकिन्छ भन्ने भनाइ रहेको छ । कक्षाकोठामा शारीरिक तथा मानसिक रूपमा अपाङ्ग र विभिन्न भाषिक समुदाय, समाजमा पछाडि परेका दलित, जनजाति आदि समुदायबाट आएका विद्यार्थीलाई अनकूल हुने गरी समावेशी शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्न आवश्यक छ ।

स्थानीय विषयका शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा बढी मात्रामा प्रत्यक्ष रूपमा अवलोकन गराउने, काम गर्न लगाएर सिकाउने, विषयसँग सम्बन्धित स्थानीय व्यक्तिसँग भेट गराउने, उनीहरूको कार्यालयमा लगेर सँगै काम सिकाउने, विषयसँग सम्बन्धित व्यक्तिलाई विद्यालयमा स्रोत व्यक्तिका रूपमा बोलाएर सिकाउन लगाउने गर्ने सकियो भने शिक्षणसिकाइ क्रियाकलाप प्रभावकारी हुनेछ । विद्यालयमा लामो समय बिदा भएको अवस्थामा समेत समुदायमा गएर सिक्ने वातावरण बनाइदिनुपर्छ ।

स्थानीय पाठ्यकमका विषयवस्तुलाई एकआपसमा र अन्य विषयसँग अन्तरसम्बन्धित र एकीकृत हुने गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न सकेमा सिकाइ अर्थपूण, रुचिकर हुन सहयोग पुग्ने भएकाले शिक्षकले सिकाइ क्रियाकलाप छनोट गर्दा विभिन्न विषयवस्तु र विषय क्षेत्र बिचको अन्तरसम्बन्ध तथा एककीकरणलाई अधिकतम बनाउनु आवश्यक छ । विद्यार्थीका सिकाइस्तर र मानसिक तथा शारीरिक अवस्था विषयवस्तुको प्रकृति हेरी प्रयोगात्मक कार्य, सोधखोज, अध्ययन भ्रमण र प्रतिवदन प्रस्ततीकरण, भूमिका अभिनय, समूह छलफल आदि विद्यार्थीकन्द्रित शिक्षणसिकाइ क्रियाकलापमा प्राथमिकता दिनुपर्दछ । हिजोआज विद्यार्थी मूल्याङ्कनलाई पनि शिक्षण सिकाइ क्रियाकलापसँगै अभिन्न अङ्गको रूपमा लिने गरिएको छ । त्यसैले क्रियाकलापसँगै कुन विद्यार्थीले कसरी सिकिरहेको छ, सिक्यो वा सिकेन भन्ने कुराको पनि सँगै मूल्याङ्कन गर्दै जानु र नसिकेकालाई सुधारात्मक शिक्षण गर्दै जानुपर्दछ । स्थानीय पाठ्यक्रममा शिक्षण सिकाइ क्रियाकलापतर्फ कक्षाकोठामा मात्र सीमित गर्नुहुँदैन । प्रस्तुत पाठ्यक्रमलाई विद्यालयमा विद्यार्थीहरूबिच प्रभावकारी सहजीकरण गर्न देहायका विधिहरू सान्दर्भिक हुने छन् :

विद्यार्थीकेन्द्रित र क्रियाकलापमुखी सिकाइलाई सहयोग पुऱ्याउने सम्भाव्य केही शिक्षण सिकाइ विधिहरू क्रियाकलापमुखी सिकाइमा जोड दिई कक्षा १-८ मा सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालनका लागि प्रयोग गर्न सकिने केही विधि र प्रक्रिया उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । शिक्षकले यी र अन्य क्रियाकलापमुखी र विद्यार्थीकेन्द्रित सिकाइ विधि तथा प्रक्रिया छनोट गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

१) **कथाकथन एवं गीत :** यस विधिमा विषयवस्तुलाई कथाको रूपमा प्रस्तुति तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ ।

२) **आगमन विधि :** यसमा सूचनाहरूको सङ्कलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टि तथा निष्कर्षको प्रक्रिया प्रयोग गरिन्छ ।

३) **भूमिका निर्वाह/अभिनय :** यसमा सन्दर्भ र भूमिकाबारे छलफल तथा निर्धारण, भूमिका बहन, छलफल र निष्कर्ष निकाल्ने कार्य गरिन्छ ।

४) **निर्माणात्मक कक्षा :** यस विधिमा मस्तिष्क मन्थन, पाठसम्बन्धी पूर्वज्ञानको पहिचान, अन्तरक्रियात्मक कार्य (जस्तै : वैयक्तिक चिन्तन, समूह कार्य, परियोजना कार्य, प्रश्नोत्तर), आवश्यकताअनुसार टेवा प्रदान र विचार आदानप्रदान गरी निष्कर्ष निकालिन्छ ।

५) **सहयोगात्मक कक्षा :** यसमा सामान्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ ।

६) **परियोजना कार्य :** विद्यार्थीको उमेर र स्तरअनुसारका विभिन्न परियोजना कार्य दिई विद्यार्थीले आफैँ खोज्ने तथा गरेर सिक्ने अवस्था सिर्जना गर्न सकिन्छ ।

७) **छलफल र प्रश्नोत्तर** : यसमा शिक्षक विद्यार्थी, विद्यार्थी शिक्षक, विद्यार्थी विद्यार्थी बिचमा प्रश्न र उत्तर गर्न सकिन्छ । प्रश्नहरूले स्मरणको प्रत्याह्वान भन्दा पनि विद्यार्थीलाई सोच्न, कारण खोज्न, सिर्जनात्मक तथा रचनात्मक सोचाइलाई प्रोत्साहन गर्न सक्नुपर्छ । त्यसै गरी प्रश्नोत्तर र छलफलमा कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने कुनै पनि विद्यार्थीलाई तोकेर उत्तर दिन लगाउने, उत्तर राम्रोसँग सुन्ने र अन्तमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया प्रयोग गर्न सकिन्छ ।

८) **अन्वेषण, अनुसन्धान तथा खोज :** यसमा समस्या वा प्रश्नको प्रस्तुति, गर्नुपर्ने र खोज कार्य र तरिकाबारे छलफल गरी विद्यार्थीहरूद्वारा खोज गरी निष्कर्ष प्रस्तुति र पृष्ठपोषण दिइन्छ ।

९) **प्रविधियुक्त कक्षा :** मोबाइल, कम्प्युटर, प्रोजेक्टर आदिको उपयोग गरी धारणाहरूको दृश्याङ्कन गर्न सकिन्छ ।

१०) **सिर्जनात्मक कार्य :** यसमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने, सम्बन्ध स्थापना जस्ता कार्यहरूद्वारा सिकाइ गर्न सकिन्छ ।

११) **समस्या समाधान विधि** : यस विधिमा समस्यालाई बुझ्ने, योजना निर्माण, योजना कार्यान्वयन, पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्ने प्रक्रियाद्वारा समस्या समाधान गरिन्छ ।

१२) **खेल विधि** : यसमा विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास गराइन्छ ।

१३) **प्रयोगात्मक विधि** : यसमा कक्षाकोठा भित्र र बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट सिकाइ कार्य गराइन्छ ।

१४) **भ्रमण :** विभिन्न स्थानको भ्रमण गराई त्यहाँका अनुभव र सिकेको कुरा छलफल तथा प्रत्यावर्तन गराइन्छ ।

१५) **प्रदर्शन विधि :** विषयवस्तुसँग सम्बन्धित तस्बिर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गरिन्छ ।

१६) **स्वाध्ययन तथा छलफल :** विभिन्न किसिमका सामग्रीका अध्ययनको माध्यमबाट सिकाइ गर्दा सामग्री छनोट, अध्ययन र धारणा वा विचार निर्माण गरिन्छ र यसलाई आवश्यकतानुसार विद्यार्थीबिच छलफल गराउन सकिन्छ ।

१७) **अन्तरक्रिया :** यसमा छलफलको योजना र तयारी, बृहत् समूहमा छलफल सञ्चालन वा समूह विभाजन, कार्यसूची बाँडफाँड तथा कार्य सञ्चालन, प्रस्तुतीकरण, तुलना, विश्लेषण तथा मूल्याङ्कन र निष्कर्ष निकालिन्छ ।

१८) **उदाहरण र प्रयोग :** पाठका विषयवस्तुबाट उदाहरण, प्रयोग र अभ्यासमा जोड दिनुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ । भाषा सिकाइमा चित्र वा आकृति निर्माण, निर्देशित, व्यावहारिक लेखन वा स्वतन्त्र रचना, सस्वरवाचन तथा द्रुतपठन पनि यसअन्तर्गत उपयोग गर्न सकिन्छ ।

१९) **श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरण :** यसमा व्यक्ति, जोडी, सानो समूह र बृहत् समूहमा सुनाइ र छलफल, नमुना वाचन र अनुकरण, तुलना, विश्लेषण, मूल्याङ्कन र निष्कर्षको मौखिक प्रस्तुतीकरण क्रियाकलाप गर्नुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्न सकिन्छ ।

## स्थानीय पाठ्यक्रमका लागि प्रभावकारी विधिहरु

**१. क्षेत्र भ्रमण :** क्षेत्र भ्रमण (Field Trip) अन्तर्गत विद्यार्थीहरूले आफ्नो पाठ्यवस्तुसँग सम्बन्धित रहेर कुनै निश्चित क्षेत्रको भ्रमण गरी प्रत्यक्ष रूपमा विषयको अनुसन्धनात्मक अध्ययन गर्दछन् । क्षेत्र भ्रमणले शिक्षक तथा विद्यार्थी दुवैलाई नियमित रूपमा कक्षाकोठामा हुने पठनपाठनबाट बाहिर जाने मौका प्रदान गर्ने हुँदा छुट्टै अनुभव र आनन्द दिन्छ । यसका निम्नानुसारका तीन मुख्य चरणहरू हुन्छन्:

**पहिलो चरण :** यस चरणमा भ्रमणको तयारी हुन्छ, जसअन्तर्गत शिक्षकले विद्यार्थीहरूलाई विषयवस्तु तथा गन्तव्यको परिचय गराई आवश्यक तयारी गर्छन्/गर्न लगाउँछन् ।

**दोस्रो चरण :** यस चरणमा शिक्षकको नेतृत्वमा विद्यार्थीहरू निर्दिष्ट गन्तव्य (क्षेत्र) मा पुग्दछन् र अवलोकन तथा अन्तक्रिया गर्दछन् ।

**तेस्रो चरण :** भ्रमण सकिएपछि आउने यस चरणमा सहभागीले भ्रमणबाट प्राप्त तथ्य तथ्याङ्कका विषयमा छलफल गरी निश्कर्ष निकाल्छन् । यसका अतिरिक्त शिक्षकले विद्यार्थीहरूलाई विभिन्न प्रश्न सोधी उत्तर खोज्ने र छलफल गर्ने पनि गर्दछन् । अध्ययन विश्लेषणका क्रममा माथि उल्लेख गरिएका विधिहरूभन्दा बाहेक अन्य विधिहरूको पनि चर्चा गरिएको पाइन्छ । यस्ता विधिहरूले पनि सिकाइको गतिमा विस्तार र विकास गर्न योगदान गर्दछन् ।

**२. जिग्सअ (Jigsaw) :** जिग्स विधिलाई सहयोगात्मक विधि पनि भनिन्छ । एक आपसमा सहयोग गरेर सिकिने र सिक्न सकिने कुरालाई आधुनिक नवीन चिन्तनका रूपमा स्वीकार गरिएको छ । यसमा विज्ञ समूह र मातृसमूह रहन्छ । विज्ञ समूह, मातृ समूह र मातृ समूह, विज्ञ समूह भएर आफ्ना सिकाइ अनुभव आदानप्रदान गर्ने हुँदा यो विधि सिकाइका दृष्टिले उत्तम मानिन्छ । यस विधिका प्रक्रियागत चरण यसप्रकार छन् :

**पहिलो चरण :** विज्ञ समूहका लागि शिक्षकले प्रश्न निर्माण गरिन्छ । यो तयारी गर्दा हरेक समूहका लागि प्रश्न सेट तयार गरिन्छ र प्रश्न बनाउँदा तोकिएको पाठ्यांशबाट बनाइन्छ ।

**दोस्रो चरण :** शिक्षकले ४/५ जनाको समूह बनाई विद्यार्थीलाई मातृ समूहमा बस्न लगाउने । - एक आपसमा घुलमिल हुने र सौहार्द्रपूर्ण व्यवहार प्रदर्शन गर्ने परिवेश तयार गर्ने ।

**तेस्रो चरण :** शिक्षकले मातृ समूहका विद्यार्थीलाई विज्ञ समूहमा मिलेर काम गर्न लगाउने । मातृसमूहका कम्तीमा एक एक जनालाई विज्ञ समूहमा नेताको छनोट गर्ने ।

**चौथो चरण :** शिक्षकले प्रत्येक समूहलाई आफ्नो समूहमा परेको प्रश्नको उत्तर खोज्न लगाउने । विज्ञ समूहमा रहेर प्राप्त गरेको सूचना मातृ समूहमा गएर कसरी प्रस्तुत गर्ने भन्ने तयारी गर्ने । समस्या भए शिक्षकले सहयोग गर्ने ।

**पाँचौं चरण :** विज्ञ समूहमा रहेर आर्जन गरेको ज्ञान मातृ समूहमा फर्केर प्रयोग गर्ने । निश्चित समयभित्र छलफल गरी टुङ्गोमा पुग्ने र आफ्नो विज्ञता प्रस्तुत गर्ने मौका दिइने । यसमा छलफल र प्रश्नोत्तरले विशेष प्राथमिकता पाउने ।

**३. सोच जोडीमा छलफल आदानप्रदान (Think, Pair, Share)** : समान सोच भएका जोडीहरू बनाउन र तिनका माध्यमबाट सिकाइमा लगाव बढाइ पाठप्रति उत्सुकता जगाउन यो विधि उपयोगी मानिन्छ । सिर्जनशील छलफल गर्न र चिन्तन विकास गर्न यो विधि अवलम्बन गरिन्छ । यसका चरणहरू निम्नलिखित छन् :

**पहिलो चरण** : शिक्षकले दिएका प्रश्नका विषयमा तोकिएको समयभित्र सोच विचार गर्ने ।

**दोस्रो चरण** : आफ्नो जोडीसँग छलफल गरेर साझा विचार बनाउने ।

**तेस्रो चरण** : सबै जोडीले आफ्ना विचार सबैसँग प्रस्तुत गर्ने । प्रस्तुत भएका विचार टिपोट गर्ने ।

**४. मान्यता (Value line)** : मान्यतालाई सहयोगात्मक सिकाइ क्रियाकलापका रूपमा अर्थ्याइन्छ । अरुका फरक वा भिन्न विचार आउन सक्ने विषयमा विद्यार्थीलाई आफना विचार राख्न लगाउन उपयोग गरिन्छ । विचार वा भनाइमा हुने सहमति वा असहमतिका बिचको विभेद कारणसहित प्रस्तुत गर्नु वा अरुका तथ्यपरक विचारको सम्मान गर्नु यसको प्रमुख पक्ष हो । यस किसिमको रचनात्मक र सिर्जनात्मक गुण विद्यार्थीमा हुनुपर्दछ । यस प्रकारको  अभ्यासले कुनै विषयमा

ध्यान दिने, त्यसमा आफ्नो राय दिने, अरुका धारणा सुन्ने, तथ्य र तर्क दिने, कारणसहित स्वीकार वा अस्वीकार गर्ने जस्ता पक्ष यसमा रहन्छन् । यसका चरणहरू निम्नलिखित छन् :

**पहिलो चरण** : शिक्षकले कक्षालाई विपक्ष वा पक्षमा खडा हुने खालका प्रश्न सोध्ने । उत्तरका रूपमा प्राप्त तथ्य समर्थन वा विरोधका रूपमा प्रस्तुत हुने/हुनुपर्ने ।

**दोस्रो चरण** : हरेक विद्यार्थीले आफ्नो तथ्य र तर्क स्वतन्त्र भएर टिपोट गर्ने वा लेख्ने ।

**तेस्रो चरण** : शिक्षक र विद्यार्थी विपरीत दिशामा रहने र छलफल गर्न लागिएको विषय पनि बिल्कुल उल्टो धारणा आउने प्रकृतिको रहेको/रहने/हुनुपर्ने ।

**चौथो चरण** : विद्यार्थीलाई आफ्नो राय वा मत मिल्ने समूहतिर लाग्न निर्देश गर्ने । यसले स्पष्ट रूपमा समूह बनाउने ।

**पाँचौँ चरण** : आफ्नो समूहका विद्यार्थीलाई छलफल गर्न लगाई मत फरक भए अर्को समूहमा पठाउने गर्नुपर्छ ।

**छैटौँ चरण** : दुवै समूहका विद्यार्थीले तर्क र तथ्यका आधारमा छलफल जारी राख्ने ।

**सातौँ चरण** : प्रत्येक समूहका प्रतिनिधि एक/एक जनालाई आफ्ना विचार प्रस्तुत गर्न लगाउने । तथ्य र तर्कमा आधारित रहेर गरिएको विचारलाई मान्यता दिने ।

**५. अभिलेखीकरण तथा सिकाइ उपलब्धि/सक्षमता मापन** : विद्यार्थीहरूलाई आफूले सिकेका कुराहरूको अभिलेखीकरण गर्न लगाउनु पनि सहजीकरण प्रक्रियाको एक महत्त्वपूर्ण अङ्ग हो । यहाँ अभिलेखीकरण गर्नु भन्नुको अर्थ विद्यार्थीहरूले सिकेका कुराहरूलाई हुबहु कपीमा लेख्ने भन्न खोजिएको होइन । विद्यार्थीहरूले आफूले सिकेका कुराहरूको अभिलेखीकरण गर्ने क्रममा विषयवस्तुमा आधारित कथा, कविता, निबन्ध आदि लेख्ने, चित्र बनाउने, विभिन्न फोटोहरू टाँस्ने वा वास्तविक वस्तुहरू नै टाँस्ने, जस्तैः कुहिने र नकुहिने वस्तु छुट्याउने विषय छ भने कागजको टुक्रा र प्लास्टिक टाँस्ने, कुनै विरुवाको जीवनचक्र वा खेतीसम्बन्धी छ भने त्यसको बिउ, पातहरू टाँस्न सकिन्छ । कुनै विषय वस्तुमा क्षेत्र भ्रमण, अवलोकन आदि गराइएको छ भने त्यसको सामूहिक परियोजना कार्य गराई प्रस्तुत गर्न लगाउनुपर्छ । कुनै विषयवस्तुहरूमा विद्यार्थीहरूलाई सिपसँग सम्बन्धित सामग्रीहरू बनाउनलाई प्रस्तुत गर्न लगाउनुपर्छ । जस्तैः बाँसका सामग्री बनाउन लगाउने । विद्यार्थीहरूलाई विषयवस्तुको सहजीकरणका क्रममा यस्ता विभिन्न कार्यहरू गराउँदा उनीहरूसँग सिकेका कुराहरूको अभिलेख रहिरन्छ र भविष्यमा पूनरावलोकन गर्नसमेत सहज हुन्छ । यसरी विद्यार्थीहरूले गरेको अभिलेखको प्रस्तुति गर्न लगाई उनीहरूलाई सकरात्मक पृष्ठपोषण (Positive feedback) सहित हौसला प्रदान (Appreciation) गर्नुपर्दछ । विद्यार्थीहरूको अभिलेखीकरण, प्रस्तुति, अभिनय जस्ता कार्यहरूबाट सहजकर्ताले सहजीकरण गरेका विषयवस्तुहरूको सिकाइउपलब्धि, सक्षमता, सिप कति हाँसिल भयो भन्ने कुराको मापन समेत गर्न सक्छन् । सिकाइ सहजीकरणका क्रममा विद्यार्थीहरूको दैनिक कार्य, अनुभव, सिप तथा व्यवहारिक परिवर्तनको समेत अवलोकन गर्दै सहजकर्ताले समेत प्रत्येक विद्यार्थीहरूको दैनिक अभिलेख राख्ने कार्य सम्पन्न गरेपछि मात्र सहजीकरणको प्रक्रिया पूरा भएको मानिन्छ । विद्यार्थी तथा सहजकर्ता दुवैले राख्ने अभिलेखबाट विद्यार्थी मूल्याङ्कन प्रक्रिया सम्पन्न गर्न समेत सजिलो हुन्छ ।

उल्लिखित शिक्षण विधि प्रयोग गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा शिक्षकले निम्नानुसारका पक्षमा ध्यान दिनुपर्छ :

१. शिक्षकले वार्षिक शिक्षण योजना, एकाइ योजना र दैनिक पाठयोजना बनाएर शिक्षणका लागि तयार हुनुपर्छ ।

२. भोलिपल्ट पढाउने पाठ अघिल्लो दिन नै शिक्षकले शास्त्रीय तयार गर्नुपर्छ । यसका लागि आवश्यक पर्ने शैक्षिक तथा पाठ्यसामग्री सङ्कलन एवम् आवश्यकतानुसार स्थानीय स्रोतव्यक्ति वा विज्ञसँग समन्वय र विज्ञ परिचालन गर्नुपर्छ ।

३. विद्यार्थीको स्तर, उमेर, रुचि एवम् क्षमता बुझ्नु र तदनुरूप क्रियाकलाप गराउनुपर्छ ।

४. विषयवस्तुमा विद्यार्थीहरूलाई आकर्षण गर्न सरल र क्रमबद्ध तरिका अपनाउनुका साथै उत्प्रेरणा र कौतूहल पनि जगाउनुपर्छ ।

५. अध्यापनमा बढीभन्दा बढी विद्यार्थीलाई संलग्न गराई सिकाइ प्रक्रिया सञ्चालन गर्नुपर्छ ।

६. संस्कार र संस्कृतिसँग सम्बद्ध विषयवस्तुलाई प्रयोगात्मक सिकाइ गर्ने अवसर प्रदान गर्नुपर्छ ।

७. प्रसिद्ध चाडपर्व र संस्कारहरू सिकाउँदा विद्यार्थीहरूलाई सामूहिक अवलोकन भ्रमण एवम् प्रश्नोत्तरमा जोड दिनुपर्छ ।

८. विभिन्न वेवसाइटबाट सामग्री सङ्कलन गरी कक्षामा प्रस्तुत गर्न सकिन्छ । यसका लागि शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकारवालाहरूको सहयोग लिई वा दिई सिकाइ गर्ने अवसर प्रदान गर्नुपर्छ । अभिभावक तथा सरोकारवालालाई सूचना प्रविधि सम्बद्ध सामग्री सही उपयोगतर्फ आकर्षित तथा उत्प्रेरित गर्नुपर्छ ।

९. स्थानीय सम्पदाको फोटो र भिडियो खिचेर कक्षामा प्रदर्शन गर्न सकिन्छ । त्यसका आधारमा छलफल गराउन सकिन्छ । यसका लागि सूचना प्रकाशित वा प्रवाह गरी शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकारवालाहरूको सहयोग लिनुपर्छ । सङ्ग्रह गरिएका वा उपलब्ध भएका सामग्री पठनपाठनका लागि भनी मागी त्यसको सही सदुपयोग गर्नुपर्छ ।

१०. स्थानीय व्यवसायी, पूजारी, समाजसेवी, कृषकसँग गरेको कुराकानीको भिडियो वा अडियो तयार गरेर कक्षामा प्रस्तुत गर्न सकिन्छ । यसले गर्दा विद्यार्थीलाई परियोजना कार्य गर्न सहजता प्रदान गर्छ । यी कार्यमा संरग्न नभएका विद्यार्थीले पनि साथीको कार्यबाट सहजैसँग विषयवस्तुको बोध गर्न सक्छन् ।

११. स्थानीय साँस्कृतिक गतिविधिहरूको फोटो वा भिडियो खिचेर वा सङ्कलन गरेर कक्षामा प्रदर्शन तथा छलफल गर्न सकिन्छ । यसले गर्दा विद्यार्थीलाई आफ्नो संस्कृति, संस्कारप्रति जिज्ञासु तथा उत्तरदायी बनाउन मदत गर्छ ।

१२. शिक्षकले इन्टरनेटमार्फत सामाजिक सञ्जालहरूबाट सान्दर्भिक सामग्री सङ्कलन गरी प्रयोग गर्न सकिन्छ । यसका लागि शीतगंगा नगरपालिकाका स्थानीय विषय पढाउने शिक्षकको सञ्जाल बनाई अन्तरक्रिया, सहयोग आदानप्रदान र समरूपता तथा विविधता ल्याउन सहयोग पुग्छ ।

१३. स्थानीय पाठ्यक्रमका विषयवस्तुसँग सम्बन्धित बुँदाहरू, अडियो तथा भिडियो क्लिप्स, फोटो तथा चित्रहरू समावेश गरेर पावरप्वाइन्ट सामग्री तयार गरी कक्षामा प्रदर्शन, छलफल र अभ्यास गराउन सकिन्छ ।

१४. स्थानीय पाठ्यक्रमका विषयवस्तुसँग सम्बन्धित कतिपय सङ्कलित सामग्रीलाई प्रिन्ट गरेर वा फोटोकपी गरेर विद्यार्थीहरूलाई स्वाध्ययन, समूह छलफल र घटना अध्ययन गराउन सकिन्छ ।

१५. विद्यार्थीहरूलाई पनि परियोजना कार्य तथा क्षेत्र भ्रमणका क्रममा यस्ता सामग्रीको सहयोग लिएर जानकारी सङ्कलन गर्न र प्रस्तुतिका लागि स्लाइडहरू तयार पार्न लगाई प्रस्तुत गर्न लगाउन सकिन्छ । त्यसैगरी विद्यार्थीहरूले परियोजना कार्यका क्रममा सामाजिक सञ्जालहरू, इन्टरनेट तथा रेडियो टेलिभिजनका सामग्रीबाट तथ्य र तथ्याङ्कहरू सङ्कलन गरी प्रतिवेदन तयार पार्न लगाउन सकिन्छ ।

१६. रेडियो, टेलिभिजन तथा अनलाई मिडियामा प्रकाशित र प्रसारित स्थानीय पाठ्यक्रमका विषयवस्तुसँग सम्बन्धित सामग्रीलाई कपी गरेर वा टिपोट गरेर कक्षामा छलफल तथा प्रदर्शन गर्न सकिन्छ ।

१७. स्थानीय पाठ्यक्रमका विषयवस्तुसँग मिल्दो भिडियो क्लिप्स, डकुमेन्ट्रीहरू, चलचित्रहरूलाई पनि सिकाइ सहजीकरणका क्रममा प्रदर्शन गरेर छलफल गर्न सकिन्छ ।

१८. स्थानीय आवश्यकता र सिपका आधारमा सामग्री उत्पादन, स्थानीय बजार र सामग्रीको उपयोग गर्नुपर्छ ।

१९. स्थानीय तहमा उपलब्ध विज्ञ वा बाहृय क्षेत्रबाट आमन्त्रण गरिएको विज्ञ परिचालन गरी सिपगत शिक्षा लिने वा दिने गर्नुपर्छ । सबै एउटै शिक्षकले पढाउन खोज्नुहुँदैन । आफूभन्दा अरूको प्रभावकारी हुन्छ, त्यस्ता व्यक्ति भिकाउन सकिन्छ भने विज्ञबाट नै कक्षा सञ्चालन गर्नुपर्छ । विज्ञले लिएको कक्षाको श्रव्यदृश्य सामग्री निर्माण गरी सबै वितरण गरिदिनुपर्छ ।

२०. सिपगत शिक्षाका विविध कारणले गर्दा थप शैक्षिक प्रगति हुन नसक्ने विद्यार्थी वा दैनिक व्यवहारबाट टाढा रहेका विद्यार्थीले स्थानीय पाठ्यक्रमको कार्यान्वयनबाट प्राप्त आफ्नो सिपगत योग्यताका आधारमा घरायसी काममा सहयोग गर्ने तथा रोजगार वा स्वरोजगारतर्फ आकर्षित भई स्वावलम्बी नागरिक बन्नेतर्फ उत्साहित गरिदिनुपर्छ ।

सिकाइ सहजीकरणका क्रममा शिक्षकबाट विषयवस्तु प्रधान अन्तरक्रियात्मक प्रस्तुतिसहितको शिक्षण, सिकाइ सहजीकरणका विभिन्न रणनीतिहरू, समालोचनात्मक चिन्तन, एक पिरियडमा

सकिने र एक दिनमा पूरा गर्न सकिने स्थानीय लघु भ्रमण, परियोजना कार्य, लिखित कक्षाकार्य, गृहकार्य, समूह कार्य, मौखिक वर्णन, चित्रकला, गायन, अभिनय, विद्यार्थीबाट, सङ्कलन र प्रदर्शन, अनुभवी व्यक्ति, स्रोतव्यक्ति वा अतिथि शिक्षकबाट शिक्षण प्रशिक्षण, नाटकीकरण आदिको अवलम्बन गर्न सकिने छ ।

## २.४ विद्यार्थी मूल्याङ्कन

विद्यार्थीको सिकाइबारे लेखाजोखा गर्ने कार्य नै विद्याथी मूल्याङ्कन हो । मूल्याङ्कनले पाठ्यक्रमले तोकेअनुसार निर्धारण गरेको उद्देश्य पुरा भयो भएन भन्ने जानकारी प्रदान गर्छ । विद्यार्थीको मूल्याङ्कनबारे छोटो परिचय तल दिइएको छ :

### (क) निर्माणात्मक मूल्याङ्कन

शिक्षणसिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा लिइने विद्यार्थीको सिकाइको लेखाजाखा गरिने प्रक्रिया नै निर्माणात्मक मूल्याङ्कन भनिन्छ । यसलाई सुधारात्मक मूल्याङ्कन/निरन्तर मूल्याङ्कन आदि पनि भन्ने गरिन्छ । विद्यार्थीले के-कति सिकिसकेका छन्, अब के सिकाउने, सिकाउन चाहेको कुरा सिके कि सिकेनन्, नसिकेका भए अब कुन तरिकाले सिकाउने भन्नेबारेमा जानकारी लिइने निर्माणात्मक मूल्याङ्कन हो । यसका माध्यमबाट विद्यार्थीका कमजोरी पत्ता लगाई थप सुधारात्मक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । यस्तो मूल्याङ्कन प्रक्रियाको माध्यमबाट प्रत्येक विद्यार्थीको सिकाइस्तर तथा रुचि पत्ता लगाउन सजिलो हुने हुँदा सिकाइमा सुधार गर्न सहयोग पुग्छ । निर्माणात्मक मूल्याङ्कनमा पनि विभिन्न मूल्याङ्कनका साधन प्रयोग गर्न सकिने भए पनि अवलोकनलाई सबैभन्दा प्रभावकारी साधनका रूपमा लिने गरिन्छ । यस्तो मूल्याङ्कन प्रक्रिया सबै तह र कक्षाका विद्यार्थीका लागि उपयोगी हुने भए पनि प्रारम्भिक कक्षाका विद्यार्थीका लागि निर्माणात्मक मूल्याङ्कन अझ बढी प्रभावकारी हुन्छ । विशेष गरेर आधारभूत तहका विद्यार्थीको निरन्तर मूल्याङ्कन गरेर त्यसको अभिलेख समेत राखी त्यसकै आधारमा कक्षोन्नति गर्नु राम्रो मानिन्छ । यसबाट विद्यार्थीको सिकाइमा सुधार हुनुको साथै साना बालबालिकालाई औपचारिक परीक्षा र त्यसबाट हुने तनावबाट मुक्त गर्न सकिन्छ । त्यसलै कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, दैनिक व्यवहार अध्ययनलगायतका कार्यबाट निरन्तर रूपमा विद्यार्थी मूल्याङ्कन गर्नुपर्छ ।

### (ख) निर्णयात्मक मूल्याङ्कन

आवधिक रूपमा लिखित तथा मौखिक परीक्षा लिएर त्यसका आधारमा कक्षा चढाउने वा नचढाउने र विद्यार्थीका स्थान निर्धारण गर्ने उद्देश्यले गरिने मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ । यस्तो मूल्याङ्कन प्रक्रियाबाट विद्यार्थीको सिकाइमा सुधार गर्ने अवसर कम हुन्छ । हाम्रा देशमा सबैभन्दा बढी निर्णयात्मक मूल्याङ्कन प्रक्रिया अपनाउने प्रचलन रहेको छ । यस्ता मूल्याङ्कन माथिल्लो तह र कक्षालाई उपयुक्त मानिए पनि साना उमेर र तल्ला तह तथा कक्षाका विद्यार्थीका लागि यस्तो मूल्याङ्कन प्रत्युत्पादक हुन सक्छ । यस्तो मूल्याङ्कन प्रक्रियामा प्रायजसो परीक्षालाई मुख्य आधार बनाएर निर्णय लिइने हुँदा उपयुक्त प्रश्न बनाउन नसकेको अवस्थामा, परीक्षा सञ्चालनको वातावरण उपयुक्त नभएमा, परीक्षाका समयमा विद्यार्थीको शारीरिक तथा मानसिक अवस्था ठिक नभएमा त्यसबाट सही नतिजा ननिस्कन सक्छ । सही नतिजा आएन भने विद्यार्थीको मनोविज्ञानमा नकारात्मक असर पर्न सक्छ । त्यसबाट विद्यार्थीले पढाइमा ध्यान नदिने, विद्यालय नै छाड्ने, कुलतमा लाग्ने जस्ता अप्रिय घटना पनि घट्न सक्ने सम्भावना रहन्छ ।

त्यसैले विशेष गरेर साना कक्षामा यस्तो मूल्याङ्कन प्रक्रिया अपनाउनुहुँदैन भन्ने धारणाको विकास भएको पाइन्छ । नेपालमा पनि विगत केही समय अघिदेखि आधारभूत तहका तल्ला कक्षामा निर्णयात्मक मूल्याङ्कन प्रणाली हटाई निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने र त्यसैका आधारमा कक्षोन्नति गर्ने प्रचलन सुरु भएको छ ।

स्थानीय पाठ्यक्रममा पनि पाठ्यक्रम बनाउने समयमा नै कस्तो प्रकारको मूल्याङ्कन प्रक्रिया अवलम्बन गर्ने हो, त्यसको खाका पाठ्यक्रममा नै उल्लेख गरिदिनुपर्छ । निर्माणात्मक मूल्याङ्कन प्रणाली मात्र अवलम्बन गर्ने हो कि निर्माणात्मक र निर्णयात्मक दुवै मूल्याङ्कन प्रणालीलाई मिश्रित रूपमा

अवलम्बन गर्न हो, त्यसै सम्बन्धमा पाठ्यक्रमले निर्दिष्ट गर्नुपर्दछ । कस्तो मूल्याङ्कन प्रक्रिया अपनाउने भन्ने कुरा विद्यार्थीको उमेर र विषयवस्तुको प्रकृतिमा निर्भर गदर्छ । जुनसुकै प्रकारको मूल्याङ्कन प्रक्रिया अपनाए पनि मूल्याङ्कनका साधन विकास गर्ने क्रममा उद्देश्यलाई ध्यान दिनुपर्दछ । उद्दृश्यले निर्धारण गरेअनुसारको मापन हुने गरी मूल्याङ्कनको साधन प्रयोग गर्नुपर्दछ । जस्तै : उद्देश्य प्रयोग तहको तर मूल्याङ्कन साधन भने ज्ञान तहको मात्र बनाइयो भने सही रूपमा लेखाजाखा गर्न सकिँदैन ।

स्थानीय पाठ्यक्रममा विषयवस्तु प्रायः गरेर स्थानीय स्तरकै हुने हुँदा सैद्धान्तिकभन्दा पनि प्रयोगात्मक पक्षलाई बढी जोड दिनुपर्दछ । तल्ला कक्षामा निर्माणात्मक मूल्याङ्कन प्रणाली र माथिल्ला कक्षालाई मिश्रित प्रणाली उपयुक्त हुन सक्छ । यसलाई आधार मानी  देहायअनुसारको मूल्याङ्कन प्रक्रिया अवलम्बन गरिने छ ।

१. प्राथमिक तहमा निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गरिने भएकाले यस पाठ्यक्रमको कार्यान्वयन र विद्यार्थी मूल्याङ्कनमा पनि यसलाई अनुसरण गरिने छ ।
२. स्थानीय विषयको पठनपाठनद्वारा विद्यार्थीहरूले गरेर, अवलोकन गरेर सिक्ने भएकाले नियमित सहभागिता, हौसला प्रदान गर्ने र प्राप्त प्रतिवेदनको आधारमा मूल्याङ्कन गरिने छ ।
३. प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (Portfolio) फाइल रहनेछ र त्यसभित्र विद्यार्थीको  कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, व्यावहारिक परिवर्तन, अवलोकन, हाजिरी, सामूहिक कार्यमा सक्रियताको अभिलेख रहनेछ र त्यस आधारमा मूल्याङ्कन गरिने छ ।
४. कक्षा १-३ मा निरन्तर मूल्याङ्कन पद्धतिका आधारमा कक्षोन्नति गरिनेछ । यसका लागि निरन्तर मूल्याङ्कन पद्धतिको अनुसूची १ र २ फारम प्रयोगमा ल्याउनुपर्नेछ । 'क' देखि 'ग' श्रेणीलाई आधार लिइने छ ।
५. कक्षा ४-८ मा ५०% निर्णयात्मक (वार्षिक परीक्षा) र ५०% निर्माणात्मक पद्धतिबाट विद्यार्थीको लेखाजोखा गरिनेछ । निर्माणात्मक र निर्णयात्मक दुवै पद्धतिका आधारमा विद्यार्थीलाई कक्षोन्नति गरिनेछ । लिखित मूल्याङ्कनको उत्तीर्णाङ्क ३५ % हुने छ ।
६. निर्माणात्मक मूल्याङ्कनमा औसत उपलब्धि हासिल गरेका तर निर्णयात्मक मूल्याङ्कनमा अनुत्तीर्ण भएका विद्यार्थीहरूका हकमा सम्बन्धित अभिभावक, कक्षा वा विषय शिक्षक र प्रधानाध्यापकको निर्णयबाट कक्षोन्नति गरिने छ ।

## विद्यार्थी मूल्याङ्कन/आवधिक परीक्षा योजना र ढाँचा

**(क) निर्माणात्मक/प्रयोगात्मक परीक्षा (कक्षा १ देखि ३)**

औसत अङ्क विशिष्टीकरण तालिका अनुसूची १ (क) अनुसार गरिने छ ।

**(ख) औसत अङ्क विशिष्टीकरण तालिका (निर्माणात्मक मूल्याङ्कन) कक्षा : ४-८**

औसत अङ्क विशिष्टीकरण तालिका अनुसूची १ (ख) अनुसार गरिने छ ।

(ग) **निर्णयात्मक (आवधिक) परीक्षा**

कक्षा ४-८ को अक्षराङ्कमा मूल्याङ्कन अनुसूची १ (ग) अनुसार गरिने छ ।

**(घ) विशिष्टीकरण तालिका**

अनुसूची १ (घ) मा रहेको विशिष्टीकरण तालिकाअनुसार प्रश्न निर्माण गरी मूल्याङ्कन गरिने छ ।

**(ङ) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया**

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियामा विद्यार्थी मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू,  विद्यार्थी उपलब्धि स्तरको व्याख्या र निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख र स्तर निर्धारणका लागि अनुसूची २ को ढाँचा प्रयोग गरिने छ ।

**(च) विद्यार्थी मूल्याङ्कन अभिलेख फारम नमुना र निरन्तर विद्यार्थी मूल्याङ्कन विवरण नमुना** अनुसूची ३ मा रहेको छ ।

## तेस्रो खण्ड
## कार्यान्वयन

### ३.१ समय निर्धारण (पाठ्यभार)

औपचारिक शिक्षाका पाठ्यक्रम तयार गर्दा समयको पनि ख्याल गरिनुपर्दछ । स्थानीय विषयलाई छुट्याइएको समय अवधिभित्र रहेर विषयवस्तको चयन गर्नुपर्दछ । उक्त विषयलाई साप्ताहिक रूपमा कति समय छुट्याइएको छ, सो को आधारमा एक शैक्षिक सत्रलाई कति घन्टा हुन्छ र सो समयावधिभित्र कति विषयवस्तु पठनपाठन गर्न सकिन्छ, त्यति नै विषयवस्तु छनोट गर्नुपर्दछ । समग्रमा विषयवस्तु र समयको तालमेल मिलाइसकेपछि त्यसभित्र पनि कुनै एकाइ वा पाठलाई अनुमानित कति समय चाहिन्छ, छुट्याउनु राम्रो हुन्छ । वर्षभरिमा विद्यालय खुल्ने दिन कति हो, खुलेका दिनमध्ये कति दिन पठनपाठन गर्ने, परीक्षा सञ्चालनका लागि कति समय आवश्यक पर्छ, यी सबै कुरालाई विचार पुऱ्याएर पाठ्यक्रम निर्माणकै कममा शिक्षण सिकाइ, क्रियाकलाप र मूल्याङ्कनका लागि अनुमानित समय (पाठ्यभार) विभाजन गर्न जरुरी हुन्छ । यसरी पाठ्यक्रम तयारीकै क्रममा समय विभाजन गर्न सकियो भने शिक्षकले वार्षिक, मासिक योजना बनाउन र विषयवस्तुको आधारमा एकाइ तथा पाठयोजना बनाउन सजिलो हुन्छ ।

वि.सं. २०८० देखि कक्षा १-८ का सबै कक्षामा कार्यान्वयन हुने आधारभूत तहको पाठ्यक्रम अन्तर्गत कक्षा १-३ मा स्थानीय पाठ्यक्रमका लागि साप्ताहिक पाँच पाठ्यघन्टा अर्थात् वार्षिक १६० घन्टा छुट्याइएका छ भने ४-८ कक्षामा स्थानीय पाठ्यक्रमका लागि साप्ताहिक ४, पाठ्यघन्टा अर्थात् वार्षिक १२८ घन्टा छुट्याइएको छ । कक्षा १-८ यो समय अवधिमध्ये स्थानीय तहको समन्वयमा विद्यालयले पूरै समय स्थानीय विषयलाई वा केही अन्य एउटै स्थानीय विषयलाई पनि दिन सक्नेछन् ।

### ३.२. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

प्रस्तुत पाठ्यक्रमको कार्यान्वयन गर्न प्रधानाध्यापक तथा शिक्षकको भूमिका महत्त्वपूर्ण हुने छ । विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइने छ । परियोजना कार्य र प्रतिवेदनको माध्यम अवलम्बन गरिने छ । स्थानीय समुदायका विज्ञ, बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय तथा क्षेत्रमा जानकार व्यक्तिहरू स्रोतव्यक्तिका रूपमा रहने छन् । विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्यअनुसार स्थानीय भाषा, नेपाली भाषा वा अङ्ग्रेजी माध्यम समेत अवलम्बन गर्न सक्ने छन् । विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमण गराइने छ । विद्यार्थीहरूको समूहकार्य र अन्तरक्रियालाई जोड दिइने छ । पाठ्यक्रममा आधारित भई पाठ्यसामग्रीको बिकास गर्नुका साथै शिक्षकहरूलाई विषयवस्तु तथा सहजीकरण प्रक्रियासम्बन्धी अभिमुखीकरण तालिमको व्यवस्था गरिने छ ।

प्रस्तुत पाठ्यक्रमको कार्यान्वयनका लागि पाठ्यसामग्री लेखन कार्य गरिने छ । यो पाठ्यक्रमअनुसार शैक्षिक सत्र २०८० बाट पठनपाठन हुने छ । पाठ्यक्रमअनुरूपको पाठ्यपुस्तकको निर्माण उच्च तहका पाठ्यपुस्तक, राष्ट्रिय पाठ्यक्रमअनुरूपका विद्यालय तहका पाठ्यपुस्तक र स्थानीय पाठ्यक्रमअनुसार पाठ्यपुस्तक लेखन कार्य गरेका अनुभवी विशेषज्ञलाई जिम्मा दिई यसै शैक्षिक सत्रभित्र पूरा गरिने छ । पाठ्यक्रममा कार्यान्वयनमा स्थानीय पाठ्यसामग्रीहरूको आवश्यक पर्ने भएकाले शिक्षक, अभिभावक र विद्यार्थीहरू मार्फत स्थानीय शैक्षिक सामग्रीको सङ्कलन र प्रयोग गर्न सकिन्छ ।

### ३.३ पाठ्यक्रम परिमार्जन

समय परिर्वतनशील हुने भएकाले सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तनसँगै व्यक्ति तथा समुदायको पनि इच्छा, आकाङ्क्षा र आवश्यकताहरू पनि परिवर्तन हुन्छन् । उक्त चाहना तथा आवश्यकताहरू पाठ्यांशमा समावेश हुनुपर्दछ, जसले विद्यार्थीहरूको ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सकोस् । यसै अनुरूप यो पाठ्यक्रम पनि सामाजिक आवश्यकतालाई सम्बोधन गर्न आवश्यकताअनुसार परिमार्जन हुने छ । यस क्षेत्रका प्राकृतिक, सामाजिक, सांस्कृतिक, भाषिक र वातावरणीय पक्षहरूको खोज, अनुसन्धान र अध्ययन गरी प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लगिने छ ।

## ३.४ अनुसूची

**अनुसूची १**

**विद्यार्थी मूल्याङ्कन/आवधिक परीक्षा योजना र ढाँचा**

**(क) निर्माणात्मक/प्रयोगात्मक परीक्षा**

कक्षा : १-३

औसत अङ्क विशिष्टीकरण तालिका

| क्र.स. | कार्य विवरण | अङ्कभार |
|---|---|---|
| १ | कक्षामा उपस्थिति तथा व्यवहार परिवर्तन | १० |
| २ | समूह निर्माण, समूह कार्यमा सहभागिता र प्रस्तुति | १० |
| ३ | कक्षाकार्य/गृहकार्य | १० |
| ४ | स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन | ३० |
| ५ | प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर | ३० |
| ६ | रचनात्मक कार्य/अभिनय/नक्सा तथा चित्र लेखन | १० |
| **जम्मा** | | **१००** |

**(ख) निर्माणात्मक/प्रयोगात्मक परीक्षा**

**कक्षा : ४-८**

औसत अङ्क विशिष्टीकरण तालिका (निर्माणात्मक मूल्याङ्कन)/ आन्तरिक मूल्याङ्कन

| | | |
|---|---|---|
| सहभागिता | उपस्थिति | २ |
| | समूहकार्य | १ |
| | कक्षाकार्य ,गृहकार्य | १ |
| परियोजना कार्य | अध्ययन प्रतिवेदन लेखन | १६ |
| | रचनात्मक कार्य | १० |
| | नक्साकार्य,चित्रलेखन | १० |
| त्रैमासिक परीक्षा | प्रथम त्रैमासिक परीक्षा | ५ |
| | दोस्रो त्रैमासिक परीक्षा | ५ |
| जम्मा | | ५० |

उल्लिखित कार्य विवरणलाई अनिवार्य विषयमा जस्तै चारओटा आधारमा मूल्याङ्कन गरी अभिलेखीकरण गर्नुपर्ने छ ।

**(ग) निर्णयात्मक (आवधिक) परीक्षा**

कक्षा : ४-८ पूर्णाङ्क : ५० उत्तीर्णाङ्क : अक्षराङ्कमा मूल्याङ्कन गरिने समय : १ घण्टा ३० मिनेट

औसत प्रश्न तालिका (तहगत रूपमा)

| ज्ञान तह (Knowledge Level) | बोध तह (Understanding Level) | उच्च तह (Higher Abilities) |
|---|---|---|
| ४० % | ४० % | २० % |

### (घ) कक्षा ४-८ को प्रश्नपत्र निर्माण योजना (Specification Grid)

| प्रश्न / क्षेत्र | सङ्क्षिप्त उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | जम्मा प्रश्न सङ्ख्या | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | | |
| म र मेरो स्थानीय तह | २ | १ | २ | | | | १ | ५ | ५ | ३ | ७ |
| स्थानीय परम्परा, संस्कृति, कला र वेशभूषा | १ | १ | १ | १ | ३ | ३ | | | | २ | ४ |
| स्थानीय परम्परागत पेसा, व्यवसाय, उद्यमशीलता र प्रविधि | १ | १ | १ | १ | ३ | ३ | | | | २ | ४ |
| धर्म/ संस्कृति र पर्यटन | १ | १ | १ | | | | १ | ५ | ५ | २ | ६ |
| योग-ध्यान, व्यायाम र स्थानीय खेल | १ | १ | १ | १ | ३ | ३ | | | | २ | ४ |
| स्थानीय खाद्यबाली तथा पौष्टिक आहार | १ | १ | १ | १ | ३ | ३ | | | | २ | ४ |
| प्रकृति तथा मानवजन्य विपत्ति | १ | १ | १ | १ | ३ | ३ | | | | २ | ४ |
| सामाजिक परम्परा, मूल्य मान्यता, कला र संस्कृति | १ | १ | १ | १ | ३ | ३ | | | | २ | ४ |
| शितगंगा नगरपालिकाका प्राकृतिक सम्पदा | १ | १ | १ | १ | ३ | ३ | १ | ५ | ५ | ३ | **९** |
| सामाजिक व्यक्तित्व एवं सङ्घ-संस्था | १ | १ | १ | १ | ३ | ३ | | | | २ | **४** |
| जम्मा | ११ | | ११ | ८ | | २४ | | | | २२ | **५०** |

**नोट**

१. प्रश्न निर्माण गर्दा ज्ञान, बोध र उच्च तह (प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कन) का प्रश्नहरू निर्माण गर्नुपर्दछ ।

२. ज्ञान तहका प्रश्नका लागि अति छोटा प्रश्न, बहुवैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्नहरू राख्नुपर्ने छ ।

## अनुसूची २
## निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया

**विद्यार्थी मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू**

| क.स. | मूल्याङ्कन आधार/सूचक | मूल्याङ्कनका सम्भावित साधन |
|---|---|---|
| १. | कक्षामा उपस्थिति तथा व्यवहारिक परिवर्तन | अवलोकन, दैनिक क्रियाकलाप, अभिभावक प्रतिक्रया, रुजु सूची, हाजिरी फारम, रुब्रिक्स |
| २. | समूह निर्माण तथा समूहमा सहभागिता | अवलोकन, रुजु सूची, फारम, दैनिक क्रियाकलाप, रुब्रिक्स |
| ३. | क्रियाकलापको योजना निर्माण | अवलोकन फारम, रुजु सूची, रुब्रिक्स, लेखन तरिका |
| ४. | क्रियाकलापको नमूना निर्माण/क्रियाकलाप सम्पन्न | प्रस्तुति अवलोकन फारम, रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, श्रव्य तथा दृष्य सामग्री, |
| ५. | शब्द निर्माण/उत्तर लेखन/प्रतिवेदन तयारी/नमुनाको चित्र | प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृश्य सामग्री, प्रस्तुति अवलोकन फारम, लेखन शैली |
| ६. | रचनात्मक कार्य/प्रस्तुति/अभिनय/प्रश्नको मौखिक उत्तर | प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृष्य सामग्री, मौखिक प्रश्न, प्रस्तुति अवलोकन फारम आदि । |

**विद्यार्थी उपलब्धि स्तरको व्याख्या**

| उपलब्धि स्तर | स्तर मापन | उपलब्धि स्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below Basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको |
| उच्च (Advanced) | ४ | माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

**निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख र स्तर निर्धारण**

| क.स. | मूल्याङ्कन आधार/सूचक | उच्च | राम्रो | सामान्य | कमजोर |
|---|---|---|---|---|---|
| १. | कक्षामा उपस्थिति तथा व्यावहारिक परिवर्तन | ४ | ३ | २ | १ |
| २. | समूह निर्माण तथा समूहमा सहभागिता | ४ | ३ | २ | १ |
| ३. | क्रियाकलापको योजना निर्माण | ४ | ३ | २ | १ |
| ४. | क्रियाकलापको नमूना निर्माण/क्रियाकलाप सम्पन्न | ४ | ३ | २ | १ |
| ५. | शब्द निर्माण/उत्तर लेखन/प्रतिवेदन तयारी/नमुनाको चित्र | ४ | ३ | २ | १ |
| ६. | रचनात्मक कार्य/प्रस्तुति/अभिनय/प्रश्नको मौखिक उत्तर | ४ | ३ | २ | १ |
| | **जम्मा** | **२४** | **१८** | **१२** | **६** |

**नोट :** स्तर निर्धारण गर्नका लागि पाठको निर्धारित सिकाइ उपलब्धिमा आधारित भई विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरेको नगरेको मूल्याङ्कन गर्न माथिका सूचकहरूको प्रयोग गर्नुपर्दछ ।

**उपलब्धि स्तर प्रतिशत निकाल्ने तरिकाः**

$$\text{उपलब्धि प्रतिशत सूत्र} = \frac{\text{विद्यार्थीले पाएको जम्मा स्तर सङ्ख्या} \times १००}{\text{जम्मा पढाइ भएको पाठ सङ्ख्या} \times \text{जम्मा उच्च स्तर (२४)}}$$

उदाहरणको लागि, कक्षामा पहिलो त्रैमासिक सम्ममा पढाइ भएको पाठ सङ्ख्या = ४

कुनै विद्यार्थीले उक्त विषयमा सबै पाठमा गरी प्राप्त गरेको जम्मा स्तर मापन सङ्ख्या = ९०

$$\text{सूत्रअनुसार, उपलब्धि स्तर प्रतिशत} = \frac{९० \times १००}{४ \times २४}$$

= ९३.७५ प्रतिशत (लेटर ग्रेड $A^+$)

## अनुसूची ३

## विद्यार्थी मूल्याङ्कन अभिलेख फारम नमुना

**विद्यार्थीको वैयक्तिक तथा पारिवारिक विवरण**

विद्यालयको नाम : ..................................................................

ठेगाना :............................................ विद्यार्थीको नाम :..........................................

जन्म मिति : .........................................................कक्षा/रोल न.. :.....................

विद्यार्थीको घरको ठेगाना : ...............................................................................

पारिवारिक विवरण : आमाको नाम : ........................................पेसा : .......................... सम्पर्क नं. : .......................... बाबुको नाम : ............................................................... पेसा : .......................... सम्पर्क नं. : ..........................

बाबुआमाबाहेक अरु कसैले अभिभावकत्व लिएको भएमा स्थानीय अभिभावकको नाम : ................................................पेसा : .......................... सम्पर्क नं. : ..........................

विद्यार्थीसँगको नाता : .......................... विद्यालय भर्ना मिति : ............................

**स्वास्थ्य सम्बन्धी विवरण**

**मितिः**............................ **तौल (के.जी.मा)** :......................... **उचाइ (से.मि.मा)** :............. कुनै विशेष रोग वा शारीरिक अपाङ्गता भएमा भएमा सो बारे टिपोटः ...........................................................

शिक्षकको नाम र सही : .................................... मिति : ....................

# निरन्तर विद्यार्थी मूल्याङ्कन विवरण नमुना

कक्षा :........... विषय :......................... विद्यार्थीको नाम :..........................................रोल नं. :.........

| विषय क्षेत्र/पाठ | अपेक्षित सिकाइ उपलब्धि/सक्षमता | मूल्याङ्कन आधार/सिकाइ उपलब्धि सूचक | नियमित पढाइ पछिको मूल्याङ्कन | मिति | थप सहायता पछिको मूल्याङ्कन | मिति | समग्र सिकाइ उपलब्धि स्तर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | सिकाइ उपलब्धि स्तर | | सिकाइ उपलब्धि स्तर | | | |
| | | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**सन्दर्भसामग्री**


- *नेपालको संविधान,* २०७२, काठमाडौं : नेपाल सरकार कानुन किताब समिति ।
- *स्थानीय सरकार सञ्चालन ऐन, २०७४,* काठमाडौं : नेपाल सरकार कानुन किताब समिति ।
- *राष्ट्रिय पाठ्यक्रम प्रारूप,* २०७६, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।
- *स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वियन मार्गदर्शन (मातृभाषा सहित),* २०७६, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।